# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

सुदूर पश्चिमाञ्चल गजल मञ्चको स्थापना वि.सं. २०५९ पौष २३ गते भएको हो । यस मञ्चको विधिवत् उद्घाटन भने वि.सं. २०६० भाद्र १० गते १३८ औं मोती जयन्तीको अवसरमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्रज्ञा परिषद्का सदस्य देवी प्रसाद ओझाबाट भएको हो । यो मञ्च ८ वर्ष लामो यात्रा पार गरिसकेको एउटा साहित्यिक संस्था हो । यस संस्थाले स्थापना कालदेखि अहिलेसम्म सुदूर पश्चिमका विभिन्न जिल्लाहरू अछाम, बाजुरा, बझाङ्ग, कैलाली, डोटी, दार्चुला, डडेलधुरा, बैतडी, कञ्चनपुर लगायत अन्य क्षेत्रका गजलकारहरूलाई पनि समेट्दै आएको छ । यस मञ्चले गजल विधामा निरन्तर लागि पर्ने गजलकार र उनीहरूको कृतिको मूल्याङ्कनका आधारमा गजलकारहरूलाई हालसम्म पनि सम्मानित गर्दै आइरहेको छ । यसले सु.प.का विभिन्न जिल्लाहरूमा साहित्यिक क्रियाकलापहरू लगायत विभिन्न रचनात्मक कार्यहरू समेत गरी नव सिकारु गजलकारहरूका लागि हौसला प्रदान गर्ने कार्य समेत गरको छ ।

## १.२ समस्या कथन

सु.प.ग.म.ले गजल सम्बन्धी जस्तो सुकै कार्य गरे पनि यस संस्थाको सामान्य परिचय बाहेक समग्रमा यसको मूल्याङ्कन यस अघि भएको पाइँदैन । तसर्थ यस संस्थाको विषयमा अनुसन्धान गर्न आवश्यक भएको हो ।

क) सु.प.ग.म को स्थापना पृष्ठभूमि के हो ?

ख) सु.प.ग.म. द्वारा प्रकाशित गजल अङ्क र गजल सङ्ग्रहहरू के कति छन् ?

ग) सु.प. मा गजलको विकास प्रक्रियामा यस मञ्चले के कस्ता कार्यहरू गर्दै आएको छ ?

घ) सु.प.ग.म.ले के कस्ता साहित्यिक क्रियाकलाप र योगदानहरू गरेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

सु.प.ग.म. को बारेमा शोध खोज गरी माथिका समस्या कथनमा राखिएका बुँदाहरू माथि प्रकाश पार्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यमा प्रस्तुत उद्देश्यहरूलाई निम्न अनुसार बुँदागत रूपमा उल्लेख गरिएको छ :-

क) सु.प.ग.म.को स्थापना पृष्ठभूमिबारे, उल्लेख गर्नु ।

ख) सु.प.ग.म. द्वारा प्रकाशित गजल अङ्क र गजल सङ्ग्रहहरूको नामाङ्कन गरी जानकारी प्रस्तुत गर्नु ।

ग) सु.प.मा गजलको विकास प्रक्रियामाथि प्रकाश पार्ने ।

घ) सु.प.ग.म ले गरेको साहित्यिक क्रियाकलाप र योगदानको विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहासमा सु.प.मा साहित्यसँग सम्बन्धित विभिन्न विधाहरूका साहित्यकारहरूको खोज अनुसन्धान र मूल्याङ्कन छिटफूट रूपमा गरिए पनि साहित्यसँग सम्बन्धित सङ्घसंस्थाहरूको अध्ययन गर्ने परम्परा निकै कम भएको पाइन्छ । अध्ययनको अभावका कारण सु.प.मा रहेको सु.प.ग.म.को भने ८ वर्षको लामो गजल यात्रा पार गरी सकेको अवस्थामा पनि केही साहित्यकारहरूले विभिन्न साहित्यिक गोष्ठीहरूमा सामान्य टीका टिप्पणी गर्नु बाहेक विस्तृत चर्चा भएको पाइँदैन । यसको स्थापना हुनुभन्दा अगाडि पनि यस सम्बन्धी खासै कार्य हुन सकेको देखिदैन । यस मञ्चको स्थापना हुनु अघि छिटफुट कार्य र पछि पनि सामान्य चर्चा परिचर्चा मात्र भएको पाइन्छ । यहाँ सु.प.ग.म. का बारेमा भएका फुटकर अध्ययनहरूलाई पूर्वकार्यका रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) घनश्याम न्यौपाने 'परिश्रमी' २०६१ 'गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको संक्षिप्त अभिरेखाङ्कन' **गजल प्रवाह,** वर्ष १, अङ्क १ मा सु.प.ग.म. लगायतका संस्थाहरूको स्थापनाले यस विधाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा अभिव्यक्त गरेका छन्[१] तर यस संस्थाले अन्य क्रियाकलापका बारेमा भने खासै चर्चा गरेको पाइदैन ।

(ख) वियोगी बुढाथोकी (२०६१) 'हिजो र आजका गजलहरू' **गजल प्रवाह,** वर्ष १, अङ्क २ मा सु.प.ग.म.लगायत अन्य संस्थाहरूको स्थापनाले नेपाली गजलको भविष्य उज्ज्वल भएको विचार व्यक्त गरेका छन्[२] तर के कस्ता कार्यहरूले उज्ज्वल रहेको छ भन्ने कुरा उल्लेख गरिएको पाइदैन ।

(ग) टोपेन्द्र शाह 'रसिक' (२०६२) 'गजल विधाको प्रवेश लेखन तथा विकासक्रमः सु.प.को सन्दर्भमा' **गजल प्रवाह,** वर्ष २ अङ्क ३ मा श्रेष्ठ प्रिया 'पत्थर'को सक्रियतामा सु.प.ग.म.को स्थापना भएको प्रसङ्ग अघि सारेका छन् ।[३] तर स्थापना पछिका कार्यहरूको कतै चर्चा गरिएको भने छैन ।

---

[१] घनश्याम न्यौपाने 'परिश्रमी', "गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन", **गजल प्रवाह** (वर्ष १, अङ्क १, २०६१ वेशाख-असोज), पृ. ११ ।

[२] वियोगी बुढाथोकी, "हिजो र आजका गजलहरू", **गजल प्रवाह** (वर्ष १, अङ्क २, २०६१, कार्तिक-चैत्र), पृ.१० ।

[३] टोपेन्द्र शाह 'रसिक', "गजल विधाको प्रवेश लेखन तथा विकासक्रमः सु.प.को सन्दर्भमा", **गजल प्रवाह** ( वर्ष २ अङ्क ३, २०६२), पृ. ६ ।

(घ) पुष्कर राज भट्ट (२०६४) ले 'नेपाली गजल र यसको विकास क्रम' **गजल प्रवाह,** वर्ष ४, अङ्क ४ मा नेपाली गजलको क्षेत्रमा क्रियाशील संस्थाहरूमा सु.प.ग.म. पनि विशुद्ध रूपले गजलको विकासको निमित्त गठन भएको उल्लेख गरेका[४] भएपनि गजलको सम्बन्धमा कुनै साहित्यिक क्रियाकलापको चर्चा गरिएको पाइदैन ।

(ङ) लेखराज ओझाको (२०६५) 'नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान' शीर्षकको अप्रकाशित शोधपत्रमा कैलाली जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको चर्चा गर्ने क्रममा सु.प.ग.म. लाई यस क्षेत्रको गजल विधाको उत्थान गर्ने संस्थाको रूपमा चर्चा गरिएको छ ।[५]

च) चित्रा जोशीको (२०६६) 'नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान' नामक शीर्षकको अप्रकाशित शोधपत्रमा श्रेष्ठ प्रिया 'पत्थर'को **पत्थरका प्रलाभहरू** नामक गजल सङ्ग्रहको व्याख्या गर्ने क्रममा सु.प.ग.म. मा आबद्ध रहेको कुरा चर्चा गरिएको छ ।[६] तर यस संस्थामा आबद्ध रहेका अन्य गजलकारहरूको भने चर्चा गरिएको पाइदैन ।

## १.५ शोधकार्यको औचित्य

सुदूर पश्चिमाञ्चलका सबै जिल्लाहरूमा गजल विधामा योगदान पुऱ्याउने गजलकारहरूलाई अभिनन्दन, गजल रत्न उपाधि, गजल साधना, गजल विधामा भाषागत योगदान सम्मान पुरस्कार जस्ता विभिन्न साहित्यिक कार्यक्रम गर्दै ८ वर्षको आफ्नो साहित्यिक यात्रा पार गरिसकेको छ । यस क्रममा फाटफुट टीका टिप्पणी बाहेक सुव्यवस्थित रूपमा अध्ययन अनुसान्धान तथा खोजमूलक कार्य भएको देखिदैन । यस मञ्चको सुक्ष्म तथा विस्तृत रूपमा अध्ययन गर्नुका साथै मञ्चको जानकारी चाहनेका लागि यो शोधपत्र उपयोगी रहेको छ । यसरी सूक्ष्म तथा स्थूल रूपमा अध्ययन गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा नेपाली गजलको विकासमा सु.प.ग.म.को योगदानका सम्बन्धमा अध्ययन गरिएको छ । यस मञ्चद्वारा प्रकाशित गजल अङ्क र गजल सङ्ग्रहहरूको नामाङ्कन, सामान्य परिचय, सु.प. मा गजलको विकास प्रक्रिया र साहित्यिक क्रियाकलापको अध्ययन विश्लेषण गर्ने रहेको छ । यस मञ्चद्वारा प्रदान गरिने अभिनन्दन, गजल रत्न र गजल साधना सम्मान जस्तो पुरस्कारहरूभित्र रहेर विश्लेषण गर्ने गर्दछ । साथै मञ्चको स्थापना कालदेखि हालसम्म मञ्चबाट प्रकाशित पत्र पत्रिका पुस्तक एवम्

---

[४] पुष्कर राज भट्ट, "नेपाली गजल र यसको विकास क्रम", **गजल प्रवाह** (वर्ष ४, अङ्क ४, २०६४), पृ. ५ ।

[५] लेखराज ओझा, ''नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान'' (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०६५), पृ. ४१ ।

[६] चित्रा जोशी, '' नेपाली साहित्यमा सुदूर पश्चिमाञ्चल साहित्य समाजको योगदान'' (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०६६) पृ. ३७ ।

गजल गतिविधिहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु नै शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङकलन विधि

प्रस्तुत शोत्रपत्रको शीर्षक नै नेपाली गजलको विकासमा सुदूर पश्चिमाञ्चल गजल मञ्चको योगदान भएको कारणले पनि यसका लागि आवश्यक पर्ने सामग्री सङ्कलन गर्न क्षेत्रीय अध्ययन पद्धति प्रयोग गरिएको छ । सामग्री सङ्कलनका निम्ति यो पद्धति मात्र नभएर पुस्तकालय अध्ययन पद्धति समेत प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा नै गएर सामग्री सङ्कलन गर्ने वा सामग्री सङ्कलनका क्रममा द्वितीय स्रोतको सामग्री भन्दा प्राथमिक स्रोतको सामग्रीहरूलाई बढी महत्त्व दिइएको छ । यसका साथै यस मञ्चसँग सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ताबाट समेत शोधपत्रका लागि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यका निम्ति गजलको सैद्धान्तिक आधार अवलम्बन गरिएको छ । यसै सैद्धान्तिक आधारमा रहेर नै गजलहरूको विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको शीर्षक नेपाली गजलको विकासमा सुदूर पश्चिमाञ्चल गजल मञ्चको योगदान पाँच अध्यायमा विभाजन गरेर शोधपत्र तयार पारिएको छ :-

क) पहिलो परिच्छेद : शोध परिचय

ख) दोस्रो परिच्छेद : गजलको सिद्धान्त

ग) तेस्रो परिच्छेद : सुदूर पश्चिमाञ्चल गजल मञ्चको स्थापना, परिचय र विकास प्रक्रिया

घ) चौथो परिच्छेद : सुदूर पश्चिमाञ्चल गजल मञ्चका क्रियाकलाप र प्रकाशित कृतिहरूको विवेचना

ङ) पाँचौ परिच्छेद : निष्कर्ष

यी प्रत्येक परिच्छेद वा खण्डभित्र आवश्यकता अनुसार शीर्षक उपशीर्षकहरू समावेश गरी शोधपत्रको रूपरेखा तयार पारिएको छ ।

# दोस्रो परिच्छेद
## गजलको सिद्धान्त

### २.१ गजलको सैद्धान्तिक परिचय

गजल अरबी भाषाबाट जन्मिए पनि फारसी उर्दू हुँदै नेपाली साहित्यको माध्यमिक कालमा विकसित भएको पाइन्छ । गजलको आफ्नो सैद्धान्तिक आधार रहेको हुँदा यसको सैद्धान्तिक परिचय दिनु आवश्यक भएकाले गजलको संरचना र यसका तत्त्वहरूका बारेमा चर्चा गरिएको छ ।

### २.१.१ गजलको व्युत्पत्ति र अर्थ

गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[७] गजल अरबी भाषाबाट जन्मिएर फारसी र उर्दू साहित्यिक धरातलमा मौलाएको अति चर्चित र लोकप्रिय काव्य विधा हो । अरबीमा यसको अर्थ प्रेमिकासँगको संवाद वा भलाकुसारी हो । गजलको व्युत्पत्तिबारे सबै विद्वान्हरूको एक मत भने देखिदैन । मनु ब्राजाकीले गजल शब्द 'ग' 'ज' र 'अल' मिलेर बनेको र यी तिन शब्दको अर्थ क्रमशः वाणी, स्त्री र साथ हुने कुरा उल्लेख गरेका छन् ।[८] यी तिन शब्दहरू मिलेर स्त्रीका साथ प्रयुक्त हुने 'वाणी' भन्ने अर्थ दिन्छन् । रेखा सूर्यले के भनेका छन् भने घाइते हरिणका चीत्कार वा विलाप अर्थ दिने गजाल शब्दबाट यो शब्द बनेको हो । यसको अथै प्रेमिकासँग वार्तालाप हुने गर्दछ ।

जोन रिचहोल्डले यस शब्दको उच्चारणका आधारमा अर्थ फरक हुने बताउँदै 'गजेल' उच्चारण गर्दा थोरै रूख भएको घाँसे चौरमा उफ्री हिँड्ने जनावरको मनोहारिताको स्मरण हुने र 'घुजल' उच्चारण गर्दा मदिरा पानको पुण्योत्सव सम्भिmने कुरा बताएका छन् ।[९] अन्य कतिपय विद्वान्हरूले पनि 'गजाल' वा 'गजाला' शब्दबाट गजल शब्द बनेको हो भनेका छन् । यस कुरालाई असहमती प्रकट गर्दै रोहिताश्व अस्थानाले अरबीमा गजलको अर्थ 'मृग' अनि गजलाको अर्थ मृगको बच्चा हुने र मृगको जस्तै आँखा हुने सुन्दरीको सम्बन्धमा लेखिने भएकाले यसलाई गजल भनिएको हो भन्नेबारे उनको दृष्टिकोण छ ।

उल्लिखित अभिव्यक्तिहरूलाई मनन गर्दा गजलको अर्थ स्त्रीकोवाणी, प्रेमिकाको विषयमा कुराकानी प्रणयवार्ता, प्रेयसीसँगको क्रीडा मात्र नभई मानवीय जीवनमा आई पर्ने पीडा, छटपटी, सुख, दुःख, हर्ष विस्मात, समाजिक बेमेल, बेथिति एवम् देश, काल र परिस्थितिको यथार्थ चित्रण गर्ने तथा जीवनका आरोह अवरोहरूलाई साम्य पार्न बिसाउने शीतल छहारीका रूपमा गजललाई स्वीकार्न सकिन्छ ।

---

[७] देबी नेपाल र अन्य, **गजल कसरी लेख्ने**? दो.स. (काठमाडौं: ऐरावती प्रकाशन, २०६६), पृ. ३ ।

[८] कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा** (ललितपुरः साझा प्रकाशन, २०६४), पृ. ६ ।

[९] कृष्णहरि बराल, पूर्ववत् पृ.७ ।

### २.१.२ गजलको परिभाषा

गजलको व्युत्पत्ति र अर्थमा विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट आफ्नो धारणा प्रस्तुत गरे जस्तै यसको परिभाषा गर्ने क्रममा पनि विभिन्न विद्वान्हरूबिच एक मत रहेको पाइँदैन । गजलको परिभाषा गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नो दृष्टिकोणबाट दिएको परिभाषा निम्नानुसार उल्लेख गरिएको छ :-

- बृहत् नेपाली शब्दकोश अनुसार – प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द ।[१०]

- प्रयोगात्मक नेपाली शब्दकोश – प्रेमलाई विषय बनाई लेखिने एक प्रकारको कविता ।[११]

- ज्ञानमण्डल वारणसीबाट प्रकाशित बृहत् हिन्दी कोश अनुसार – गजलको अर्थ यस्तो छ - फारसी उर्दूमा मुक्तक काव्यको एक भेद, जसको प्रधान विषय प्रेम हुन्छ ।[१२]

- ललिजन रावल – कोमल र हार्दिक भावको सशक्त र सङ्क्षिप्त अभिव्यक्ति नै गजल हो ।[१३]

- टीकाराम उदासीका अनुसार – विलक्षण शैलीमा भावको तीव्र विन्यास वा विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयात्मक लयात्मक पद्य संरचना गजल हो ।[१४]

- घनश्याम परिश्रमी – एउटा प्राविधिक र शास्त्रीय काव्य कविता र गीतको अविभाज्य विलयन एवम् जीवन र जगतका हरेक पक्षको प्रतिविम्ब देखाउने ऐना गजल हो ।[१५]

- रामदास नादारका अनुसार – गजल भनेको वास्तवमा कविताको लघुरूप हो ।

- डा. कृष्ण हरि बराल– भाव, कल्पना, विम्ब तथा प्रतीक आदिको प्रयोग गरिने काव्य गजल हो ।[१६]

---

[१०] **नेपाली बृहत् शब्दकोश**, सा.स. (काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७), पृ. ३०० ।

[११] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रायोगिक शब्दकोश**, ते.सं. ( काठमाडौं : विद्यार्थी प्रकाशन, २०६६), पृ. २३४ ।

[१२] तीर्थप्रसाद प्रसाई, **वेदनाका रापहरू** (अप्रकाशित स्नातकोत्तर सिर्जना क्रम, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६३), पृ. ६ ।

[१३] ललीजन रावल (सम्पा.), **समकालीन नेपाली गजल** (काडमाडौं : बगर प्रकाशन २०४७ ), पृ. १० ।

[१४] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** (नेपालः अतिरिक्त प्रकाशन, २०५९), पृ. ६ ।

[१५] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ५ ।

– बूँद राना– विचार भाव र लयको सन्तुलित अभिव्यक्तिलाई गजल भनिन्छ ।

गजलको बारेमा विभिन्न विद्वान्हरूले जे जस्तो परिभाषा दिए तापनि यसको कुनै ठोस एवम् प्रामाणिक निष्कर्ष निकाल्न सकिदैन । माथिका परिभाषाहरूले गजलको आंशिक पहिचान मात्र गर्न सकेका देखिन्छन् । गजलको वाह्य तथा आन्तरिक दुबै पक्षमाथि प्रकाश पार्ने र यसको सिङ्गो स्वरूपको परिचय दिने एउटा स्पष्ट परिभाषाको खाँचो देखिन्छ । गजलका समग्र तत्त्वहरूको पहिचान गरी तिनको सुत्रणद्वारा यसको सिङ्गो स्वरूपलाई एउटै वाक्यमा प्रकाशित गर्ने किसिमको एउटा परिभाषा दिने प्रयास यहाँ गरिएको छ । सो परिभाषा यस प्रकार छ : "सरल सुकोमल शैलीमा संरचित सङ्क्षिप्त र अनुप्रासयुक्त तथा प्रायः रागात्मक भावले सिङ्गारिएको गेयात्मक पद्य संरचना नै गजल हो ।"

## २.१.३ गजलको संरचना

गजलको संरचना तथा तत्त्व अन्तर्गत के के कुरा पर्दछ भन्नेबारेमा विभिन्न समीक्षकहरूबिच विवाद भएको पाइन्छ । घनश्याम न्यौपानेका अनुसार गजलको रूपगत अध्ययन अन्तर्गत बहर, सेर, मिसरा, रदिफ, काफिया तथा मकताको अध्ययन पर्दछ ।[१७] टीकाराम उदासीले गजल सिद्धान्त र नेपाली गजल इतिहास' भन्ने पुस्तकमा भाव र शैली पङ्क्तिपुञ्ज तथा लयलाई मूल तत्त्वका रूपमा बयान गर्दै शैली अन्तर्गत सरलता, संक्षिप्तता, नवीनता प्रभाव वा असर र पङ्क्तिपुञ्ज अन्तर्गत सेर, मिसरा, मतला, मकता, काफिया तथा रदिफको चर्चा गरेका छन् । नीलमणि खनालले 'गजलकार मोती राम भट्ट' शीर्षको शोधपत्रमा सेर, मिसरा, काफिया, रदिफ मतला, मकता तथा तखल्लुसलाई गजलका तत्त्वका रूपमा चित्रण गरी यसको विषय वस्तु, भाव, भाषा शैली र लयलाई बेग्लै बुँदामा चर्चा गरेको पाइन्छ । सरिता देवकोटाले लक्ष्मी दत्त पन्त 'इन्दु'को गजलकारिता शीर्षकको शोधपत्रमा सेर, मिसरा, काफिया, रदिफ, मतला, मकता तथा तखल्लुसलाई गजलको अङ्ग उपशीर्षकमा चर्चा गरेकी छिन् ।[१८] भने विषय वस्तु, भाव, भाषा शैली तथा लयलाई बेग्लै बुँदामा बयान गरेकी  छिन् । गजलको समालोचना सम्बन्धी कतिपय हिन्दी पुस्तकहरूमा संरचक तत्त्वहरूलाई कतै अङ्ग कतै रूप, कतै व्याकरण र कतै तत्त्व भनी चर्चा गरिएको पाइन्छ । कृष्ण हरि वरालको गजलः सिद्धान्त र परम्परा भन्ने पुस्तकमा गजलको संरचनाभित्र सेर (मतला, मकता, गजलको मध्यभाग) काफिया रदिफ, तखल्लुस पर्दछन् भने तत्त्वभित्र भाव, विषयवस्तु, कल्पना, सङ्गीत, लय, छन्द, अनुप्रास गजलवाचन, बिम्ब तथा प्रतीक अलङ्कार र भाषा जस्ता कुराहरू पर्दछन् ।

गजलको संरचनामा विभिन्न समीक्षकहरूका विचारहरूलाई हेर्दा गजलमा प्रयोग हुने सेर, मतला, मकता, काफिया रदिफलाई कतै तत्त्व, कतै रूप, कतै व्याकरण र कतै अङ्ग भनी बयान गरिएको पाइन्छ । गजलमा प्रयोग हुने सेर, मतला, मकता, काफिया, रदिफ तथा बहर बाह्य बनोट अन्तर्गत पर्ने कुरा हुन् जसलाई गजलको संरचनामा लिन सकिन्छ । यिनीहरूलाई यस प्रकारले चर्चा गरिएको छ ।

---

[१६] कृष्णहरि बराल, पूर्ववत्, पृ. १३६ ।

[१७] कृष्ण हरि बराल, पूर्ववत् , पृ. २ ।

[१८] ऐजन् , पृ. २ ।

### २.१.३.१ सेर

एउटै लय वा छन्दमा बाँधिएका दुई पङ्क्तिहरूको समष्टि रूप नै सेर हो । सेर अरबी भाषाको पुलिङ्गी शब्द हो ।[१९] यसको शाब्दिक अर्थ केश वा कपाल तथा स्वास्नीमान्छे हुन्छ । गजलमा सेरको निर्माण गर्ने पङ्क्तिहरूलाई मिसरा भनिन्छ । गजलको हरेक सेरमा दुई दुई वटा मिसरा हुन्छन् । गजलको माथिल्लो पङ्क्ति वा मिसरालाई मिसरा-ए-उला र द्वितीय वा तल्लो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ ।[२०] गजलमा रहेका मिसरा-ए-उलाले कुनै तत्थ्य वा समस्यालाई प्रस्तुत गर्दछ भने मिरा-ए-सानीले त्यो समस्याको समाधान गर्ने कार्य गर्दछ । गजलमा सेरको सङ्ख्याबारे विभिन्न विद्वान्हरूमा एकमत देखिदैन । परम्परित गजलमा पाँचदेखि पन्ध्र सेरसम्मको व्यवस्था भेटिन्छ । यो सङ्ख्या कतै सातदेखि बाह्र वा बिस पच्चिस सम्म कतै चार देखि दस सम्म त कतै पाँच, सात, नौ वा यस भन्दा बढी र तिनभन्दा माथिको बिजोड नम्बर हुने गर्छन् । एउटा गजलमा कम्तिमा पाँच सेर हुनुपर्दछ भन्ने काव्यशास्त्रीय मान्यता छ तापनि फारसी र उर्दूमा गजलकारहरूले चार सेरमा मत्रै गजल रचेको देखिन्छ । विषय वस्तुका दृष्टिले सबै सेरमा एउटै विषय वस्तु क्रमबद्ध रूपमा अगाडि बढेको छ भने त्यस्तो गजललाई मुसलसल र सेरहरूमा एउटै विषय वस्तुको विकास नभई भिन्न भिन्न विषय वस्तुको प्रयोग भएको छ भने गैर मुसलसल भनिएको पाइन्छ । गजलमा सेरहरूलाई मुख्य गरी तिन भागमा विभाजन गरिएको छ ।

**(क) मतला**

गजलको परिचयात्मक वा उद्घाटित सेरलाई नै मतला/मत्ला भनिन्छ । मतला अरबी भाषाको पुलिङ्गी शब्द हो ।[२१] यसको शाब्दिक अर्थ 'उदयहुनु' वा 'आरम्भ हुनु' भन्ने हुन्छ । मतलाले गजलको सम्पूर्ण रूपलाई निर्देशन गर्नुका साथै सारा गजलको भावदशा निर्माण गर्ने कार्य गर्दछ । यसमा सम्पूर्ण गजल भरिको केन्द्रीय भाव समेटिएको हुन्छ ।[२२] गजलको मतलामा दुई सेर हुने गर्दछन् । प्रथम मतला-ए-उला र त्यसपछिको सेरलाई मतला-ए-सानी भन्ने गरिन्छ । मतलाको पहिलो र दोस्रो सेरमा काफियाको अनिवार्य प्रयोग भएको हुन्छ । यसका साथै रदिफको समेत प्रयोग भएको मतला हुनु गजलका लागि उपयुक्त हुन्छ । मतलाको एउटा उदहरण यस्तो छ :-

कसम छ बुद्धको, शान्ति तिमी आइदिनू
सबको मन भुलाउन मधुर गीत गाइदिनू ।
- लक्की चौधरी

**(ख) मकता**

---

[१९] कृष्णहरि बराल, पूर्ववत् , पृ. १० ।

[२०] तीर्थप्रसाद प्रसाई, पूर्ववत् , पृ. १२ ।

[२१] कृष्णहरि बराल, पूर्ववत् , पृ. २२ ।

[२२] देवी नेपाल, छन्द पराग (काठमाडौं: भुडीपुराण प्रकाशन, २०६६), पृ. ११० ।

गजलका अन्तिम दुई हरफमध्ये कुनै एउटामा यदि तखल्लुस को प्रयोग भएको छ भने ती दुई हरफहरूलाई मकता भनिन्छ । मकता अरबी भाषाको ‘समाप्ति’ वा ’मक्तूअ’बाट विकसित भएको हो ।[२३] यसको अर्थ काटिएको भन्ने हुन्छ । गजलमा मकताले रचना सकिएको संकेत गर्दछ । मकतामा गजलकारको उपनाम वा तखल्लुख प्रयोग गरिएको हुन्छ । यसमा गजलकार को व्यक्तिगत विवरण प्रस्तुत गरिएको हुन्छ । गजलको मकतामा पहिलो सेर र अन्तिम सेर मा पनि तखल्लुसको प्रयोग हुनुका साथै कुनै गजलमा भने सबै सेरहरूमा तखल्लुसको प्रयोग भएको पनि पाइन्छ । यसको उदाहरण यस प्रकार रहेको छ :-

जान्छ छर्दै ‘रश्मि’ उल्ले हट्छ धेरै अन्धकार
यो उज्यालो जिन्दगी संसार आफ्नै लागि रोजें ।[२४]

- रश्मि ‘असफल’

**(ग) मध्यभाग**

गजलमा मतला भन्दा तलतिर र मकता भन्दामाथि रहेका बाँकी सेरहरूलाई गजलको मध्ये भाग भनिन्छ । यसलाई गजलको शरीरका रूपमा हेर्न सकिन्छ । जहाँ गजलको सुरूको भाग वा मतला शिर हो भने गजलको अन्तिम भाग मकता हो र बाँकी बिचका सेरहरू नै गजलको मध्ये भाग भएकोले पनि यसलाई शरीरका रूपमा लिन सकिन्छ । गजलको मध्य भागमा सेर सङ्ख्या यत्ति नै हुनु पर्छ भन्ने नियम भने छैन । तिन सेर भएको गजलमा माथिल्लो सेर मतला हुन्छ र गजलको तल्लो सेर मकता हुन्छ भने बाँकी एउटा सेर गजलको मध्ये भाग हुने गर्दछ । तर तिन सेरभन्दा बढी गजलमा सेरहरू छन् भने मकता र मतला छोडी बाँकी सेरहरू नै गजलको मध्य भाग हुने गर्दछ ।

## २.१.३.२ काफिया

काफिया अरबी भाषको पुलिङ्गी शब्द हो ।[२५] काफिया रदिफ भन्दा अगाडि आउने एक वा एक भन्दा बढी शब्द नै अनुप्रास हो यसलाई नै काफिया भनिन्छ । गजलमा कफिया नभइ नहुने संरचना हो । यसको शाब्दिक अर्थ बारम्बार आउने [२६] वा पछिपछि हिडने[२७] भन्ने बुझिन्छ । यसलाई साहित्यिक फाँटमा अनुप्रास अन्यानुप्रास वा तुक भन्ने गर्दछन् । गजलमा काफियाको सर्वाधिक महत्त्व हुने भएकाले काफियाबिना गजल बन्नै सक्दैन । गजलमा काफियाको शुद्ध र समुचित प्रयोगबाट नै गजललाई जीवन्त बनाएको हुन्छ । गजलमा भएका काफियामा स्वर मात्रामा समानता हुनुपर्छ । गजलमा स्वर मात्रामा अलिकति पनि गडबडी वा असन्तुलन नभएको अनुप्रासयुक्त अर्थात तुक मिलेको शब्द, शब्दांश वा अक्षर नै काफिया हो । अर्को भाषामा भन्दा अनुप्रासयुक्त पद, पदावली अक्षर, अक्षर वा अक्षर समूहलाई नै काफिया भनिन्छ । जस्तै : रहर, बहर, शहर, ठहर तथा उनौला, बुनौला, सुनौला, थुनौला जस्तो स्वरहरूको समता भएका शब्दहरू नै काफियाको

---

[२३] कृष्णहरि बराल, पूर्ववत् , पृ. २५ ।

[२४] देवी नेपाल र अन्य, पूर्ववत् , पृ. २३ ।

[२५] ऐजन, पृ. १० ।

[२६] देवी नेपाल र अन्य, पूर्ववत् , पृ. १० ।

[२७] कृष्णहरि बराल, पूर्ववत् , पृ. २९ ।

रूपमा गजलमा प्रयोग हुन्छन् । तर स्वरको सन्तुलन नमिलेका शब्दहरूलाई काफियाको रूपमा लिनु हुदैन । प्रभाव, दबाब, हिसाब, चुनाव जस्ता शब्दहरूमा प्रभावको ‘प्र’, दबावको ‘द’, हिंसाबको ‘हि’ र चुनावको ‘चु’ मा भने स्वरहरूमा सन्तुलन नदेखिएकाले वा नमिलेकाले यिनलाई काफिया भन्न सकिदैन ।

यसको उदाहरण यस प्रकार रहेको छ :-

जब तिम्रो जित भयो, बधाई मेरो मित भयो
तिमीले हाँसो छिनी लग्यौ, रुवाइ मेरो मित भयौ ।[२८]

पञ्चे बाजा जन्ति लिई आउँदै छु प्यारी
आँगनीमा फूल्ने फुल पाउँदै छु प्यारी ।

- लक्ष्मण चौलागाईं

माथिको पहिलो गजलमा प्रयोग भएका बधाई र रुवाइ र दोस्रोमा प्रयोग भएका आउँदै छु र पाउँदै छु जस्ता शब्दहरू काफिया हुन् ।

### २.१.३.३ रदिफ

गजलका प्रत्येक सेरमा काफियाको पछाडि दोहोरिने शब्दलाई नै रदिफ भनिन्छ । रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[२९] यसको शाब्दिक अर्थ पछिपछि हिड्ने वा गजलमा काफियाभन्दा पछाडि आउने शब्द भन्ने हुन्छ । गजलमा रदिफलाई अनिवार्य मानिदैन तर यसको प्रयोग गर्दा गजलमा सौन्दर्य प्रसाधनमा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै गायनमा श्रुतिमधुर समेत हुने हुनाले धेरै जसो गजलकारहरू यसलाई त्याग्न सक्दैनन् । गजलमा बुझ्नै पर्ने कुरो के हो भने काफियाबिनाको गजल बन्न सक्दैन तर रदिफबिनाको गजल बन्न सक्दछ । गजलमा रदिफ हुने नहुने आधारमा दुई भागमा बाँड्न सकिन्छ ।

#### (क) मुरद्दफ

जुन गजलमा रदिफको प्रयोग गरिएको हुन्छ । त्यस्तो गजलकारलाई मुरद्दफ गजल भनिन्छ । यसमा काफियाको पछाडि एक देखि तिन शब्दसम्म राख्न सकिन्छ ।

#### (ख) गैर मुरद्दफ

जुन गजलमा काफियाको पछाडि कुनै शब्द वा रदिफको प्रयोग गरिएको हुदैन त्यस्तो गजललाई गैरमुद्दफ गजल भनिन्छ । प्रस्तुत गजलमा आएका रेखाङ्कित शब्द रदिफका रूपमा आएका छन् ।

तिमीसँगै अँधेरीको रात मिठोमिठो

---

[२८] कृष्णहरि बराल, पूर्ववत् , पृ. ३८ ।

[२९] ऐजन, पृ. ३८ ।

एकान्तमा दुइ आत्माको बात मिठोमिठो

- लक्ष्मण चौलागाईं

### २.१.३.४ तखल्लुस

गजलको अन्तिममा दुई हरफहरूमध्ये कुनै एउटामा प्रयोग गरिने लेखकको नाम वा उपनामलाई तखल्लुस भनिन्छ । तखल्लुस अरबी भाषाको पुलिङ्गी शब्द हो ।[३०] गजलमा सामान्यतया गजलकारले आफ्ना रचनाहरूमा प्रयोग गर्नका लागि अर्थपूर्ण र त्यसमा पनि विभिन्न अर्थ आउने शब्द वा पदावलीयुक्त नाम चयन गरेको हुन्छ । तर कुनै गजलकारले भने आफ्नो नामको अघिल्लो र पछिल्लो भागलाई प्रयोग गर्ने गर्दछन् । गजलमा तखल्लुसले दोहोरो अर्थ दिएको हुनुपर्दछ । गजलमा तखल्लुसको प्रयोग गर्नै पर्छ भन्ने चाहिँ छैन । यसको प्रयोग मूलतः अर्थको चमत्कारका लागि प्रयोग गरिएको हुन्छ ।[३१] तखल्लुस मकताको माथिल्लो वा तल्लो जुनसुकै हरफमा पनि आउन सक्छ । तखल्लुसको प्रयोग भएको मकताको सेर यस प्रकार छ :-

म भन्दै थिए हे हरी होस राखे
नजरबाट 'मोती' पनी झर्न लागे ।घट्ट

- मोतीराम भट्ट

### २.१.४ गजलका तत्त्वहरू

गजलका वाह्य रूप अथवा संरचनाभित्र रहेर कुनै गजलकारले गजल रचना गरे जस्तै गजलमा आवश्यक ठानिने आन्तरिक रूप वा तत्त्वहरूको अभावमा गजलको निर्माण हुन सक्दैन । कृष्ण हरि बरालका अनुसार गजलका तत्त्वहरूका रूपमा भाव तथा विषय वस्तु, कल्पना, सङ्गीत, बिम्ब तथा प्रतीक र भाषा पर्दछन् । जसलाई यस प्रकारले व्याख्या गरिएको छ :

### २.१.४.१ भाव

भाव शब्द 'भु' धातुमा 'घञ्' (अ) प्रत्यय लागेर बनेको हुन्छ । यो संस्कृत शब्द हो ।[३३] भावको शाब्दिक अर्थ अस्तित्व, सत्ता वा हुनु हुन्छ भने यसको सामान्य अर्थ मनोभाव भन्ने बुझिन्छ । जेहोस भाव भन्नाले इन्द्रियजन्य अनुभव जुन कुनै विशेष इन्द्रियले उल्लेख गर्न सक्दैन । भाव मान्छेमा लहर जस्तै आउँछ जसले जीवनमा देखा पर्ने हर्ष, उन्माद, पीडा, मनका कुण्ठाहरूलाई धोएर पखालेर फेरि विलीन हुन्छ ।

### २.१.४.२ विषय वस्तु

---

[३०] ऐजन, पृ. ४३ ।

[३१] तीर्थप्रसाद प्रसाई, पूर्ववत्, पृ. १५ ।

[३२] देवी नेपाल र अन्य, पूर्ववत् , पृ. २३ ।

[३३] कृष्णहरि बराल, पूर्ववत्, पृ. ४९ ।

गजल विषय वस्तु विहीन हुन सक्दैन । गजलमा प्रयोग हुने विषय वस्तुलाई 'मफुल' भनिन्छ ।[३४] गजल शब्दको व्युत्पतिगत अर्थ स्वास्नी मानिससँग गरिने वार्तालाप भनिएबाट नै गजलको मूल विषय वस्तु प्रेम नै हुन्छ । प्रेमको विषयबाट सुरू भएको गलको लेखन वर्तमान समयमा यस्तो कुनै विषय छैन जसलाई गजलमा प्रयोग गर्न नसकियोस् जसले गर्दा पनि कुनै विषय वस्तुबिना गजल लेखनको सुरूवात हुन सक्दैन । वर्तमान समयमा गजललाई विषय वस्तुको प्रयोगको सन्दर्भमा गजलमा हुने भिन्न भिन्न सेरहरूमा भिन्न भिन्न विषय वस्तुको प्रयोग गरिएको पनि पाइन्छ । त्यसैले पनि विषय वस्तु अनिवार्य तत्त्वका रूपमा लिन सकिन्छ ।

### २.१.४.३ कल्पना

कल्पना तत्सम शब्द हो ।[३५] यसको सामान्य अर्थ विचार, प्रतिमा वा रूपदिनु भन्ने बुझिन्छ । कल्पना आत्माको त्यो जादू गरी साङ्गीतिक शक्ति हो, जसले संश्लेषण गरेर सामाञ्जस्य ल्याउने गर्दछ । यसले मनभित्र रहेको अनुभव वा अनुभूतिहरूलाई एकसाथ सन्तुलन गरेर परिचालित गर्ने गर्दछ । कल्पना भन्नाले मान्छेका भावहरूलाई खुलस्तसँग बाहिर प्रकट गरी काव्यको आयाम बढाई बृहत्तर रूपतिर लैजानु कल्पना हो । कल्पना अरबी भाषाको पुलिङ्गी शब्द हो । अरबी भाषामा यसलाई तखट्युल भनिन्छ । यसले अरबी भाषामा कल्पना गर्ने, विचार गर्ने, सोच्नु आदि अर्थ बुझाउने गर्छ । कल्पना मान्छेका मानसपटलमा कुनै चित्र वस्तुको प्रतिमा अनौठा नयाँ कुरा, आदिका रूपमा उतार्ने वा मुर्तरूप दिन क्रियात्मक मानसिक शक्ति नै कल्पना हो । कल्पनाले साहित्यमा नयाँ नयाँ बिम्ब, प्रतीक तथा अलङ्कारको सही प्रयोग गरेर काव्यलाई सौन्दर्यता थप्ने काम गर्दछ । त्यसैले कल्पनाबिना काव्यको लेखन यात्रा अगाडि बढ्न नसक्ने हुँदा गजलमा कल्पनाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

### २.१.४.४ सङ्गीत

सङ्गीत शब्द 'गै' धातुमा 'सम्' उपसर्ग र 'क्त' प्रत्येय लागेर बनेको तत्सम शब्द हो ।[३६] सङ्गीतको अर्थ नृत्य, सहगान वा वोध यन्त्र साथ गाएको गीत गाना, बजाना, मधुर गायन, आदि अर्थलाई पनि सङ्गीतका रूपमा लिन सकिन्छ । सङ्गीतको उत्पत्ति सामवेदबाट भएको मानिन्छ ।[३७] यसले मानिसलाई मनोरञ्जन प्रदान गर्ने गर्दछ । राम्रो सङ्गीतलाई सर्वाधिक सुखकर मानिन्छ ।[३८] सङ्गीत गीतका लागि मात्र नभएर गजलका लागि अति आवश्यक ठानिन्छ । सङ्गीतभित्र पनि लय, छन्द, अनुप्रास, गजलवाचन, गजलगायकी जस्ता सहायक तत्त्वहरू परे पनि लय, छन्द र अनुप्रासको महत्त्व बढी देखिएकाले यी तत्त्वहरूको चर्चा गर्न सकिन्छ ।

**(क) लय**

---

[३४] ऐजन, पृ. ६१ ।

[३५] ऐजन, पृ. ६९ ।

[३६] कृष्णहरि बराल, पूर्ववत्, पृ. ७२ ।

[३७] देवी नेपाल, पूर्ववत्, पृ. २ ।

[३८] गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, ते.सं. (काठमाडौं: अभिनव प्रकाशन, २०६३), पृ. १४ ।

लय संस्कृत शब्द हो । यो 'ली' धातुमा 'अच' प्रत्यय लागेर बनेको हुन्छ ।[३९] लय शब्दको अर्थ विनाश, मिलाप, लगाव, पग्लनु, टाँसिनु आदि अर्थलाई बुझाउँछ । कुनै कुरा पढ्दा उत्पन्न हुने सहजपन वा सङ्गीत चेतनालाई लय भन्ने बुझाउँछ ।[४०] कुनै कुरा नअड्कीइ सललल बग्ने प्रक्रिया पनि लय हो । गजल सुन्दर गेयात्मक बन्नका लागि लयको आश्यकता देखिन्छ । गजलका सेरहरूमा छन्द अनुसार विश्राम गरेर वा लयमा विश्राम चिह्न वा व्याकरणिक विराम प्रयोग गरेर गजललाई लयात्मक बनाउन सकिन्छ । लय कान तथा आँखा दुबैसँग सम्बन्धित हुने हुनाले सङ्गीत, कविता र नृत्यसँग पनि बलियो सम्बन्ध रहेको हुन्छ ।

**(ख) छन्द**

छन्दको सबैभन्दा पहिला चर्चा गर्ने व्यक्ति आचार्य पिङ्गल हुन् ।[४१] छन्दको उत्पत्ति तथा विकास अरब, फारस वा पर्सियामा भएको गजलका विभिन्न छन्दहरूको प्रयोगको सन्दर्भबाट बुझ्न सकिन्छ । वेदका ६ वटा प्रमुख अङ्गहरू मध्ये यो पनि एउटा अङ्ग हो । छन्दको प्रत्यक्ष सम्बन्ध सङ्गीतसँग जोडिएको हुन्छ ।[४२] लय र छन्द उस्तै उस्तै देखिए पनि यिनीहरूमा केही भिन्नता भने पाइन्छ । लय पङ्क्तिमा भएको बलाघातीय तथा बलाघात विहीन अक्षरको नमूना हो भने छन्द चाहिँ पङ्क्तिमा भएको चरण तथा गणहरूको सङ्ख्या हो ।[४३] छन्दका कारण गजल एउटा निश्चित नियमभित्र बाँधिने र सही दिशातिर अगाडि बढ्ने काम गर्दछ । छन्दलाई बिगारेर कविता लेख्न सकिन्छ तर गजल लेख्न सकिदैन । सामान्यतयाः गजलमा वार्णिक, मात्रिक, र नेपाली लोक छन्द हुने गर्दछन् । त्यसैले पनि गजल सिद्धान्तको कठिनाइका कारण सबै गजलकारहरूले यस्ता छन्द वा बहरको सफल प्रयोग गरेका देखिदैनन् ।

**(ग) अनुप्रास**

गजललाई सङ्गीतमय बनाउन सहयोग पुऱ्याउने तत्त्वमध्ये अनुप्रास पनि एक हो । अनुप्रासले गजलका एउटै पङ्क्तिभित्र वा पङ्क्तिपङ्क्तिबीच पर्ने अनुप्रास अथवा दोहोरिने उही वर्ण तथा पद अनि पदावलीले पनि गजलको सुन्दरतामा महत्त्वपूर्ण कार्य गर्दछ । गजलमा सामान्यत aa, ba, ca, da, ea का क्रममा आउने काफियाले सङ्गीत सिर्जनामा पनि ठुलो भूमिका खेल्दछ ।[४४] गजलमा एकाक्षरी अनुप्रासभन्दा द्विअक्षरी, द्विअक्षरी अनुप्रासभन्दा त्रिअक्षरी अनुप्रासले बढी सङ्गीत सिर्जना गर्ने भएकाले गजलमा अझ सुन्दरता थप्ने काम गर्दछ । गजलका विभिन्न सेरहरूमा लयात्मकता, गेयात्मकताका साथै सङ्गीतात्मकता भर्नका लागि आन्तरिक अनुप्रास, आद्यनुप्रास, मध्यानुप्रास, छेकानुप्रास वृत्यनुप्रासका साथै पद र पदावलीको आवृत्ति गर्ने गरिन्छ ।

### २.१.४.५ बिम्ब प्रतीक तथा अलङ्कार

---

[३९] कृष्णहरि बराल, पूर्ववत् पृ. ७५ ।

[४०] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. २९१ ।

[४१] ऐजन, पृ. ५४ ।

[४२] देवी नेपाल, पूर्ववत्, पृ. २ ।

[४३] कृष्णहरि बराल, पूर्ववत्, पृ. ७८ ।

[४४] कृष्णहरि बराल, पूर्ववत्, पृ. ९९ ।

गजलमा बिम्ब तथा प्रतीकको प्रयोगबिना गजलले वैशिष्टता प्राप्त गर्न सक्दैन । बिम्ब तथा प्रतीकले गजललाई कलात्मकता, गहनताका साथै उत्कृष्टता बनाउनका लागि पनि बिम्ब र प्रतीकको प्रयोग गरिन्छ । यसले भाषामा परिष्कृत इशारा वा संकेतद्वारा भाव अभिव्यक्त जस्ता कुराहरू गर्ने गर्दछ । बिम्ब र प्रतीकमा सहायक तत्त्वका रूपमा बिम्ब, प्रतीक, अलङ्कार, मानवीकरण अर्थको तह जस्ता तत्त्वहरू देखिए पनि बिम्ब प्रतीक, अलङ्कार जस्ता तत्त्वलाई बुँदागत रूपमा व्याख्या गर्न सकिन्छ ।

### (क) **बिम्ब**

बिम्ब 'तत्सम' शब्द हो । बिम्बको शाब्दिक अर्थ छायाँ प्रतिबिम्ब, प्रतिमा, सूर्यमण्डल, चन्द्रमा भन्ने बुझिन्छ । सर्जकका मानसपटलमा गरेको मानसिक तस्विरलाई सम्मर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[४५] बिम्ब भनेको मिठो भाषा हो र एउटा निश्चित रूपाकृत्तिभित्र दुरूस्त एवम् चित्रकलासदृश दृश्यलाई उभ्याइदिन्छ । वर्तमान सन्दर्भमा कुनै मिथक वा पुराकथाको विषयवस्तु, पात्र, अवस्थालाई उपयोग गरेर आजको घटना, अवस्था पात्रलाई प्रस्ट्याउने आलङ्कारिक शब्द वा शब्द समूह नै बिम्ब हो । पोरटिक इमेज भन्ने पुस्तकमा सी.डे. लेविसले भनेका छन् - बिम्ब शब्दद्वारा बनेको तस्विर हो र कविता स्वयम् पनि बहुगुणक बिम्बद्वारा निर्मित एउटा बिम्ब हो ।[४६] बिम्बले मान्छेको व्यक्तित्वलाई विकास गर्न मद्दत गर्दछ । बिम्ब कसैले निम्न तहको अचेतन र उच्च तहको अचेतनबाट आउने कुरा बताएका छन् । डर, संवेग आवश्यता आदि निम्न तहको अचेतनबाट प्रकट हुन्छ भने प्रेम, अन्तर्बोध, प्रेरणा जस्ता बिम्ब उच्चतहको अचेतनबाट प्रकट हुने गर्दछ । जसले गर्दा गजलहरूमा मिठास थप्ने काम गर्दछ । आजभोलि गजलहरूमा दृश्यसम्बन्धी, स्वादसम्बन्धी श्रव्यसम्बन्धी गन्ध सम्बन्धी, स्पर्शसम्बन्धी ताप तथा गतिसम्बन्धी बिम्बहरू प्रयोग गरेर गजलहरू लेखिएका पाइन्छन् ।

### (ख) **प्रतीक**

प्रतीक 'तत्सम्' शब्द हो ।[४७] यसको शाब्दिक अर्थ उल्टो, प्रतिभा, विपरीत, विरूद्ध, प्रतिकूल भन्ने हुन्छ । प्रतीक भन्नाले एउटा वस्तुको गुण वा विशेषतालाई अर्को वस्तुको गुण वा विशेषतासँग गरिएको आरोपयुक्त भाषिक पदावली हो । अर्को अर्थमा भन्दा कुनै खास वस्तु, विषय र दृश्यलाई जनाउने अर्को वस्तु वा सङ्केतलाई प्रतीक भनिन्छ । प्रतीक मूर्त वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले कुनै अमूर्त कुरालाई जनाउँछ । गजलकारले आफ्ना गजलहरूमा वनस्पति जगत, प्राणी जगतबाट निर्मित वस्तुहरू जस्तै नदी, खोलानाला, वन जङ्गल, पहाड, पर्वत जस्ता वस्तुहरूलाई प्रतीकका रूपमा प्रयोग गरिएको पाइन्छ । यसका साथै लोक साहित्य, ऐतिहासिक मिथक तथा पूर्व सन्दर्भबाट पनि प्रतीक निर्माण गरेर गजलमा सुन्दरता थप्ने काम भएको हुन्छ । सामान्यतया बिम्ब अभिधात्मक हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुने गर्दछ अनि बिम्ब निश्चिततातिर उन्मुख रहेको हुन्छ भने प्रतीक अनिश्चिततातिर उन्मुख भएको हुन्छ । विम्बको सबै भन्दा समीपस्थ शब्द नै प्रतीक हो ।[४८] सबै प्रतीकहरू मूल रूपमा बिम्ब हुन्छन् । ती बिम्बहरूको मूलरूपबाट विभिन्न चरणमा पार

---

[४५] लक्ष्मण प्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (ललितपुरः साझा प्रकाशन, २०६०), पृ. १ ।

[४६] कृष्णहरि बराल, पूर्ववत् , पृ. ११३ ।

[४७] ऐजन, पृ. ११९ ।

[४८] लक्ष्मण प्रसाद गौतम, पूर्ववत्, पृ. ४२ ।

गर्दै प्रतीक बन्न सक्छन् । त्यसैले सबै प्रतीक बिम्ब हुन सक्छन् तर सबै बिम्ब प्रतीक हुन सक्दैनन् । जस्तो कि:-

हाम्रो राष्ट्रिय झण्डाको चन्द्र सूर्य क्रमशः शीतलता र प्रचण्ड तापका प्रतीक हुन् ।[४९]

**(ग) अलङ्कार**

अलङ्कार शब्दको व्युत्पत्ति अलम्+कृ +घञ्बाट भएको हो ।[५०] अलङ्कार तत्सम शब्द हो ।[५१] यसको सद्धान्तिक चर्चा भएको पहिलो उपलब्ध ग्रन्थ भरतको **नाट्यशास्त्र** हो तर यस पूर्वका वैदिक था लौकिक साहित्यमा अलङ्कारको प्रयोग भने प्रशस्त भेटिन्छ ।[५२] यसको शाब्दिक अर्थ आभुषण वा गहना भन्ने हुन्छ । अलङ्कारले गजलको सौन्दर्य बढाउने काम गर्दछ वा गजलमा हुने शब्द र अर्थ दुवैलाई सजाउने उपकरण रूपमा देखा पर्दछ । अलङ्कार मुख्य गरी दुई प्रकारको हुने गर्दछ । शब्दालङ्कार र अर्थालङ्कार ।

शब्दालङ्कार गजलमा प्रयुक्त शब्दलाई चामत्कारिक र सौन्दर्यमूलक तुल्याउछ । यो शब्दमा आधारित हुने हुँदा विशेषतः वाह्य सौन्दर्य वा प्रभावको सिर्जना गर्ने गर्दछ भने अर्थालङ्कारले गजलको अर्थमा सौन्दर्यता छर्ने काम गर्दछ । अलङ्कार भावमा आधारित हुने हुँदा यसले आन्तरिक सौन्दर्य वा प्रभाव उत्पन्न गर्ने गर्दछ । गजलहरूमा अहिले आएर शब्दालङ्कार र अर्थालङ्कार दुवैको बढी प्रयोग भएको पाइन्छ । गजलहरूमा विशेष गरी उपमा, रूपक, अतिशयोक्ति, सन्देह, सम्भावना, उत्प्रेक्षा, विभावना, लोकोक्ति, प्रतीप विशेषोक्ति जस्ता अलङ्कारहरू गजलहरूमा प्रयोग भएका पाइन्छन् ।

**२.१.४.६ भाषा**

साहित्यमा भाषाले नै जुनसुकै विधाहरूलाई अभिव्यक्ति गर्ने गर्दछ । भाषाको माध्यमले नै साहित्य सम्बन्धी रचनाहरूको अर्थ बुझ्न सकिन्छ । साहित्यका विभिन्न विधाहरू मध्ये गजल विधा पनि भाषाकै माध्यमबाट अभिव्यक्त भई अर्थ बुझ्न सकिन्छ । यसलाई सङ्गीतात्मकता बनाउन पनि भाषाको महत्त्वपूर्ण भूमिका रहन्छ । गजलमा देखा पर्ने भाव, बिम्ब तथा प्रतीक र कल्पना पनि भाषाकै माध्यमबाट व्यक्त गरिन्छ । त्यसैले पनि गजलमा भाषा अनिवार्य तत्त्वका रूपमा लिने गरिन्छ । साहित्यमा सामान्य भाषाको प्रयोग त्यति मात्रामा नभए पनि विशिष्ट भाषाको प्रयोग बढी मात्रामा पाइन्छ । जसले गर्दा पनि साहित्य कलात्मकता, भावात्मकताको साथै रचनामा सुन्दरता समेत पाइन्छ । गजल विधा पनि साहित्यको एक विधा भएकोले यसमा प्रयोग गरिने भाषा पनि विशिष्ट कलात्मक र नवीन हुने गरेको पाइन्छ ।

गजलमा कलात्मकताका साथै काव्यात्मक, व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने देखिन्छ, जसको अभावमा गजलले आफ्नो स्वरूपलाई धारण गर्न सक्दैन । गजलका प्रत्येक

---

[४९] ऐजन, पृ. ४२ ।

[५०] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, दो.सं. (काठमाडौं: विद्यार्थी पुस्तक भण्डर, २०६३), पृ.५८ ।

[५१] कृष्णहरि बराल, पूर्ववत् , पृ. ११५ ।

[५२] विष्णु प्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र** , दो.सं.(काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६), पृ. ६८ ।

पङ्क्तिहरूमा अक्षरहरूको समानुपातिक विवरण हुनुपर्दछ । यसका साथै समान वर्णहरूको प्रयोग पनि हुनु जरूरी देखिन्छ ।

भाषाको अर्को सहायक तत्त्वका रूपमा भाषा विचलन पनि एक हो । गजलकारहरू गजलको लय मिलाउनका लागि अर्थको विस्तार गर्ने तथा सौन्दर्य सृष्टि गर्नका लागि भाषाको मूल रूपलाई विगारेर गजलको अर्थ दिने गर्दछन् । जसले गर्दा पनि गजलमा सुन्दरता थपिने गर्दछ ।

भाषाभित्र पर्ने अर्को तत्त्व सुत्रात्मकता तथा संक्षिप्तता पनि एक हो । धेरै जसो गजलहरूमा सुत्रात्मक भाषाको प्रयोग भएको हुन्छ । यसले थोरै भन्दा थोरै शब्दमा धेरै भन्दा धेरै अर्थलाई बुझाउने काम गर्दछ । जसले गर्दा पनि गजलमा कलात्मकता थपिने गर्दछ ।

### २.१.५ शास्त्रीय लय (बहर)

गजलमा प्रयोग हुने शास्त्रीय लयलाई बहर भनिन्छ ।[५३] बहर अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ 'छन्द' हुन्छ ।[५४] संस्कृत काव्य परम्परामा 'छन्द' भने जस्तै फारसी गजल परम्परामा बहर शब्दले लय व्यवस्थाभित्रको अनुशासित रूपलाई संकेत गरेको हुन्छ । संस्कृत, हिन्दी र नेपालीमा झैं उर्दू, फारसी कवितामा विविध शास्त्रीय छन्दहरूको प्रयोग पाइन्छ र यस्ता छन्दलाई उर्दूपिङ्गल शास्त्रमा बहर भनिन्छ । आचार्य पिङ्गलले  स्थापना गरेका शास्त्रीय छन्दमा आठ गणहरू भए जस्तै फारसी बहरका पनि आफ्नै गणहरू छन् ।[५५] ती गणहरूलाई नै रूक्न भनिन्छ । ती रूक्नहरूको समूहलाई अर्कान भनिन्छ । यिनै अर्कानबाट बहरको सिर्जना हुन्छ । शास्त्रीय छन्दका गणहरू प्रत्येक तिन अक्षरले बन्ने गर्दछन् तर रूक्नमा भने अक्षरगत एक रूपता पाइदैन । शास्त्रीय छन्दका गण निर्धारणमा लिखित वर्णहरूको वर्णविन्यासको ठुलो भूमिका हुन्छ भने फारसी बहरमा चाहिँ उच्चारित ध्वनिका आधारमा ह्रस्व र दीर्घ निर्धारण गरेको पाइन्छ ।

रूक्नमा ह्रस्वलाई /१/ ( i ) र दीर्घलाई २(S) ले सङ्केत गरेको पाइन्छ ।[५६] फारसी बहरमा प्रयोग हुने रूक्नहरू निम्नानुसार रहेका छन् :-

| **रूक्न** | **सङ्केत** | **मात्रा** |
|---|---|---|
| (१) फा/पिइ् | २ (S) | (गु.) |
| (२ फअल् | १२ (IS) | (ल.गु.) |
| (३) फिइलुन्/फेलुन् | २२ (SS) | (गु.गु.) |
| (४) फाइलुन् | २१२ (SIS) | (गु.ल.गु.) |
| (५) मफ्उल | २२१ (SSI) | (गु.गु.लं.) |

[५३] देवी नेपाल र अन्य , पूर्ववत्, पृ. ५४ ।

[५४] कृष्णहरि बराल, पूर्ववत्, पृ. ८४ ।

[५५] देवी नेपाल, भुमिका, **बहरमाला** (काठमाडौं: हजुरको प्रकाशन, २०६३) ।

[५६] देवी नेपाल, पूर्ववत्, पृ. ११२ ।

| | | |
|---|---|---|
| (६) फउलुन | १२२ (ISS) | (ल.गु.गु.) |
| (७) फाइलातुन् | २१२२(SISS) | (गु.लु.गु.गु.) |
| (८) मफाईलुन् | १२२२ (ISSS) | (ल.गु.गु.गु.) |
| (९) फिइलातुन् | ११२२ (IISS) | (ल.ल.गु.गु.) |
| (१०) मुफाइलुन | १२१२ (ISIS) | (ल.गु.ल.गु.) |
| (११) मुफाईल | १२२१ (ISSI) | (ल.गु.गु.ल.) |
| (१२) फाइलात | २१२१ (SISI) | (गु.ल.गु.ल.) |
| (१३) मुस्तफ्इलुन् | २२१२ (SSIS) | (गु.गु.ल.गु.) |
| (१४) फिइलात | ११२१ (IISI) | (ल.ल.गु.ल.) |
| (१५) मूफ्तइलुन् | २११२ (SIIS) | (गु.ल.ल.गु.) |
| (१६) मुतुफाइलुन् | ११२१२ (IISIS) | (ल.ल.गु.ल.गु.) |
| (१७) मुफ्तइलातुन् | २१११२२ (SIIISS) | (गु.ल.ल.ल.गु.गु.) |
| (१८) मुफाइलुतुन् | १२११२ (ISIIS) | (ल.गु.ल.ल.गु.) |
| (१९) मुतुफाइलतुन् | ११२११२ (IISIIS) | (ल.ल.गु.ल.ल.गु.) |
| (२०) मुफाइलातुन् | १२१२२ (ISISS) | (ल.गु.ल.गु.गु.) |

माथिका रूक्नहरू वा अर्कानको मात्रागत नियमका आधारमा फारसी वा उर्दू बहरहरूको निर्माण भएको पाइन्छ । फारसीमा ५० भन्दा बढी बहरहरू रूक्नलाई आधार मानेर प्रयोग भएका छन् तर गजलका सैद्धान्तिक अध्यता रोहिताश्व अस्थानाले **हिन्दी गजल उद्‌भव और विकास** नामक कृतिमा १९ वटा बरहको सैद्धान्तिक रूपले चर्चा गरेका छन् । सरदार मुजावरले **हिन्दी गजलको विविध आयाम** (सन् १९९३) कृतिमा बहरको सङ्ख्या ३७ रहेको तर १२ वटा चाहिँ प्रचलित रहेको बताएका छन् । यसरी नै अर्का विद्वान् नित्यानन्द 'तुषार' ले सरदार मुजावरद्वारा सम्पादित **हिन्दी गजलकी नई दिशाएँ** (सन् २०००) नामक कृतिभित्रको **हिन्दी गजल : चुनौतियाँ एवम् समाधान** नामक लेखमा गजलका प्रयोक्ताहरूलाई प्राथमिकता दिँदै ५ प्रयोक्तका १९ वटा बहरको सैद्धान्तिक चर्चा गरेका छन् ।

बहरको सङ्ख्याका सम्बन्धमा भने नेपाली समालोचकहरू मा पनि एकमत रहेको पाइदैन । गजलकार कृष्ण हरि बरालले **गीत सिद्धान्त र इतिहास** (२०६०) नामक कृतिमा फरसी बहरको सङ्ख्या धेरै रहेका तर ती मध्ये १९ वटा चाहिँ अति प्रचलित रहेको उल्लेख गर्दै ४ वटाको लक्षण, उदाहरण र बाँकी १५ वटा बहरको चाहिँ लक्षण मात्र दिएका छन् ।[५७] घनश्याम 'परिश्रमी'ले आफ्ना विभिन्न कार्यपत्र र लेखहरूमा पिङ्गछन्द र फारसी बहरहरूको तुलनात्मक रूपमा समता र भिन्नताको व्यापक विश्लेषण गरेका छन् तर बहरको सङ्ख्याको किटान गरिएको पाइदैन । यसैगरी देवी नेपालको छन्द पराग कृतिमा

[५७] देवी नेपाल, भूमिका, पूर्ववत् ।

बहरको सङ्ख्या ५० भन्दा बढी रहे पनि लगभग २० वटा बहर चाहिँको लक्षण र उदाहरण प्रस्तुत गरिएको छ । यस्तै कृष्ण हरि बरालको अर्को कृति **गजल सिद्धान्त** र **परम्परा** ( २०६४) मा बहरको सङ्ख्याको बारेमा गजलकार नरेशको **गजल : शिल्प और संरचना**, निश्तर खानकारी र गिरिराजशरण अग्रवालको **गजल और उसका व्याकरण,** रोहिताश्व अस्थानाको **हिन्दी गजलः उद्भव और विकास** चानन गोविन्द पुरीको **गजल एक अध्ययन** जस्ता पुस्तक घनश्याम न्यौपाने 'परिश्रमी' को **गजल शिल्पशैली र रचना विधान** भन्ने लेख र इर्फान अविद तथा एएसा का **इन्टरनेटका लेखहरू** का आधारमा अरबी तथा फारसी गजलमा २० वटा बहरको परिचय दिएका छन् ।

बहरको सङ्ख्याको सम्बन्धमा विभिन्न हिन्दी गजलका सैद्धान्तिक अध्येताका साथ साथै नेपाली गजलका समालोचकहरूको विचारलाई हेर्दा बहरको सङ्ख्याको बारेमा एक मत भने देखिदैन । जेहोस, शास्त्रीय बहरहरूको थप अध्ययन र अनुसन्धान हुन बाँकी नै छ । तर अहिले सम्मका गजल सम्बन्धी अध्यापनलाई हेर्दा रूक्न वा अर्कानहरूको सुन्दर संयोजनबाट बहरको निर्माण हुने गर्दछ ।

गजलमा रूक्नहरू वा अर्कानको आधारमा बहरको निर्माण हुने गर्दछ । रूक्नको उपस्थिति वा प्रयोगका आधारमा बहरहरूलाई तिन किसिमले वर्गीकरण गरिएको छ :-

(१) मुफरद बहर (मूल छन्द)

(२) मुरक्कब बहर (मिश्रित छन्द)

(३) मुजाहिफ बहर (परिवर्तित छन्द)

### २.१.५.१ मुफरद बहर

कुनै पनि गजलमा एउटा बहरले पूर्णता पाउन कम्तीमा दुई पटक र बढीमा चार पटक रूक्नहरूको पुनरावृत्ति हुने गर्छ । जुन बहरमा एउटै रूक्नको आवृत्ति हुन्छ त्यस्तो बहरलाई मुफरद बहर भनिन्छ ।[५८] यस बहर अन्तर्गत मुतकारिब, मुतदारिक , हजज, रजज, रमल, कामिल र बाफिर पर्दछन् । उपर्युक्त सात बहरहरूमा तिन तिन भेद सहिद मुफरद बहरहरू २१ प्रकारका रहेका छन् :-

**(क) मुतकारिव** : यस बहरका तिन भेदहरू रहेका छन् ।

**(अ) मुतकारिब (भुजङ्गप्रयात छन्द) मुसम्मन सालिम**

गजलमा चार वटा 'य' (ISS ) गण हुने १२ अक्षरको छन्दलाई मुतकारिब मुसम्मन सालिम छन्द भनिन्छ ।[५९] यसमा ६ अक्षरमा विश्राम हुने गर्दछ । जस्तैः-

फऊलुन् + फऊलुन् + फऊलुन् + फऊलुन्

ISS ISS ISS ISS

तिमी चन्द्र जित्छ्यौ कुनै दाग छैन

---

[५८] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ५९ ।

[५९] ऐजन, पृ. ५९ ।

म हेरी अघाएँ कुनै माग छैन ।[६०]

- वासुदेव पाण्डे 'प्रभाकर'

**(आ) मुतकारिब मुसम्मन महजुफ**

फऊलुन्    फऊलुन्

ISS    ISS

**(इ) मुतकारिब मुसद्दस सालिम**

फऊलुन्    फऊलुन्    फऊलुन्

ISS    ISS    ISS

**(ख) मुतद्दारिक** -यस बहरका तिन भेदहरू रहेक छन् । जसलाई तल प्रस्तुत गरिएको छ ।

**(अ) सग्विणी छन्द/बहर मुतदारिक मुसम्मन सालिम**

चार वटा र (SIS) गण हुने १२ अक्षरको छन्दलाई मुतदारिक छन्द भनिन्छ । यस छन्दमा ६ अक्षरमा विश्राम हुने गर्दछ । जस्तै :

फाइलुन्    फाइलुन्    फाइलुन्    फाइलुन्

SIS    SIS    SIS    SIS

प्रेमको स्वाद चाखेर आयौ तिमी

जिन्दगी दाउ राखेर आयौ तिमी ।[६१]

- डा. घनश्याम 'परिश्रमी'

**(आ) मुतकारिब मुसद्दस सालिम**

फाइलुन्    फाइलुन्    फाइलुन्

SIS    SIS    SIS

**(इ) बहरे मुतकारिब मुसद्दस सालिम** (**पिङ्गला छन्द-विमोह**)

फाइलुन्  +  फाइलुन्

SIS    SIS

**(ग) हजज** : हजज बहरका तिन प्रकारका भेदहरू रहेका छन् । जसलाई तल प्रस्तुत गरिएको छ :-

**(अ) बहरे हजज मुसम्मन सालिमः पिङ्गल छन्द**

---

[६०] ऐजन, पृ. ६१ ।

[६१] देवी नेपाल, पूर्ववत्, पृ. १२० ।

चार वटा मफाईलुन् (ISSS) रूक्न हुने १६ अक्षरको बहरलाई बहरे हजज मुसम्मन सालिम भनिन्छ। यसको आठ अक्षरमा विश्राम हुन्छ।[६२] जस्तै :

मफाईलुन्     मफाईलुन्     मफाईलुन्     मफाईलुन्

ISSS     ISSS     ISSS  ISSS

म हारें रूपमा तिम्रो जुनेली रात तिम्रै हो

नसाले भैगएँ अन्धो पिएको मात तिम्रै हो।[६३]

- देवी नेपाल

**आ) हजज मुसद्दस सालिम**[६४]

मफाईलुन्     मफाईलुन्     मफाईलुन्

ISSS     ISSS     ISSS

**(इ) बहरे हजज मुरब्बा सालिम**

मफाईलुन्  +  मफाईलुन्

ISSS     ISSS

**(घ) रजज** : यस बहरका तिन प्रकारका भेदहरू रहेका छन् जसलाई तल प्रस्तुत गरिन्छ।

**(अ) रजज मुसम्मन सालिम (पिङ्गला छन्द हरिगीतिका)**

चार वटा मुस्तफ्इलुन् (SSIS) रूक्न हुने १६ अक्षरको बहरलाई बहरे रजज मुसम्मन सालिम भनिन्छ। यसको आठ अक्षरमा विश्राम हुन्छ। जस्तै :-

मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मुस्तफ्इलुन्

SSIS     SSIS     SSIS     SSIS

को हौ तिमी यो रातमा आएर नै बोलाउने

पीडा मिसाएर कतै गाएर नै बोलाउने।[६५]

- सरोज काफ्ले

**(आ) रजज मुसद्दस सालिम**

मुस्तफ्-इ-लुन् + मुस्तफ्-इ-लुन् + मुस्तफ्-इ-लुन

SSIS     SSIS     SSIS

**(इ) रजज मुरब्बा सालिम**

मुस्तफ्-इ-लुन् + मुस्तफ्-इ-लुन्

SSIS     SSIS

---

६२ ऐजन, पृ. ६४।

६३ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ६५।

६४ तीर्थ प्रसाद प्रसाई, पूर्ववत्, पृ.२०।

६५ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ६७।

(ङ) **रमल :** यस बहरमा हुने तिन प्रकारका भेदहरूलाई तल प्रस्तुत गरिएको छ ।

(अ) **रमल  मुसम्मन सालिम**

चार वटा फाइलातुन् (SISS) रूक्न हुने १६ अक्षरको बहरलाई बहरे रमल मुसम्मन सालिम भनिन्छ ।[६६] यसको प्रत्येक चार अक्षरमा अल्पविश्राम र आठ अक्षरमा  मध्ये विश्राम हुन्छ । जस्तै :-

फाइलातुन् + फाइलातुन्  + फाइलातुन् + फाइलातुन्

SISS SISS SISS SISS

जीत त्यागें आज मैले घर आफ्नै लागि रोजें

रोज्नु नै यो जिन्दगीमा प्यार आफ्नै लागि रोजें ।[६७]

- रश्मि असफल

(आ) **बहरे रमल मुसद्दस सालिम**

फाइलातुन् + फाइलातुन्  + फाइलातुन्

SISS SISS SISS

(इ) **बहरे रमल  मुरब्बा सालिम**

फाइलातुन् + फाइलातुन्

SISS SISS

(च) **कामिल :** कामिल बहरका पनि तिन प्रकारका भेदहरू रहेका छन् :

(अ) **बहरे कामिल मुसम्मन सालिम (पिङ्गल छन्द-प्रमदानन)**

चार वटा मुतफाइलुन (IISIS) रूक्न हुने २० अक्षरको बहरलाई बहरे कामिल मुसम्मन सालिम भनिन्छ । यसको प्रत्येक पाँच अक्षरमा अल्पविश्राम र दश अक्षरमा  मध्ये विश्राम हुन्छ । जस्तै :-

मुतफाइलुन् + मुतफाइलुन्   + मुतफाइलुन्  + मुतफाइलुन्

IISIS IISIS IISIS IISIS

पर भो भन्यौ नजिकै सरें अब जेसुकै गर अम्विका

अति पीर भो पिरती छरें अब जेसुकै गर अम्विका[६८]

- विष्णु ज्ञवाली

(आ) **बहरे कामिल मुसद्दस सालिम**

मुतफाइलुन् + मुतफाइलुन्   + मुतफाइलुन्

---

[६६] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ६८ ।

[६७] ऐजन, पृ. ६९ ।

[६८] अनाममण्डली,  बहरमाला (काठमाडौं : हजुरको प्रकाशन, २०६३), पृ. ८७ ।

IISIS IISIS IISIS

**(इ) बहरे कामिल मुरब्बा सालिम (पिङ्गला छन्द -संयुक्त)**

मुतफाइलुन् + मुतफाइलुन्

IISIS IISIS

**(छ) बाफिर :** यस वहरका तिन प्रकारका भेदहरू रहेका छन् जसलाई तल प्रस्तुत गरिएको छ ।

**(अ) बहरे बाफिर मुसम्मन सालिम**

चार वटा मुफाइलतुन् (ISIIS) रूक्न हुने २० अक्षरको बहरलाई बहरे बाफिर मुसम्मन सालिम भनिन्छ । यसको प्रत्येक पाँच अक्षरमा अल्पविश्राम र दश अक्षरमा मध्ये विश्राम हुन्छ । जस्तै :-

मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS ISIIS ISIIS

खराब छ यो सबै दुनियाँ अरूसँग क्यै नबोल्नु प्रिया
दिएर मनै अरूकन लौ कुरा दिलका नखोल्नु प्रिया ।[६९]

- सरोज काफ्ले

**(आ) बहरे बाफिर मुसद्दस सालिम**

मुफाइलतुन् + मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS ISIIS

**(इ) बहरे बाफिर मुरब्बा सालिम**

मुफाइलतुन् + मुफाइलतुन्

ISIIS ISIIS

### २.१.५.२ मुरक्कब बरह (मिश्रित छन्द)

दुई वा सो भन्दा बढी फरक फरक रूक्नका अर्कानहरूबाट बनेको बहरहरूलाई मुरक्कब बहर भनिन्छ । यस्ता बहरहरूको प्रयोग फरसीमा प्रशस्त भए पनि नेपालीमा कमै भएको पाइन्छ । फारसीमा मुरक्कब बहर बाह्र वटा प्रचलित छन् । यस बहर अन्तर्गत मुन्सरेस, मुक्तजीव, मुजारे, खफीफ, बसित, मुजास, सरीअ, मुसाकील, जदीद, करिब, मदीद र तबील गरी बाह्र वटा बहरहरू पर्दछन् । यिनीहरूका सुत्रहरूलाई तल प्रस्तुत गरिएको छ :-

**क) बहेर मुन्सरेस**

मुस्तफ्इलुन् + मफऊलातु + मुस्तफइलुन् + मुफ्ऊलातु

SSIS SSSI SSIS SSSI

---

[६९] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ७३ ।

च्यातेर मेरो तस्वीर, के पाउँछौ भन्देऊ न
बिर्सी गयौ सम्झी फेरि के आउँछौ भन्देऊ न ।[७०]

- नारायण निराशी

**ख) बहरे मुक्तजीब**

मफ्ऊलातु + मुस्तफ्इलुन् + मफ्ऊलातु + मुस्तफ्इलुन

SSSI SSIS SSSI SSIS

**ग) बहरे मुजारे**

मफाइलुन् + फाइलातुन् + मफाइलुन् + फाइलातुन्

ISSS SISS ISSS SISS

**घ) बहरे खफीफ**

फाइलातुन् + मुस्तफ्इलुन् + फाइलातुन्

SISS SSIS SISS

**ङ) बहरे बसित**

मुस्तफ्इलुन् + फाइलुन् + मुस्तफ्इलुन् + फाइलुन्

SSIS SIS SSIS SIS

**च) बहरे मुजास**

मुस्तफ्इलुन् + फाइलातुन्

SSIS SISS

**छ) बहरे सरीअ**

मुस्तफ्इलुन् + मुस्तफ्इलुन् + मफ्ऊलातु

SSIS SSIS SSSI

**ज) बहरे मुसाकील**

फाइलातुन् + मफाईलुन् + मफाईलुन्

SISS ISSS ISSS

**झ) बहरे जदीद**

फाइलातुन् + फाइलातुन् + मुस्तफ्इलुन्

SISS SISS SSIS

**ञ) बहरे मदीद**

फाइलातुन् + फाइलुन् + फाइलातुन् + फाइलुन्

SISS SIS SISS SIS

[७०] तीर्थ प्रसाद प्रसाई, पूर्ववत् , पृ. २५ ।

**ट) बहरे करिब**

मफाईलुन् + मफाईलुन् + फाइलातुन्

ISSS ISSS SISS

**ठ) बहरे तबील**

फऊलुन् + मफाईलुन् + फऊलुन् + मफाईलुन्

ISS ISSS ISS ISSS

उर्दू अरूजमा प्रमुख मुरक्कब बहरका रूपमा १२ वटा मात्र भए पनि अन्य मुरक्कव बहरहरू पनि प्रचलनमा देखिन्छन् ।

**अ) बहरे रमल मुसद्दस महजुफ (पिङ्गल छन्द -गीतिका)**

फाइलातुन् + फाइलातुन् + फाइलातुन् + फाइलुन्

SISS SISS SISS SIS

**आ) बहरे हजज मुसद्दस महजुफ (पिङ्गल छन्द -सुमेरू)**

मफाईलुन् + मफाईलुन् + फऊलुन्

ISSS ISSS ISS

**इ) बहरे मुतकारिब अस्लम मकबुज**

मुस्तफ्इलुन् + फाइलुन् + फउलुन्

SSIS SIS ISS

**ई) बहरे खफिफ मुख्बुन महजूफ मसन्सरेह**

फाइलुन् + फाइलुन् + मफाईलुन्

SIS SIS ISSS

**२.१.५.३ मुजाहिफ बहर (परिवर्तित छन्द)**

मूल रूक्नहरूलाई तोडेर निर्माण गरिएका मिश्रित रूक्न वा जिहाफहरूबाट बनेको बहरहरूलाई मुजाहिफ बहर भनिन्छ ।[७१] फरसीमा यो बहर २० देखि २८ वटासम्म प्रचलित रहेका देखिन्छन् । ती मध्ये केहीको प्रयोग गरिएको र केहीको लक्षण प्रस्तुत गरिएको छ । केही मुजाहिफ बहरका नाम र संरचना सुत्र तल प्रस्तुत गरिएका छन् :-

**(क) बहरे मुजारे मुसम्मन अखरब**

'मफऊल' (SSI) र 'फाइलातुन्' (SISS) रूक्न दुई पटक प्रयोग हुने १४ अक्षरको बहरलाई बहरे मुजारे मुसम्मन अखरब भनिन्छ । यसको प्रत्येक दुई अक्षरमा अल्पविश्राम र सात अक्षरमा मध्ये विश्राम हुने गर्छ ।

मुस्तफइलुन् + मफाईलुन् + फाइलुन् + फैलुन् + फे

[७१] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ७७ ।

SSIS ISSS SIS SS S

रोएर दिन बिताए तारा गनेर राती

निष्ठुर रहेछ तिम्रो पत्थर समान छाती ।[७२]

-उपेन्द्र बहादुर 'जिगर'

**(ख) पञ्चचामर छन्द/बहरे हजज मुसम्मन मकबुज**

ज (ISI), र (SIS) , ज (ISI), र (SIS), ज (ISI) गण र एउटा गुरू (S) हुने १६ अक्षरको छन्दलाई पञ्चचामर छन्द भनिन्छ । यस छन्दलाई फरसीमा बहरे हजज मुसम्मन मकबुज भनिन्छ । यसमा मुफाइलुन (ISIS) रूक्न चार पटक आउँछ । यसको विश्राम आठ अक्षरमा हुन्छ ।

मुफाइलुन् + मुफाइलुन् + मुफाइलुन् + मुफाइलुन्

ISIS ISIS ISIS ISIS

अनन्त पुण्यलाभको म गीतमा रमाउँछु

स्वदेशभक्ति रागको म प्रीतमा रमाउँछु ।[७३]

- केशवराज आमोदी

**(ग) बहरे हजज अस्तर**

फाइलातु (SISI) + फैलुन् (SS) + फैलुन् (SS) + मुफाइलुन् (ISISI) रूक्न भएको १२ अक्षरको बहरलाई बहरे हजज अस्तर भनिन्छ । यस बहरमा ६ अक्षरको विश्राम हुन्छ ।

फाइलातु + फैलुन् + फैलुन् + मुफाइलुन्

SISI SS SS ISISI

यादभित्र एक्लै पर्दै नआउनू

खाली फूलपाती छर्दै नआनू ।[७४]

- विपीन किरण

**(घ) बहरे बाफिर मसम्मन महजुफ**

[७२] देवी नेपाल, पूर्ववत्, पृ. १२५ ।

[७३] अनाममण्डली, पूर्ववत्, पृ. ३५ ।

[७४] देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ८२ ।

मुफाइलातुन् (ISISS) रूक्न चार पटक आएर बनेको २० अक्षरको बहरलाई बहरे बाफिर मुसम्मन महजुफ भनिन्छ । यस बहरमा प्रत्येक पाँच अक्षरपछि विश्राम हुन्छ ।

मुफाइलातुन् + मुफाइलातुन + मुफाइलातुन + मुफाइलातुन

ISISS ISISS ISISS ISISS

नजिस्क सङ्गी नछर्क आगो छ सम्झना यो पवित्र उनको

म लाख बाजी मरे नी ज्यूदै रहन्छ माया मभित्र उनको ।[७५]

- जीत कार्की

**(ङ) तोटक छन्द/बहरे हजज अखरब अवतर मुसद्दस**

चार वटा 'स' (ISS) गण हुने १२ अक्षरको छन्दलाई तोटक छन्द भनिन्छ । फारसीमा यसलाई बहरे हजज अखरब अवतर मुसद्दस भनिन्छ । यो फइलुन् रूक्न चार पटक आउँदा यो बहर बन्दछ । यसको ती अक्षरमा अल्पविश्राम र ६ अक्षरमा मध्ये विश्राम हुने गर्दछ ।

फइलुन् फइलुन् फइलुन् फइलुन्

IIS IIS IIS IIS

अति सुन्दर छन् व्यवहारहरू

हँसिला रसिला अनुहारहरू ।[७६]

- हुसेन खाँ

**(च) बहरे हजज मुसम्मन अखरब**

मफ्उलु + मफाईलुन् + मफाईलुन्

SSII ISSS ISSS

**(छ) बहरे हजज मकखुफ**

मफाइलुन् + मफाइलुन् + मफाइलुन् + मफाइलु

ISIS ISIS ISIS ISSI

**(ज) बहरे हजज महजुफ**

मफाईलुन् + मफा + मुस्तफ्इलुन्

ISSS IS SSIS

**(झ) बहरे हजज असतर मकबुज मकबुब**

फाइलातुन् + फाइलुन् + मफा

SISS SIS IS

---

[७५] ऐजन, पृ. ८३ ।

[७६] अनाममण्डली, पूर्ववत्, पृ. १०० ।

(ञ) **बहरे मुतकारिब मुसम्मन महजुफ**

फऊलुन् + फऊलुन् + फऊलुन् + मफा

ISS ISS ISS IS

(ट) **बहरे हजज अखरब अवतर मुसद्दस**

मफऊलु + मफा + मफऊलु + मफा

IISI IS IISI IS

(ठ) **बहरे मुजारे अखरब सालिम अखरब सालिम मुसम्मन**

मफ्ऊलु + फाइलातुन् + मफऊलु + फाइलातुन्

SSI SISS SSI SISS

(ड) **बहरे रमल सालिम मखबुन मुसक्किन महजूफ मक्सुन मुसम्मान**

फाइलातुन् + मुतफैलुन + मुतफैलुन + फैलुन

SISS IISS IISS SS

(ढ) **बहरे रमल सालिम मखबुन मखबुन मुसक्किल महजूफ**

फाइलातुन् + फाइलातुन् + फाइलातुन् + फैलुन

SISS SISS SISS SS

(ण) **बहरे मुनसरेह मतब्बी मक्सुफ मुसम्मन**

मफ्तइलुन् + मुफाइलुन् + मुफाइलुन्

SIIS ISIS ISIS

(त) **बहरे हजज अखरब मकबुज महजुफ मुसद्दस**

मफऊलु + मफाइलुन् + फऊलुन्

SSI ISIS ISS

(थ) **बहरे मुजारे अखरब मकफुफ महजुफ मुसम्मन**

मफऊलु + फाइलातु + मफाईलु + फाईलुन्

SSI ISIS ISSI SIS

(द)

मफ्ऊलातु + फाइलुन्

SSSI SIS

**२.१.६ गजल परम्पराको समान्य परिचय**

गजल कविताको लघु रूपमा पर्ने एउटा चर्चित विधा हो ।[७७] यसको उद्‌भव तथा विकासको चर्चा गर्दा मुख्य गरी दुई प्रकारका मतहरू देखा परेका पाइन्छन् । पहिलो मत अनुसार गजल अरबी शब्द भए तापनि यसको लेखन भने अरबीमा नभई फारसीमा प्रारम्भ भएको हो र यसको उत्पत्ति अरबीमा पहिलेदेखि लेखिँदै आएको, कसिदाको सुरूमा रहने : 'तस्विब'[७८]बाट भएको हो भने दोस्रो मतले गजलको प्रारम्भ अरबबाटै भएको कुरा अघि सार्छ । गजल अरबी भाषामा जन्मिएर फारसी र उर्दूमा अत्यन्त विकसित भएको देखिन्छ । उर्दूमा फरसी भाषाका कवि अमीर खुसरोले सर्वप्रथम फारसी र हिन्दुस्तानीको सम्मिश्रणबाट गजलको श्री गणेश गरेका थिए :-

शवाने हिजराँ दराज चुँ जुल्फ ब रोजे वसलत जउम्रको ताह
सखी पियाको जो मै न देखुँ तो कैसे काटुँ अँधेरी रतियाँ ।[७९]

गजल सर्वप्रथम 'रोदकी' नामक फरसी शायरले इसाको दसौं शताब्दीमा सूत्रपात गरेको देखिन्छ । यसै गरी उर्दू गजलका प्रवर्तक जनाव बली औरंगावादी हुन् । यस गजल विधालाई चरमोत्कर्षमा पुऱ्याउने अन्य उर्दू गजलकारहरूमा मौलाना अलफात, हुसेन हाली मौलाना, मोहम्मद हुसेन 'आजाद', फैज अहमद 'फैज', कुली बतुब शाह, शमसुद्दीन, बलि, शिवराज लगायतका गजलकारहरू पर्दछन् । उर्दू साहित्यमा गजल विधालाई सर्वप्रथम प्रेम र शृङ्गारको साँघुरो घेराबाट मौलाना अलफात हेुन 'हाली' र मौलना मोहम्मद हुसेन 'आजाद' ले बाहिर ल्याएका हुन् । उनीहरूले गजललाई समग्र जनवर्गको जीवन र युगबोधसँग संयोजन गर्ने पक्षमा वकालत गरेपछि मात्र यस विधामा उर्दूका प्रगतिवादी कविहरूले पनि सहजतापूर्वक कलम चलाएको पाइन्छ । फैज अहमद 'फैज' उर्दूका सर्वश्रेष्ठ प्रगतिवादी गजलकार मानिन्छन् । आधुनिक कालमा उर्दू गजलका सशक्त हस्ताक्षरमा अकबर इकाहावादी, इकबाल, हसरत मोहानी, फानी बदायुनी, निदा फजलीको नाम देखिन्छ ।

हिन्दीमा गजल भित्र्याउने पहिला सर्जक अमीर खुसरो मानिन्छन् । हिन्दीका साहित्यकार प्रसाद र निरालाले समेत प्रारम्भिक कालमा गजलको प्रयोग गरेका छन् । हिन्दीका प्रसिद्ध सशक्त गजलकार भने दुष्यन्तकुमार मानिन्छन् । यसै गरी हिन्दी साहित्यका जे.पी. गङवार, मुजावर, रोहिताश्व अस्थाना जस्ता चिन्तक, समालोचक एवम् शोधकर्ताहरूले आफ्ना शोधग्रन्थहरूमा गजललाई निर्धक्क विधाका रूपमा स्वीकार गरेका छन् ।

हिन्दी पछि अन्य भारतीय भाषाका पञ्जाबी, मराठी भोजपुरी र अवधि आदिमा पनि गजलको रचना गरिएको देखिन्छ । यता नेपाली साहित्यमा भने भारतको प्रवासकालमा रहेका मोती राम भट्टले गजल भित्र्याएका हुन् । उनले वि.सं. १९४० तिर नेपाली साहित्यमा गजललाई भित्र्याए । नेपाली कवितालाई एक पाइलो अगाडि मात्र सारेनन्, नेपालीमा गजल लेख्ने परम्परा बसाएको त्यस बेलाका संस्कृतका छन्द र लोक छन्दसँग मात्र परिचित नेपाली पाठक तथा श्रोतालाई फारसी छन्दको स्वाद पनि चखाए । उनले नै सम्पादन गरेको **सङ्गीतचन्द्रोदय**मा मोती राम भट्ट लगायत लक्ष्मीदत्त पन्त, गोपी नाथ लोहनी, नरदेब सुधा, अम्जद हुसैन 'अञ्जान', रत्नलाल रत्न, गजब, नरदेब पाण्डे, आदिका गजलहरू संकलित छन् ।

---

[७७] देवी नेपाल, पूर्ववत्, पृ. १०७ ।

[७८] कृष्ण हरि बराल, पूर्ववत्, पृ. १४९ ।

[७९] तीर्थ प्रसाद प्रसाई , पूर्ववत्, पृ. ३८ ।

मोती राम भट्टको गजल लेखन र कृतिको सम्पादन सँगसँगै शम्भुप्रसाद ढुङ्गेल, भिम निधि तिवारी, उपेन्द्रबहादुर जिगर आदिले यसलाई विकास गर्दै लगे । यसलाई आधार मानेर वर्तमान समयका गजलकार कृष्ण हरि बराल, घनश्याम 'परिश्रमी', ललिजन रावल, मनु ब्राजाकी, सनत रेग्मी जस्ता अन्य गजलकारहरूबाट नै गजल विधा अगाडि बढेको देखिन्छ । यसरी नै गजलका विभिन्न मोडहरू पार गरेर अहिलेको समयसम्म गजल विधा निरन्तर रूपमा अगाडि बढी रहेको देखिन्छ ।

# तेस्रो परिच्छेद

## सुदूर पश्चिमाञ्चल गजल मञ्चको स्थापना, परिचय र विकास प्रक्रिया

### ३.१ सु.प.ग.म. को स्थापना र परिचय

सु.प.ग.म.को स्थापना वि.सं. २०५९ मा भएको हो । सु.प.ग.म.को आमन्त्रणमा गजलकार ज्ञानुवाकर पौडेल धनगढी आउँदा आफ्नो वक्तव्यको क्रममा सु.प.लाई गजलको राजधानी बनाउनु पर्ने विचार व्यक्त गरेका थिए । यस कार्यका लागि मूर्तरूप दिन यस क्षेत्रका गजलकारहरूलाई उनले आह्वान् गरेका थिए । यसैलाई ख्याल गरेर सु.प.का विभिन्न जिल्लाहरूका सबै गजलकारहरूलाई समेट्न एउटा सस्थाको आवश्यकता अनुभव भयो । यस क्रममा स्थानीय गजलकार  दिव्यसागर साउँद, टी.एन. जोशी, पुष्कर राज भट्ट, टोपेन्द्र शाह 'रसिक', दीर्घराज उपाध्याय 'अनुराग', अशोक वोहरा 'असीम पीडा', लगायतका थुप्रै गजलकारहरूको राय, सुझाव र सहमति अनुसार विधिवत् रूपमा यस मञ्चलाई वैधानिकता दिनु पर्ने अवस्था आयो । सुदूर पश्चिमाञ्चल क्षेत्रमा गजल विधाका स्रष्टा तथा पाठकहरू दिनानुदिन बृद्धि भई रहेको परिप्रेक्ष्यमा छरिएर रहेका सबै गजलकारहरूलाई गजल मञ्चको एउटै सङ्गठनमा सङ्गठित गरी परस्पर सहयोग, सद्भाव र एकता कायम गर्नु पर्ने आवश्यकता पनि महसुस भयो । गजल विधालाई बढी लोकप्रिय, समुन्नत र समृद्ध बनाई नेपाली साहित्यको विकासमा थप टेवा पुऱ्याउनु पर्ने जिम्मेवारी पनि गजलकारहरूले अनुभव गरे । यसरी यस क्षेत्रका तमाम गजल स्रष्टाहरूको चाहना, अनुभव र गजलकार ज्ञानु वाकर पौडेलले गरेको आह्वानलाई मनन गरी वि.सं. २०६० जेठ ७ गते जिल्ला कार्यालय कैलालीमा विधान दर्ता गराई वैधानिकता प्राप्त गऱ्यो । यसको विधिवत् उद्घाटन भने वि.सं. २०६० भाद्र १० गते १३८ औं मोती जयन्तीको अवसरमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ देवी प्रसाद ओझाबाट भयो ।[८०] सोही अवसरमा ज्ञानुवाकर पौडेल र घनश्याम न्यौपाने 'परिश्रमी'लाई दोसल्ला ओढाएर अभिनन्दन पनि गरियो । सु.प.ग.म.बाट प्रकाशित गरिएको मञ्चकी संस्थापक अध्यक्ष श्रेष्ठ प्रिया 'पत्थर' को तेस्रो गजल सङ्ग्रह **आँसुको सौगात** को विमोचन पनि सोही कार्यक्रममा न्यौपाने परिश्रमी द्वारा गरिएको थियो भने बृहत गजल प्रतियोगिता समेत सम्पन्न भएको थियो । यसका साथसाथै उक्त समारोहमै श्रेष्ठ प्रिया 'पत्थर'द्वारा स्थापना गरिएको गजल विधामा कृतिगत मूल्याङ्कनको आधारमा दिइने **गजल साधना सम्मान** सञ्चालनको जिम्मेवारी सु.प.ग.म.लाई दिइएको थियो । मञ्चको उद्घाटनको अर्को दिन गजलकार ज्ञानु वाकर पौडेल र घनश्याम न्यौपाने 'परिश्रमी' द्वारा २२ जना प्रशिक्षार्थीहरूलाई गजल सम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो ।

यसरी सिर्जनात्मक उन्नयन र उद्देश्य राखी स्थापना गरिएको यस गजल मञ्चद्वारा वि.सं. २०६० पौष २६ गते आफ्नो प्रथम वार्षिकोत्सव सम्पन्न गरेको थियो । नेपालकै एक महत्त्वपूर्ण रहेको टिकापुर नगरमा बृहत् गजल गोष्ठी गरेर कार्यक्रम सम्पन्न गरिएको थियो । वि.सं. २०६० मङ्सिर ६ गते मञ्चको प्रथम कार्य समितिको निर्वाचन तथा सोही कार्यक्रममा नव गजलकार कृष्णराज धमालाको **अनिदो रातका सपनाहरू** नामक गजल सङग्रहको मञ्चकी नव निर्वाचित अध्यक्ष श्रेष्ठ प्रिया 'पत्थर' द्वारा विमोचन गरिएको थियो ।

---

[८०] सु.प.ग.म.को रेकर्ड फाइल अनुसार ।

त्यस कार्यक्रममा विभिन्न कवि तथा गजलकारहरूलाई कविता र गजल वाचन गर्न लगाई वार्षिक उत्सव अत्यन्त आकर्षक र रोचक वातावरणमा सम्पन्न गरिएको थियो । मञ्चको तदर्थ समितिले नै निर्वाचित पदाधिकारीहरूको दुई वर्षका लागि समय अवधि तोकेको थियो ।

## ३.२ सु.प.ग.म.को कार्यालय र कार्यक्षेत्र

सु.प.ग.म.को कार्यालय कैलाली जिल्लाको धनगढी नगरपालिकामा रहेको छ । हाल यस संस्थाको आफ्नै भवन नभएकाले जन पुस्तकालय कैलाली धनगढी नै कार्यालयको रूपमा रहेको छ । सु.प.ग.म.ले सु.प.का ९ वटा जिल्लाहरूमा सु.प.ग.म.का सम्पर्क कार्यालय खोल्ने योजना बनाएको छ । अहिले विभिन्न जिल्लाका गजल स्रष्टाहरूलाई सो संस्थामा समेटिए पनि सबै जिल्लामा विस्तार भने हुन सकेको छैन ।

सु.प.ग.म.को कार्य क्षेत्र गजल विधाको संवर्द्धन र विकासमा योगदान गर्नु नै हो । यस क्रममा गजल प्रतियोगिता र गजल गोष्ठी गरी साहित्यकारहरूको जन्म जयन्ती धुमधामका साथ मनाउनु, जनमानसमा गजलको महत्त्वबारे प्रकाश पार्नु, यस क्षेत्रका गजल स्रष्टाहरूको व्यक्तिगत विवरण तयार गरी उनीहरूको योगदानको रेकर्ड राख्नु कृति सङ्कलन गर्नु, गजल सम्बन्धी उल्लेख्य योगदान गरेका विशिष्ठ व्यक्तित्वहरूलाई सार्वजनिक रूपमा सम्मानित र पुरस्कृत गर्नु, मञ्चको मानार्थ सदस्यता प्रदान गर्नु, मुखपत्र प्रकाशन गर्नु तथा विविध गजलकारहरूका कृतिहरू प्रकाशन गर्नु नै यसको कार्य क्षेत्र रहेको छ ।

## ३.३ सङ्गठनात्मक स्वरूप

वि.सं. २०६० भाद्र १० गते १३८ औं मोती जयन्तीको अवसरमा विधिवत् रूपमा गठन भएको सु.प.ग.म.को सङ्गठनात्मक स्वरूप यस प्रकार रहेको छ[८१] :-

| | | |
|---|---|---|
| **अध्यक्ष** | १ | जना |
| **उपाध्यक्ष** | २ | " |
| **महासचिव** | १ | " |
| **सचिव** | १ | " |
| **कोषाध्यक्ष** | १ | " |
| **सदस्य** | ९ | " |

[८१] सु.प.ग.म.को विधान, परिच्छेद ७ अनुसार ।

सु.प.ग.म.लाई आवश्यक परेको खण्डमा बढीमा ७ जनासम्मको सल्लाहकार समिति रहने व्यवस्था रहेको छ । सल्लाहकारहरूका लागि कार्य कारिणी समितिले विधागत सल्लाहकारका लागि गजल विधाका वरिष्ठ व्यक्तित्त्व ४ जना र कार्यगत सल्लाहकारका लागि ३ जना मध्ये एक जना सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढीको अध्यक्ष पदेन रूपमा र अरु २ जना शैक्षिक वा सामाजिक संस्थामा सङ्लग्न जिम्मेवार व्यक्तिलाई सर्व सम्मतिबाट मनोनयन गरिने व्यवस्था रहेको छ । यस सदस्यको योग्यता १८ वर्ष उमेर पुगेका भाषा साहित्य, कला र संस्कृति क्षेत्रमा रुचि भएको कुनै पुस्तक वा पत्रपत्रिकामा आफ्ना गजलहरू वा साहित्यका जुनसुकै विधाहरू भए पनि प्रकाशित गरेको नेपाली नागरिक हुनु पर्ने व्यवस्था रहेको छ । साधारण सदस्य, आजीवन सदस्य, संस्थाको प्रतिनिधि सदस्यहरूबाट एक साधारण सभाको गठन हुने व्यवस्था रहेको छ । साधारण सभा वर्षको एक पटक अनिवार्य रूपमा बस्ने र आवश्यकता अनुसार अरू बेला पनि बस्न सक्ने व्यवस्था रहेको छ । कार्य समितिको पदावधि २ वर्षको रहने व्यवस्था रहेको छ । समयावधि पुरा भएपछि अर्को कार्य समिति गठनका लागि निर्वाचन गरी अर्को कार्य समिति गठन गर्ने व्यवस्था रहेको छ ।

### ३.४ विकास प्रक्रिया

वि.सं. २०५९ मोती जयन्तीको अवसरमा गजलकार ज्ञानु वाकर पौडेलले सु.प.ग.म.को आमन्त्रणमा धनगढी आउँदा आफ्नो वक्तव्यको क्रममा सु.प. धनगढीलाई गजलको राजधानी बनाउनु पर्ने बताएका थिए । गजलकारहरूको राय सल्लाह सुझाव र सहमति अनुसार वि.सं. २०५९ पौष २३ गते सु.प.ग.म.को तदर्थ समिति गठन गरिएको पाइन्छ । सो तदर्थ समितिको पदाधिकारीहरू निम्न प्रकार रहेका छन्[८२] :-

| पद | नाम |
|---|---|
| **सं अध्यक्ष** | श्रेष्ठ प्रिया 'पत्थर' |
| **उपाध्यक्ष** | कृष्ण पनेरु 'वञ्चित' |
| **उपाध्यक्ष** | दिव्यसागर साउँदा |
| **महासचिव** | टी.एन. जोशी 'किशोर' |
| **सचिव** | टोपेन्द्र शाह 'रसिक' |
| **कोषाध्यक्ष** | दीपा ऐर 'उदासी' |
| **सदस्य** | तपराज विनाडी |
| " | तारा भट्ट 'पल्लवी' |
| " | दीर्घराज उपाध्याय 'अनुराग' |
| " | निर्दोष 'डेविट' |
| " | पुष्प कुमार शाही 'आकाश' |
| " | मीन बहादुर थापा 'मिलन' |
| " | मेघनाथ खनाल 'बन्धु' |

[८२] सु.प.ग.म.को रेकर्ड फाइल अनुसार ।

| | |
|---|---|
| ” | शिवराज योगी ‘आँसु’ |
| ” | सन्तोष थापा |

**सल्लाहकार समिति**

- ज्ञानु वाकर पौडेल
- घनश्याम न्यौपाने ‘परिश्रमी’
- श्रेष्ठ प्रिया ‘पत्थर’
- दीनानाथ भट्ट (अ. कैलाली जन पुस्तकालय)
- पदमराज जोशी ( अ. सु.प.सा.स.)

सोही दिन मञ्चलाई वैधानिकता दिलाउन विधान निर्माणका लागि विधान मस्यौदा निर्माण समिति गठन भएको थियो जसमा निम्न लिखित व्यक्तिहरू रहेका छन् :-

| | | |
|---|---|---|
| **संयोजक** | - | श्रेष्ठ प्रिया ‘पत्थर’ |
| **सदस्य** | - | टी.एन. जोशी |
| ” | | दिव्य सागर साउँद |
| ” | | टोपेन्द्र शाह |
| ” | | दीर्घराज उपाध्याय |

वि.सं. २०६० मङसिर ६ गते सु.प.ग.म.को प्रथम कार्य समितिको निर्वाचन भएको थियो । सो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरू यस प्रकार रहेका छन् :-

| | |
|---|---|
| **अध्यक्ष्य** | श्रेष्ठ प्रिया ‘पत्थर’ |
| **उपाध्यक्ष** | अशोक बोहरा ‘असीम पीडा’ |
| ” | पुष्पकुमार शाही ‘आकाश’ |
| **महासचिव** | टोपेन्द्र शाह ‘रसिक’ |
| **सचिव** | निर्दोष ‘डेविट’ |
| **कोषाध्यक्ष** | तारा भट्ट ‘पल्लवी’ (मनोनीत) |
| **सदस्य** | अर्जुन बटाला ‘आँचल’ |
| ” | ऋचा लुइटेल |
| ” | कृष्ण सिंह पेला (मनोनीत) |
| ” | खगेन्द्र गिरी ‘कोपिला’ |
| ” | गणेश पहराई ‘जिगम’ |
| ” | धिरज ठकुरी ‘त्रिवेणी’ |
| ” | बम बहादुर धामी |
| ” | लक्की चौधरी |

”　　　मेघनाथ खनाल ‘बन्धु’

**सल्लाहकार समिति**

- ज्ञानु वाकर पौडेल
- घनश्याम न्यौपाने ‘परिश्रमी’
- वियोगी बुढाथोकी
- पदमराज जोशी (अध्यक्ष सु.प.सा.स.)
- दीनानाथ भट्ट (अध्यक्ष कैलाली जन पुस्तकालय)

सु.प.ग.म. को द्वितीय निर्वाचन २०६२ कार्तिक २३ गतेका दिन सम्पन्न भएको थियो । यस निर्वाचनबाट ११ सदस्यीय कार्य समितिको गठन गरिएको थियो । जुन यस प्रकार रहेको छ :-

| | |
|---|---|
| **अध्यक्ष** | दिव्य सागर ‘साउँद’ |
| **उपाध्यक्ष** | टोपेन्द्र शाह |
| ” | मीन ब. थापा ‘मिलन’ |
| **महासचिव** | धिरज ठकुरी ‘त्रिवेणी’ |
| **सचिव** | दीप सागर पन्त |
| **कोषाध्यक्ष** | अमृता ठकुरी |
| **सदस्य** | तपेन्द्र शाह ‘भावातीत’ |
| ” | निरञ्जन बम |
| ” | पुष्कर राज भट्ट |
| ” | रावल कृष्ण |
| ” | हेमराज खड्का |

**सल्लाहकार समिति**

- ज्ञानु वाकर पौडेल
- ललिजन रावल
- घनश्याम ‘परिश्रमी’
- श्रेष्ठ प्रिया ‘पत्थर’
- वियोगी बुढाथोकी

सु.प.ग.म. को तेस्रो निर्वाचन वि.सं २०६४ पौष २१ गते सम्पन्न भएको थियो । सो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरू यस प्रकार रहेका छन् :-

| | |
|---|---|
| **अध्यक्ष** | टोपेन्द्र शाह |
| **उपाध्यक्ष** | गोविन्द 'श्रृङ्खला' |
| " | दीपा ऐर 'उदासी' |
| **महासचिव** | निरञ्जन बम |
| **सचिब** | खगेन्द्र भट्टराई |
| **कोषाध्यक्ष** | अमृता ठकुरी |
| **सदस्य** | कपिल विवस भट्ट |
| " | काशीराम ढुङ्गाना |
| " | धनराज वि.क. |
| " | पुष्पराज जोशी |
| " | लक्की चौधरी |

**सल्लाहकार समिति**

- ज्ञानु वाकर पौडेल
- ललिजन रावल
- घनश्याम 'परिश्रमी'
- श्रेष्ठ प्रिया 'पत्थर'
- वियोगी बुढाथोकी

यसरी वि.सं. २०५९ मा सु.प.ग.म.ले वर्तमान समयसम्म तिन वटा निर्वाचन सम्पन्न गरेको छ ।

### ३.५ सु.प.ग.म. को स्थापनाका उद्देश्यहरू

सु.प.मा देखा परेका विभिन्न गजलकारहरूलाई सूत्रबद्ध गरी परस्पर सहयोग र सद्भावको साथै विधागत एकता कायम गरेर गजल विधालाई लोकप्रिय, समुन्नत र समृद्ध बनाई निरन्तर अगाडि बढाउने उद्देश्य सु.प.ग.म.ले लिएको छ । समाजमा देखा पर्ने जुनसुकै धर्म, वर्ग लिङ्गका स्रष्टाहरूलाई बिना भेदभाव मञ्चमा सहभागी गराउने पनि मञ्चको उद्देश्य छ । स्तरीय गजल लेख्न प्रेरित गर्दै विभिन्न गजल प्रतियोगिता गजल गोष्ठी, गजल वाचन, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दै जाने लक्ष्य लिई यस गजल मञ्चको स्थापना गरिएको हो । यस परिप्रेक्ष्यमा सु.प.ग.म. का स्थापनाका मूलभूल उद्देश्यहरू यस प्रकार रहेका छन्[८३] :-

क) गजल विधाका जुनसुकै वर्ग, धर्म, लिङ्गका स्रष्टाहरूलाई बिना भेदभाव मञ्चमा सहभागी गराउने ।

---

[८३] सु.प.ग.म.को विधान, परिच्छेद ३ अनुसार ।

ख) गजल विधाको संवर्द्धन र विकासमा योगदान पुऱ्याउने ।

ग) गजल विधालाई नेपाली साहित्यमा सम्मानजनक स्थानमा पुऱ्याउने ।

घ) मान्छेको बौद्धिक विकास हुने किसिमको स्तरीय गजल र लेख्नलाई प्रेरित गर्ने ।

ङ) गजल विधाको कृति प्रकाशित गर्ने, गजल वाचन, गजल प्रतियोगिता, गजल गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

च) इच्छुक व्यक्तिद्वारा गजल विधामा प्रयोजित पुरस्कार, स्थापना गर्ने र सो पुरस्कार सञ्चालनको जिम्मेवारी लिने ।

छ) मञ्चको सुदृढ व्यवस्थापनका लागि प्रभावकारी ढङ्गबाट कार्यक्रम सञ्चालन गर्ने र जनमानसमा गजलको महत्त्व र उपयोगिताबारे प्रकाश पारी स्रष्टा तथा पाठक वृद्धि गर्ने ।

ज) यस क्षेत्रका गजल स्रष्टाहरूको बायोडाटा तयार गरी उनीहरूको योगदानको रेकर्ड राख्ने, कृति सङ्कलन गरेर राख्ने ।

झ) यस मञ्चको प्रगतिमा उल्लेखनीय योगदान दिएका यस मञ्चद्वारा सञ्चालित कार्यक्रमहरूलाई सफलताका साथ सञ्चालन गर्ने विशेष सेवा पुऱ्याएका र गजल साहित्यको सिर्जनामा उल्लेखनीय योगदान दिएका विशिष्ट व्यक्तिहरूलाई सार्वजनिक रूपमा सम्मान गर्ने, पुरस्कृत गर्ने तथा मञ्चको मानार्थ सदस्य प्रदान गर्ने ।

ञ) यस क्षेत्रका स्रष्टाहरूद्वारा लिखित गजल सङ्ग्रह वा गजल सम्बन्धित पुस्तकको पाण्डुलिपिलाई स्तरीयताका आधारमा पुरस्कृत तथा प्रकाशित गर्ने ।

## ३.६ सु.प.ग.म. को आर्थिक अवस्था

सु.प.ग.म.ले स्थापना कालदेखि नै गजल साहित्यको सिर्जनामा उल्लेखनीय योगदान गरेको छ । यसले गजलकारहरूलाई सार्वजनिक रूपमा सम्मान गर्ने, स्रष्टाहरूद्वारा लिखित गजल सङ्ग्रहलाई स्तरीयताका आधारमा पुरस्कृत तथा प्रकाशित गर्ने काम गर्दै आएको छ । यसले गजल विधामा इच्छुक जुनसुकै वर्ग, धर्म, लिङ्गका स्रष्टाहरूलाई भेदभावबिना मञ्चमा सहभागी गराउँदै गजल वाचन, गजल प्रतियोगिता, गजल गोष्ठी तथा अन्तरक्रिया जस्ता विभिन्न कार्यक्रमहरू, सञ्चालन गर्दै आएको छ । यस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि आयस्रोतको आवश्यकता पर्ने भएकोले सु.प.ग.म. को स्रोतको रूपमा विभिन्न दातृ संस्थाहरू, सङ्घसंस्थाहरूले दिएको चन्दा सहयोग, आजीवन सदस्यबाट प्राप्त रकम, विभिन्न व्यक्तिहरूको सहयोग र साधारण सदस्यता आदि बापत रकम नै मुख्य स्रोतका रूपमा रहको पाइन्छ ।

## ३.७ सु.प.मा गजलको विकास प्रक्रिया

फारसी र उर्दू  हुँदै नेपाली साहित्यमा सर्वप्रथम गजल प्रवेश वि.सं. १९४० तिर मोती राम भट्टबाट भएको मानिन्छ । उनले नेपाली साहित्यमा वीर तथा भक्ति धारामा अल्मलिएको नेपाली कवितालाई शृङ्गारिक धारामा प्रारम्भ गरे ।

नेपालीमा गजल लेख्ने परम्परा बसाएर नेपाली पाठक तथा स्रोतालाई फारसी छन्दको स्वाद पनि चखाए ।  पाँच वर्षको कलिलो उमेरदेखि नै वनारसमा बसी फारसी स्कुलबाट शिक्षाको प्रारम्भ गरेपछि त्यहाँ उनले फारसी भाषाको राम्रो अध्ययन गरे । भारतका साहित्यकार भारतेन्दु हरिश्चन्द्रसँग नजिकको सम्बन्ध राखेको देखिनु, पन्नालालसँग सङ्गीतको शिक्षा लिनुका साथै त्यस समयमा नेपालको राजदरवारमा हुने गीत गजल गायनको वातावरणले गर्दा नै उनले गजल लेख्ने प्रेरणा प्राप्त गरेका हुन् । मोती राम भट्टले गजल लेख्नुका साथै अरूलाई पनि गजल लेख्न प्रेरणा दिएको पाइन्छ । आफ्ना साथीहरू लक्ष्मीदत्त पन्त 'इन्दु' गोपीनाथ लोहनी, दुर्गा देव पाण्डे आदिको जमात बटुलेर मोती मण्डली नै खडा गरी शृङ्गार रसका कविता र गजलहरू लेख्ने र अरुलाई पनि लेखन प्रोत्साहित गरेको भेटिन्छ ।

भट्ट लगायत मोती मण्डलीका सदस्याहरू र तत्कालीन अन्य कविहरूले लेखेका गजलहरू पनि सङ्कलन गरेर प्रकाशित भएको **सङ्गीत चन्द्रोदय** नेपाली गजल साहित्यको पहिलो गजल सङ्ग्रह सावित भएको छ तर यसको पहिलो प्रकाशन कहिले भयो  भन्ने बारेमा भरपर्दो प्रमाण फेला पर्न सकेको छैन ।[८४] वि.सं. १९६९ मा नेपालबाट प्रकाशित गोपीनाथ लोहनी तथा दुर्गादेव पाण्डेद्वारा सम्पादन गरिएको **सङ्गीत चन्द्रोदय** अहिले उपलब्ध देखिन्छ ।[८५] यस सङ्ग्रहमा मोती राम भट्ट लगायत लक्ष्मी दत्त पन्त, गोपी नाथ लोहनी, नरदेव 'सुधा', अम्जद हुसैन 'अन्जान', रत्नलाल रत्न 'गजब' आदिका गजलहरू सङ्कलित छन् ।

फारसी उर्दु हिन्दी एवम् नेपाली तथा दक्षिण एसियाको विभिन्न भाषा परिवारमा समेत गजलले आफ्नो अग्र स्थान राख्न सफल भएको छ । गजल आफ्नो पुरानो शब्दार्थको मान्यतामा मात्र सीमित नरही सुख, दु:ख, हर्ष, विस्मात, पीडा, व्यथा, द्वन्द्व जस्ता कुराहरू अभिव्यक्त गर्ने माध्यम हुन पुग्यो । अर्कातिर अमानवीय व्यवहार सामाजिक राजनैतिक एवम् धार्मिक, विकृति, विसङ्गति, वेथिती तथा देशकाल परिस्थितिको यथार्थ चित्रण गर्ने, विरोध विद्रोह जस्ता कार्यहरू गर्ने काव्य विधाका रूपमा स्थापित र चर्चित हुदै आयो । त्यसपछिका दिनहरूमा ५६ वर्षको अवधिसम्म गजल मूर्चित अवस्थामा रह्यो । गजल सिर्जनामा लामो समयको शुन्य स्थितिलाई चिर्दै वि.सं. २०३६ तिर देशमा देखा परेको राजनैतिक परिस्थितिका कारणले पनि पुन: गजलकारह**रू** गजल विधामा कलम चलाउन थाले । यसै समयमा **रूपरेखा** पत्रिका मार्फत गजल प्रकाशित गरेर ज्ञानु वाकर पौडेल गजल विधाका पुनर्जागरणका प्रणेता बन्न पुगे जसले गर्दा गजल प्रति गजलकारहरूको आकर्षण बढ्यो । साथै गजलकार ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा 'तुफान' आदि गजलकारहरूले यस विधालाई पुनर्जागरण कालदेखि नै अगाडि बढाउनमा ठुलो मेहनत तथा सङ्घर्ष गर्न थाले । यसको परिणाम सु.प.का केही जिल्लाहरूमा समेत देखिन थाल्यो ।

---

[८४] कृष्णहरि बराल, पूर्ववत्,, पृ. २०९ ।

[८५] ऐजन्, पृ. २०९ ।

नेपाली साहित्यमा भित्रिएको गजल विधालाई हेर्दा सु.प. मा प्राथमिककालीन समयमा कुनै पनि प्रतिभाद्वारा गजल लेखिएको भेटिँदैन । वि.सं. २०१२ देखि नै उर्दू गजल खुश्बुराज शाहीले लेख्न थालेको देखिए पनि गजल प्रकाशित भएको भेटिँदैन । वि.सं. २०१८/२०१९ देखि नै नेपाली गजल विधामा उनले कलम चलाएको भने देखिन्छ । वि.सं. २०२२/२०२३ देखि मात्र उनका गजलहरू राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित हुन थालेको पाइन्छ । नेपाली साहित्यमा भित्रिएको गजल विधाको प्रवेश तथा लेखन सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा यसको विकास प्रक्रियाको बारेमा चर्चा गर्नुपर्दा नेपाली साहित्यमा गजल विधाको पुनर्जागरण कालकै गजलकार ललिजन रावलको रचनाहरूबाट सुरु भएको देखिन्छ । यस क्षेत्रमा गजल विकास प्रक्रियाको चरणगत विभाजन गर्नु भन्दा गजल सङ्ग्रहको लेखन तथा प्रकाशनका हिसाबले यसको विकास प्रक्रियालाई हेर्न सान्दर्भिक देखिन्छ । जसलाई यस प्रकारले विभाजन गरेर हेर्न सकिन्छ :-

प्रथम चरण (२०४० देखि २०५० को दशक)

दोस्रो चरण (२०५० देखि २०६० को दशक)

तेस्रो चरण (२०६० देखि हालसम्म)

### ३.७.१ प्रथम चरण (२०४० देखि २०५० को दशक)

सु.प.मा पहिलो गजलकार र नेपाली साहित्यमा गजल विधाको पुनर्जागरण कालकै गजलकारका रूपमा ललिजन रावललाई लिन सकिन्छ । उनले वि.सं. २०३६/२०३७ देखि नै आफ्ना रचनाहरू निरन्तर प्रकाशित गरेपछि मात्र सु.प.मा गजल लेखन तथा प्रकाशन अगाडि बढेको देखिन्छ । रावलद्वारा रचित गजल सङ्ग्रह **केही गजलहरू** (२०४२) सालमा प्रकाशित भई नेपाली गजलमा पुनर्जागरण पछिको पहिलो गजल सङग्रहका रूपमा प्रकाशित भयो । उनको गजल सङ्ग्रह **बिरानो यो ठाउँमा** (२०४६) मा प्रकाशित भयो । उनकै सम्पादनमा **समकालीन नेपाली गजल** (२०४७) कृतिले गजल लेख्नेहरूका लागि आवश्यक संरचनात्मक नियमहरू अध्ययन गर्ने मार्ग प्रदर्शन गऱ्यो । यसरी सु.प. का लागि गजल विधामा उल्लेख्य योगदान गरेका रावलका गजलहरू २०४५ देखि नै रेडियो नेपालमा रेकर्ड भई बज्न थालेका देखिन्छन् ।

सु.प. को गजल विकासका साथै सु.प.ग.म.को समेत विकासमा विशेष योगदान दिने उल्लेखनीय अर्को नाम हो श्रेष्ठ प्रिया 'पत्थर' । गजल विधमा सशक्त रूपमा कलम चलाइरहेकी गजलकार श्रेष्ठ प्रिया 'पत्थर'ले पनि वि.सं २०४३ देखि नै **खप्तड सन्देश** साप्ताहिक (धनगढी) मार्फत आफ्नो गजलहरू **न त तिमीले बुझ्न सक्यौ** (२०४३), **जिन्दगीको माग** (२०४४) र **जब आफैले जलाई जान्छ** (२०४४) प्रकाशित गरेको पाइन्छ । अधिराज्यका विभिन्न स्थानबाट तत्कालीन समयमा प्रकाशित हुने पत्रपत्रिकामा समेत 'पत्थर'का गजलहरू भेटिने गर्दछन् । उनले आफ्नो प्रथम गजल सङ्ग्रह **पग्लिएका व्यथाहरू** प्रकाशित गरी नेपाली गजलको प्रथम महिला गजल कृतिकार बन्ने सौभाग्य प्राप्त गरिन् । उनी महिला गजलकारहरूको प्रेरणाको स्रोतका रूपमा समेत देखा परिन् । सु.प. लाई नै आफ्नो कर्मथलो बनाई निरन्तर रूपमा गजलको विकास र विस्तारका साथै साङ्गठनिक रूपमा आफूमात्र नभई अरुलाई पनि लेख्न हौसला प्रदान गरेकी 'पत्थर'ले यस क्षेत्रको गजल विकासमा अथक मेहनत र परिश्रम रहेको पाइन्छ । यसरी एकल रूपमा आ-आफ्नो क्षेत्रबाट गजल लेखन तथा विकासमाथि विभिन्न प्रतिभाहरूको महत्त्वपूर्ण भुमिका रहेको

देखिन्छ । नव प्रतिभाशाली गजलकारहरूलाई हौसला र लेखनमा प्रेरणा थप्दै वर्तमान समयसम्म पनि सु.प. को गजल विधालाई निरन्तर रूपमा अगाडि बढाएको देखिन्छ ।

### ३.७.२ दोस्रो चरण (२०५० देखि २०६० को दशक)

सु.प.का धेरैजसो जिल्लाहरूमा ३० को दशक मा देखा परेका गजलहरूको माया सद्भाव, हौसला र सहयोगबाट त्यहाँका साहित्यनुरागी युवा जमात आ-आफ्नो क्षेत्रबाट रचनाहरू कोर्दै गजल विधा प्रति आकर्षित हुन थाले । ५० दशकको पूर्वाद्धदेखि गजल विधाले बढी लोकप्रियता प्राप्त गऱ्यो । सु.प.मा रहेका विभिन्न गजलकारहरूले विशेष गरी आफ्ना गजलहरूमा शृङ्गारिक भाव प्रस्तुत गरेका छन् । शृङ्गारिक भावभित्र पनि विशेष गरी सुन्दरीको रूप, रङ्ग र हाउभाउ जस्ता विभिन्न क्रियाकलापको वर्णन गरिएको पाइन्छ । केही गजलकारहरूका गजलहरूमा भने संयोग र वियोग दुवै प्रकारका भावहरू समेटिएका भेटिन्छन् । ५० को दशकमा देखा परेका धेरै जसो गजलहरू बहरमा आधारित नभएको तर केही र गजलहरू भने सिद्धान्तमा रहेर लेखिएका देखिन्छन् । गजलहरूमा विषय वस्तुलाई हेर्दा शृङ्गारिकतामात्र नभएर हत्या, हिंसा, लुटपाट, भ्रष्टाचार, कुसंस्कार, विकृति, विसङ्गति, जीवनका दु:ख सुख मात्र नभएर राष्ट्रप्रेम, राजनीति, तथा सशस्त्र द्वन्द्वलाई समेत विषयवस्तु बनाएका पाइन्छन् । ५० को दशकमा पनि ३० र ४० को दशकमा देखा परेका गजलकारहरू ललिजन रावल र श्रेष्ठ प्रिया 'पत्थर' का गजलहरू समेत प्रकाशित भएका छन् । ५० को दशकमा विशेष गरी पूर्वाद्ध र उत्तरार्द्धतिर 'पत्थर'ले बढी कलम चलाएको देखिन्छ । 'पत्थर'को गजल सङ्ग्रहहरूमा **पग्लिएका व्यथाहरू** (२०५३), **पत्थरका प्रलापहरू** (२०५९), **आँसुको सौगात** (२०६०) जस्ता गजल सङ्ग्रहहरू प्रकाशित भएका छन् । यस समयको पूवार्द्धतिर विभिन्न गजलकारहरू देखा परे पनि तिनीहरूको गजल सङ्ग्रहहरू भने प्रकाशन नभएको तर विभिन्न पत्र पत्रिकाहरूमा गजलहरू छापिएका भेटिन्छन् । जेहोस गजल सङ्ग्रहहरू प्रकाशित नभए पनि गजल विधालाई अगाडि बढाउनु ठुलो भूमिका देखिन्छ । ५० दशकको पूर्वाद्धमा देखा परेका गजलहरूमा दिव्यसागर साउँद रामलाल जोशी, सीता राम भट्ट, कृष्ण राज भट्ट, कृष्ण सिंह पेला, टी.एन. जोशी 'किशोर', अशोक वोहरा, आदर्शदीप रावल, सम थापा 'भारद्वाज', कृष्ण पनेरु 'वञ्चित', पुष्प पाण्डेय 'पसेली' राम बहादुर वोगटी, नरेन्द्र 'अञ्जान', रविन्द्र भट्ट, सि.एन. भण्डारी, अनाथ धानुक आदि गजलकारहरूले गजल विधालाई अगाडि बढाउने कार्य गरेको छन् । यिनीहरू एकल रूपमा मात्र नभएर साङ्गठनिक रूपमा समेत गजलको विकासमा निरन्तर लागि परेका देखिन्छन् । सु.प.मा गजलको विकास तथा लेखनमा नयाँ नयाँ प्रतिभाहरू देखा परेका छन् । ५० दशकको मध्यतिर दीर्घ राज उपाध्याय 'अनुराग', सेत राज 'संगम', भरत 'रोदन' साउँद जस्ता गजलकारहरूले गजल विधालाई अगाडि बढाएका छन् । यस समयमा दिव्यसागर साउँदको **एउटा लहर सागरको** (२०५६) र रामलाल जोशीको **हत्केलामा आँसु** (२०५७) जस्ता गजल सङ्ग्रहहरूले समेत गजल विधाको उचाई थप्दै आएका छन् । ५० दशकको मध्यतिर देखा पर्ने गजलकारहरूमा टोपेन्द्र शाह 'रसिक', निर्दोष 'डेविट', देवेन्द्र सुगाला, हर्क देवकोटा, मीन ब. थापा, पुष्प शाही 'आकाश', योगेश रावल 'सनम', ऋचा लुइटेल, दीपा ऐर 'उदासी', मेघनाथ खनाल 'बन्धु', रमेश जमाल, सन्तोष थापा, टेक बहादुर ठकुल्ला, शिव राज योगी, तपराज बिनाडी, निरञ्जन बम, डि.पी दर्शन जय सिंह 'ज्यामी' आदि गजलकारहरूको उपस्थितिले गर्दा गजल विधाको विकासमा झनै तीव्र रूप देखा परेको छ । यस्तै ५० दशकको उत्तरार्द्धतिर धरै मात्रामा गजल सङ्ग्रहहरू प्रकाशित भएका छन् । कतिपय गजलहरू पत्र पत्रिकामा समेत प्रकाशित भएकाले पनि यस समयको उत्तरार्द्ध चरण भने बढी महत्त्वपूर्ण रहेको छ । यस समयमा श्रेष्ठ प्रिया पतथरका **पत्थरका प्रलापहरू** (

२०५९), **आँसुको सौगात** (२०६०), ललिजन रावलको **सिरानीमा आँसु** (२०६०), मीन बहादुर थापा 'मिलन'को **मेरा हत्केलाका मिलनका रेखाहरू** (२०५८), अशोक बोहरा र ऋचा लुइटेलको **बाँसुरीका धुनहरू** (२०५८), टेक बहादुर ठकुल्लाको **मनभित्रका ज्वारभाटाहरू** ( २०५९), दीर्घराज उपाध्याय 'अनुराग' को उनैको यादमा (२०५९), खगेन्द्र गिरी 'कोपिला' **उस्तै उस्तै नदीको उस्तै उस्तै छालहरू** (सुयुक्त २०५९) जस्ता गजल सङ्ग्रहहरूले पनि सु.प. मा गजल विधालाई मलजल थप्ने काम गरेका छन् । यी बाहेक यस दशकको उत्तरार्द्धतिर कलम चलाउने गजलकारहरूमा पुष्कर राज भट्ट, धिरज ठकुरी 'त्रिवेणी', तारा भट्ट, 'पल्लवी' रावल कृष्ण, जयदेव जोशी 'दार्चुले', लक्की चौधरी, वेणी माधव भट्ट, जनक बटाला, बम 'मितभाषी', कमल थापा 'सागर', तिकल बोहरा, टिकेन्द्र 'जलन', प्रकाश चन्द, भीष्म थापा, गणेश जिगम, क्षितिज भण्डारी, सूर्य प्रकाश जोशी 'अनाथ', रघुनाथ ओझा, रोहित ढकाल, सत्य राज जोशी, शिरिष 'गाउँले', श्याम बाबु पाण्डेय, तेज विक्रम शाही, 'स्वयात्री', मणिराम जोशी, अर्जुन आँचल, कुवेर शाह, प्रसय प्रसान्त, दीपिका भट्ट, दीपक वर्तमान, मीन ठकुरी, डोटेली 'कान्छा', लाल जंग भण्डारी आदि गजलकारहरूको उपस्थिति रहेको छ ।

### ३.७.३ तेस्रो चरण (२०६० देखि हालसम्म)

सु. प. मा ६० को दशकसम्म आई पुग्दा गजल विधा निकै नै लोक प्रिय भएको छ । परम्परादेखि नै प्रेमिकाका विषयमा गरिने कुराकानी वा प्रियसीसँगको वार्तालाप जस्ता कुराहरू लेखिने गजल विधामा अहिले आएर सर्वाङ्ग नाङ्गिएको मनुष्यको मानवता, हत्या, हिंसा, लुटपाट, शान्ति, जीवनका आरोह अवरोह, देशप्रेम आफ्नो संस्कृति र सभ्यता महिला मुक्तिका आवाजहरू सामन्ति संस्कार, लोकतन्त्र तानाशाही शासन व्यवस्था, शहिदको सम्झना, सामाजिक चेतना, राजनीति, प्रकृति चित्रण, छुवाछुत रुढीबादी, कुरिती र कुसंस्कार जस्ता विभिन्न किसिमका विषय वस्तुमा आधारित गजलहरू लेखिएका छन् । आज भोलिका गजलहरूमा मान्छेको मृत्युमा मजा लिने मान्छे प्रति, जनतालाई भेडा ठानेर भाषण गर्ने नेताप्रति, देशमा घुस लिने र दिने प्रवृत्तिले निम्त्यायको समस्याप्रति विदेशीले नेपालमाथि गरेको हस्तक्षेप नीति प्रति, अरुको इसारामा चल्ने नेपाल सरकार र मान्छेले मान्छेलाई गर्ने दानवीय व्यवहार प्रति तिखो व्यङ्ग्यहरू गजलहरूमा प्रस्तुत गरिएका छन् । स्वतन्त्र भई बाँच्न पाउँनु पर्ने जिन्दगीको कुरा, अभावै अभावका बिच पनि बाँच्नु पर्ने परिस्थितिका कुरा नेपाली भएर पनि शरणार्थी जीवन जीउन वाध्य भएका कमैयाँहरूका कुरा, गाउँ गाउँ र वस्ती वस्तीबाट युवाहरू जुटेर देश निर्माण गर्नु पर्ने कुरा समेत गजलहरूमा व्याख्या गरिएका छन् । यस सु.प.को गजल बाढीले गर्दा नै गजल विधालाई निकै अगाडि बढाएको छ । साहित्यका अन्य विधाहरूमा कलम चलाउने कवि, कथाकार, उपन्यासकार, निबन्धकार जस्ता अन्य साहित्यकारहरू पनि गजल विधामा आकर्षित भएका छन् ।

यस समयमा देखा परेको गजलको वाढीमा रमाउँदै विभिन्न गजलकारहरूले गजल सङ्ग्रहहरू प्रकाशित गरेका छन् । ६० को दशक सँगसँगै नारायण कौशिक **उही घर्ती उही आकाश** (२०६०), कृष्ण राज धमाला 'अपूर्ण', **अनिदो रातका सपनाहरू** (२०६०), दीपा ढकाल 'आँसु' **शान्तिको विगुल** (२०६१), दीलिप झा 'सागर' **कोपिला** (२०६१), टी.एन. जोशी किशोर **देश रोएको बेला** (२०६२), जस्ता गजल सङ्ग्रहहरू प्रकाशित भएका छन् । सु.प.ग.म. ले ६० को दशकमा विभिन्न गजल सङ्ग्रहहरू प्रकाशन गरेकोले पनि गजल विधा वर्तमान समयसम्म अगाडि वढेको छ । सु.प.ग.म.ले २०६० देखि हालसम्म प्रकाशन गरेका गजल सङ्ग्रहहरू यस प्रकार रहेका छन् :-

श्रेष्ठ प्रिया 'पत्थर' **आँसुको सौगात** (२०६०), खगेन्द्र गिरी 'कोपिला' **व्यग्र चादनी** (२०६१), लक्की चौधरी **सहीदान** (२०६१), बल बहादुर रावल 'सानु' **गजलका फूलहरू** (२०६१), मीन बहादुर थापा 'मिलन' **तिम्रो प्यार र छुटेको आचल** (२०६१), ऋचा लुइटेल **भावनाको यात्रा** (२०६१), धिरज ठकुरी 'त्रिवेणी' **किनारदेखि किनारसम्म** (२०६२), पुष्कर राज भट्ट **सुनौलो विहानी** (२०६३), तपेन्द्र शाह 'भावातीत' **जुन झरेको पातमा** (२०६३), लक्की चौधरी **अन्तर्भाव** (२०६३), कृष्ण पनेरु 'वञ्चित' **बल्झेर घाउ फेरी** (२०६५), हर्कमान घर्तीमगर **सद्भावका फूलहरू** (२०६५), हरिष किरण 'ह्दयानुरागी' **विरही र विद्राही आवाज** (२०६६), हिक्मत सिंह 'प्रतीक' + भरत गिरी 'वियोगी' **लाली किरण** (२०६६), दीपा ऐर 'उदाशी' **घामछायाँ** (२०६६), खनाल मेघनाथ 'बन्धु' **गजल यात्रा** (२०६४), निरञ्जन बम टी. एम. **मन बहलाउँदा** (२०६५) र गणेश 'स्मृति' रोकाया **स्मृतिका छालहरू** (२०६७) रहेका छन् । सु.प. मा गजल विधाको विकासका लागि गजल प्रेमी स्रष्टा र उनका प्रकाशित गजल सङ्ग्रहहरूबाट मात्र नभएर यस क्षेत्रका साहित्यिक सङ्घसंस्थाहरूले खेलेको भूमिकालाई पनि अहम् मान्न सकिन्छ । गजल विकासमा सु.प.ग.म. को अतिरिक्त **सुदूर पश्चिम साहित्य समाज, जन पुस्तकालय, भानु पुस्तकालय, मोती साहित्य समाज, विद्यार्थी साहित्य प्रतिष्ठान, साइनो प्रतिभा मञ्च, नवरत्न साहित्य संगम** आदिले पनि बेला बेलामा गजल सम्बन्धी साहित्यिक कार्यक्रम गर्दै आएका छन् ।

यस विधाको विकासमा गजल सम्बन्धी पत्रिकाहरूमा **गजल प्रवाह** (कैलाली), **प्यास** (वैतडी) र **आस्था** (कञ्चनपुर) आदि रहेका छन् । यसका साथै विभिन्न पत्र पत्रिकाहरू जस्तै **खप्तेड सन्देश, मातृ सन्देश, सेती समाचार, धनगढी पोष्ट, नेपाली टाइम्स, हाम्रो परिचर्चा** यसैगरी **पराग, परेली, आफन्त, गौरव, संगन, मालिका, सुरभी आयाम र जनचेतना** लगायतका पत्र पत्रिकाहरूले पनि गजल विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसका अतिरिक्त साहित्यिक पत्रिकाहरूमा **भुकम्प, गौरब र पूर्णिमा** लगायत थुप्रै पत्रिकाहरूले गजल विशेषाङ्कका रूपमा कृति प्रकाशन गर्ने गर्दछन् । यस्तै सु.प.ग.मा. रहेका विभिन्न एफ.एम.हरू जस्तै **दिनेश, खप्तड, घोडाघोडी, फुलवारी, सामुदायिक** एफ.एम. **टिकापुर, मालिका, गोदावरी, शुक्लफाँटा, महाकाली** जस्ता विभिन्न एफ.एम.हरूले समेत गजल कार्यक्रम सञ्चालन गरेर गजल स्रष्टाहरूलाई आकर्षित गरेका छन् ।

सु.प. मा गजल विकासको प्रक्रियालाई हेर्दा दिन प्रतिदिन गजल स्रष्टाहरू बढ्दै गएका देखिन्छन् । यसको परिणाम स्वरूप नै देखा परेको सु.प.ग.म. ले समेत २० भन्दा बढी गजल सङ्ग्रहहरू प्रकाशित गरिसकेको छ । केही गजलकारहरूका गजल सङ्ग्रहहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । जेहोस सु. प.मा ६० को दशकमा देखा परेका गजलहरूको विकासलाई हेर्दा साहित्यिक पत्रिकाहरू, विभिन्न दैनिकी, मासिक र वार्षिक पत्र पत्रिकाहरू, साहित्यिक सङ्घसंस्थाहरू, विभिन्न एफ.एम.हरू समेतको योगदान रहेको देखिन्छ ।

# चौथो परिच्छेद

## सु.प.ग.म.का क्रियाकलाप र प्रकाशित कृतिहरूको सामान्य विवेचन

### ४.१ सु.प.ग.म.का साहित्यिक क्रियाकलापहरू

सु.प.ग.म. ले स्थापना कालदेखि नै गजल सम्बन्धी विविध क्रियाकलापहरू गर्दै आएको छ । यसले गजलकारहरूका विचारहरूलाई समेट्दै, लुकेर रहेका प्रतिभाहरूलाई परिचित गराउँदै आएको छ । सु.प. मा रहेका स्रष्टाहरू र विभिन्न भाषामा लेखिएका गजलहरू सङ्कलन गरी तिनीहरूको प्रकाशन गर्दै आएको छ । यसको विकास र विस्तारका लागि सु.प.ग.म. ले अन्य आकर्षक साहित्यिक क्रियाकलापहरू पनि गर्दै आएको छ । तल उल्लेख गरिएका साहित्यिक क्रियाकलापहरूलाई सु.प.ग.म. को मुखपत्र (गजल प्रवाह), बैठक पुस्तिका एवम् यस मञ्चसँग सम्बन्धित पदाधिकारीहरूसँग छलफल गरी लिइएको छ । यस मञ्चका महत्त्वपूर्ण गजल सम्बन्धी साहित्यिक क्रियाकलापहरू यस प्रकार रहेका छन्[८६] :-

### ४.१.१ २०६० का साहित्यिक क्रियाकलापहरू

- २०६० भाद्र १० गते १३८ औं मोती जयन्तीको अवसरमा गजल प्रतियोगिता गरी सहज वातावरणमा कार्यक्रम सम्पन्न गरिएको थियो ।
- त्यस समारोहमा मञ्चद्वारा प्रकाशित मञ्चकी संस्थापक अध्यक्ष श्रेष्ठ प्रिया 'पत्थर'को तेस्रो गजल सङ्ग्रह आँसुको सौगात को गजलकार घनश्याम 'परिश्रमी'द्वारा विमोचन समेत गरिएको थियो ।
- भाद्र ११ गते गजलकार ज्ञानु वाकर पौडेल र घनश्याम न्यौपाने 'परिश्रमी'द्वारा २२ जना प्रशिक्षार्थीहरूलाई गजल सम्बन्धी प्रशिक्षण दिइएको थियो ।
- पौष २६ गते आफ्नो वार्षिकोत्सवको अवसरमा टिकापुर नगरमा बृहत् गजल वाचनका साथै गजल गोष्ठी कार्यक्रम सम्पन्न गरेको थियो ।
- सु.प.ग.म. ले फागुनदेखि गजल शृङ्खला कार्यक्रमको सुरुवात गरेको थियो । यसको स्थापना कालदेखि नै हालसम्म प्रत्येक महिनाको पहिलो शनिवार ४ बजे जन पुस्तकालय धनगढीमा गजल प्रतियोगिता गर्दै आइरहेको छ ।

### ४.१.२ २०६१ का साहित्यिक क्रियाकलापहरू

- भाद्र २९ गते कैलालीको धनगढीमा गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

---

[८६] सु.प.ग.म.का अध्यक्ष टोपेन्द्र शाहसँग मिति २०६७।७।१६ गते लिईएको अन्तवार्ता अनुसार ।

- पौष २३ गते कैलालीको धनगढीमा सु.प.ग.म. को सैद्धान्तिक जानकारी गराउँदै गजल वाचन कार्यक्रम समेत गरिएको थियो ।

- माघ १ गते (माघे सङ्क्रान्ती) को अवसरमा टिकापुर नगरमा गजल गोष्ठी कार्यक्रम सम्पन्न गरिएको थियो ।

- चैत्र २५ गते सु.प.ग.म.का साहित्यिक गतिविधिको सामान्य चर्चा गर्दै विभिन्न गजलकाहरूलाई गजल सम्बन्धी सामान्य जानकारी दिइएको थियो ।

### ४.१.३ २०६२ का साहित्यिक क्रियाकलापहरू

- भाद्र १८ गते १४० औं मोती जयन्तीको अवसरमा गजल प्रतियोगिता कार्यक्रम धुमधामका साथ सम्पन्न गरिएको थियो ।

- कार्तिक २३ गते सु.प.ग.म. को तेस्रो वार्षिक उत्सव मनाउँदै गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

- पौष १६ गतेको सम्मान कार्यक्रममा गजलकारहरूलाई सम्मान गर्दै सम्मानित गजलकारहरूले गजल सम्बन्धी जानकारी प्रदानगरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ४.१.४ २०६३ का साहित्यिक क्रियाकलापहरू

- भाद्र १७ गते कैलालीको लम्कीमा १४१ औं मोती जयन्तीको अवसरमा गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

- पौष २३ गते कैलालीको टिकापुरमा सु.प.ग.म.को चौथो वार्षिकोत्सवमा गजल गोष्ठी कार्यक्रम सम्पन्न गरिएको थियो ।

- फागुन १७ गते पोखराका गजलकारलाई सम्मान गर्ने अवसरमा विभिन्न गजलकारहरूलाई सङ्गठित गरेर गजल वाचन कार्यक्रम सम्पन्न गरिएको थियो ।

- फागु पुर्णिमाको अवसरमा सु.प.ग.म. सँग सम्बन्धित विभिन्न गजलकारहरू सङ्गठित भएर होली सम्बन्धी गजल वाचन गर्दै कार्यक्रम सम्पन्न गरेका थिए ।

### ४.१.५ २०६४ का साहित्यिक क्रियाकलापहरू

- भाद्र २९ गते कैलालीको धनगढीमा १४२ औं मोती जयन्तीको अवसरमा गजल प्रतियोगिताका साथै केही गजलकारहरूद्वारा गजल सम्बन्धी सामान्य जानकारी प्रदान गर्दै भव्यताका साथ कार्यक्रम सम्पन्न गरिएको थियो ।

- कार्तिक २ गते विजया दशमीको शुभकामना आदान प्रदान गर्दै टिकापुर बजारमा भव्य गजल प्रतियोगिताका साथमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

- माघ ५ गते सु.प.ग.म. को पाँचौ वार्षिकोत्सव कैलालीको टिकापुरमा गजल गोष्ठी कार्यक्रम सहित सम्पन्न गरिएको थियो ।

- चैत्र ५ गते सु.प.ग.म.को साहित्यिक गतिविधिको चर्चा गर्दै नव सिकारु गजलकारहरूका लागि गजल सम्बन्धी सामान्य जानकारी गरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ४.१.६ २०६५ का साहित्यिक क्रियाकलापहरू

- बैशाख १ गते सु.प.ग.म. द्वारा कैलालीको धनगढीमा शुभकामना आदान प्रदान गर्नुका साथै गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

- भाद्र २८ गते १४३ औं मोती जयन्तीको अवसरमा 'नेपाली साहित्यमा गजलको विकास' नामक विचार गोष्ठी सम्पन्न गरिएको थियो ।

- असोज ९ गते गजलकारहरूलाई सम्मान गर्ने कार्यक्रममा बृहत् गजल कार्यक्रम समेत सम्पन्न गरिएको थियो ।

- चैत्र १२ गते साल्ट ट्रेडिङ्ग कर्पोरेसनको सहयोगमा 'नुन' विषय वस्तुमा गजल प्रतियोगिता गर्दै छैटौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो ।

- चैत्र २२ गते गदरिया गा.वि.स.को जनता उच्च माध्यमिक विद्यालयमा नव सिकारु गजलकारहरूलाई गजल प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ४.१.७ २०६६ का साहित्यिक क्रियाकलापहरू

- बैशाख १ गते धनगढीमा नव वर्षको अवसरमा सु.प.का गजल स्रष्टाहरू सङ्गठित भएर शुभकामना आदान प्रदान गर्दै नयाँ वर्षको स्वागतसँग सम्बन्धित गजलहरू वाचन गरेर भव्य रूपमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

- जेठ १३ गते कैलाली फुलवारी गा.वि.स.को फुलवारी उच्च माध्यमिक विद्यालयमा सु.प.ग.म. द्वारा गजल प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो ।

- भाद्र २३ गते १४४ औं मोती जयन्तीको अवसरमा यस मञ्चद्वारा बृहत् गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

- फागुन १ गते सु.प. को कैलाली जिल्लामा पर्ने घोडाघोडी तालमा डुङ्गा चढेर मञ्चको सातौं वार्षिकोत्सवका साथै उक्त स्थानमा गजल वाचन सहित साहित्यिक वनभोज कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ४.१.८ २०६७ का साहित्यिक क्रियाकलापहरू

- बैशाख १ गते कैलालीको धनगढीमा नयाँ वर्षको शुभकामना आदान प्रदान गर्दै गजल प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो ।

- असोज ९ गते कैलालीको धनगढीमा १४५ औं मोती जयन्तीको अवसरमा गजल प्रतियोगिता सहित साङ्गेतिक गजल गायन कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको थियो ।

- माघ २ गते कैलालीको लम्की बजारमा समाज सुधार मूलक गजल वाचन कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ४.२ सम्मान कार्यक्रम

सु.प.ग.म.को स्थापना कालदेखि नै गजल विधामा कलम चलाउने गजल स्रष्टाहरूलाई सम्मान गर्दै आएको छ । गजल विधामा निरन्तर लागि पर्ने गजलकारलाई एक वर्षमा एउटा व्यक्तिलाई मात्र सम्मान गरिने व्यवस्था रहेको छ । व्यक्तिलाई सम्मान गर्दा उसको कृतिको मूल्याङ्कन र योगदानको आधारमा सम्मान गर्ने प्रावधान रही आएको छ । जसको सामान्य चर्चा तल प्रस्तुत गरिएको छ :-

### ४.२.१ गजल साधना सम्मान पुरस्कार

वि.सं. २०६० भाद्र १० गते सु.प.ग.म. को उद्घाटनको दिनमा नै मञ्चकी संस्थापक अध्यक्ष श्रेष्ठ प्रिया 'पत्थर'द्वारा गजल साधना सम्मान पुरस्कारको स्थापना भएको हो । यो पुरस्कार गजल विधामा कृतिगत मूल्याङ्कनको आधारमा प्रत्येक वर्ष दिइने व्यवस्था गरिएको छ । यस पुरस्कारको राशी रु ३००१।- नगद दोसल्ला र सम्मान पत्र रहेको छ । कृति छनौट गर्दा पुरस्कार वितरण गरिने वर्ष भन्दा बढीमा ३ वर्ष अघिसम्मका प्रकाशित कृतिहरूलाई मूल्याङ्कनका लागि स्वीकार गरिने व्यवस्था रहेको छ । यो सम्मान पुरस्कारका लागि यस गजल मञ्चको विधागत सल्लाहकार वा सो व्यवस्था हुन नसके राष्ट्रिय स्तरका तिन जना ख्याती प्राप्त गजलकारहरूलाई मूल्याङ्कन कर्ताको रूपमा रहने व्यवस्था रहेको छ । कृति सङ्कलनका लागि पाँच विकास क्षेत्रमै प्रतिनिधि राखिएको छ । प्रतिनिधिसँग सम्पर्क नभएमा कृतिकार स्वयमले ४ प्रति, कृतिमा गजल साधना सम्मानको लागि मूल्याङ्कनार्थ भनि हस्ताक्षर गर्नु पर्ने छ । यो व्यवस्था चैत्र महिना भित्र मञ्चलाई प्राप्त हुने गरी पठाउनु पर्ने रहेको छ । पुरस्कार विशेष गरी प्रत्येक वर्ष मोती जयन्तीको अवसरमा दिने व्यवस्था भए पनि भनिएको समयमा हुन सकेको देखिदैन । हालसम्म सु.प.ग.म. द्वारा सञ्चालित गजल साधना सम्मान पुरस्कारबाट पुरस्कृत हुने गजलकारहरूको नामावली यस प्रकार रहेको छ :-

| नाम | जिल्ला | गजल सङ्ग्रह | साल |
|---|---|---|---|
| दीर्घराज 'अनुराग' | कैलाली | उनैको यादमा | २०६१ |
| रामप्रसाद साह | बारा | अश्रुपुरित आँखाहरू | २०६२ |
| दीपक 'समीप' | पोखरा | भूगोलभित्र नकोरिएको देश | २०६३ |
| पुष्प अधिकारी 'अञ्जली' | चितवन | स्वप्निल नयन | २०६४ |
| धनराज गिरी | चितवन | ढल्दैन स्वाभिमान कसै गरेपनि | २०६५ |

| | | | |
|---|---|---|---|
| लक्ष्मण थापा | पोखरा | पला पला | २०६६ |
| इश्वर मणि अधिकारी | पोखरा | हृदयको आलाप | २०६७ |

### ४.२.२ गजल रत्न उपाधि सम्मान

सु.प.ग.म. द्वारा प्रत्येक वर्ष गजल विधामा साधनारत स्रष्टाको उच्च मूल्याङ्कन गर्दै गजल रत्न उपाधि सम्मान पुरस्कार प्रदान गरिने व्यवस्था रहेको छ । यस पुरस्कारको राशी रु १००१ (एक हजार एक) गजल रत्न उपाधि सम्मान पत्र र दोसल्ला समेत रहेको छ । यो पुरस्कार विशेष गरी गजल विधामा निरन्तर लागि पर्ने गजल स्रष्टाको मूल्याङ्कन गरी दिइने व्यवस्था रहेको छ । हाल सम्म सु.प.ग.म. द्वारा सम्मानित गजलकारहरू यस प्रकार रहेका छन् :-

| **नाम** | **जिल्ला** | **साल** |
|---|---|---|
| दिव्य सागर 'साउँद' | कैलाली | २०६१ |
| प्रकाश गिरी 'निश्चल' | नेपालगञ्ज | २०६२ |
| देवी पन्थी | विराटनगर | २०६३ |
| अशोक बोहरा 'असीम पीडा' | कैलाली | २०६४ |
| उज्ज्वल जि.सी. | काठमाडौ. | २०६५ |
| खगेन्द्र गिरी 'कोपिला' | नेपालगञ्ज | २०६६ |
| टी.एन. जोशी | कैलाली | २०६७ |

### ४.२.३ अभिनन्दन

सु.प.ग.म.ले गजल विधामा निरन्तर योगदान गर्ने वरिष्ठ गजलहरूलाई अभिनन्दन गर्ने गर्दछ । यो सम्मान हरेक वर्ष कम्तिमा पनि एक जना गजलकारलाई प्रदान गर्ने प्रावधान रही आएको छ । सु.प.ग.म.ले सम्मानित गजलकारलाई अभिनन्दन सम्मान पत्र र दोसल्ला समेतले सम्मानित गर्ने व्यवस्था रहेको छ । यस मञ्चद्वारा हालसम्म सम्मानित गजलकारहरू यस प्रकार रहेका छन् :-

| **नाम** | **जिल्ला** | **साल** |
|---|---|---|
| ज्ञानुवाकर पौडेल | काठमाडौ. | २०६० |
| घनश्याम न्यौपाने 'परिश्रमी' | भैरहवा | २०६० |
| राष्ट्रकवि माधव प्र. घिमिरे | काठमाडौं | २०६० |
| बुद राना | भैरहवा | २०६१ |

| | | |
|---|---|---|
| ललिजन रावल | काठमाडौं | २०६२ |
| रवि 'प्राञ्जल' | काठमाडौं | २०६३ |
| गोविन्द राज 'विनोदी' | नवलपरासी | २०६४ |
| वियोगी बुढाथोकी | काठमाडौं | २०६५ |
| श्रेष्ठ प्रिया 'पत्थर' | कैलाली | २०६५ |
| विजय सुब्बा | काठमाडौं | २०६७ |

### ४.३ साहित्यिक प्रकाशन

सु.प.ग.म. ले स्थापना कालदेखि नै गजल विधासँग सम्बन्धित विभिन्न गजल अङ्कहरू, गजल सङ्ग्रहहरू र क्षेत्रीय भाषामा गजलहरू प्रकाशित गर्दै आएको छ । सु.प.मा गजलको क्षेत्रमा विभिन्न गजलकारहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान गर्ने उद्देश्यले गजलकारहरूका गजल सङ्ग्रहहरू प्रकाशन गरिरहेको छ । यसले गर्दा यस क्षेत्रका विभिन्न गजलकारहरूलाई थप उर्जा प्रदान गर्ने काम गरेको छ ।

वर्तमान समयसम्म सु.प.ग.म. ले गजल सम्बन्धी चार मुखपत्र र २२ भन्दा बढी गजल सङ्ग्रहहरू प्रकाशन गरेको छ । ती कृतिहरूको संक्षिप्त चर्चा यस प्रकार रहेको छ ।

#### ४.३.१ मुखपत्र

सु.प.ग.म.ले यस क्षेत्रमा देखा परेको गजल विधालाई संरक्षण र संवर्द्धन गर्दै आएको छ । सु.प.मा छरिएर रहेका गजल स्रष्टाहरूलाई सङ्गठित पारेर मुखपत्र (गजल प्रवाह) को समेत प्रकाशन गरेको छ । मञ्चले यस क्षेत्रमा लुकेर रहेका गजल प्रतिभाहरूलाई वाह्य क्षेत्रसम्म परिचित बनाउन सफल भएको देखिन्छ । सु.प. क्षेत्रमा हुने गरेका हत्या र हिंसा दमन, शोषण, विकृति विसङ्गति आदि अवस्थाको समेत चित्रण गजल प्रवाहमा गरिएको छ । गजल प्रवाहसँग सम्बन्धित विभिन्न लेख रचनाहरू पनि गजल प्रवाहरूमा प्रकाशित हुँदै आइरहेका छन् । यस्ता लेख रचनाहरूले सामाजिक पक्षमा भने केही हदसम्म जन चेतना फैलाउने कार्य गरेका छन् । सु.प.ग.म. ले स्थापना कालदेखि नै विभिन्न मुखपत्र प्रकाशन गर्दै आएको भए पनि विभिन्न समस्याका कारण आफ्नो लक्ष्य अनुरूप प्रकाशन गर्न सकेको छैन । यसको स्थापना भएको ८ वर्ष पुरा भए पनि हालसम्म ४ अङ्कहरू मात्र प्रकाशन भएका छन् । यति भए पनि यस मञ्चले सु.प. मा रहेका गजल स्रष्टाका प्रतिभालाई गजल प्रवाह मार्फत परिचित गराउन सफल भएको छ ।

सु.प.ग.म. ले गजल प्रवाह वर्ष २ अङ्क ३ लाई सुदूर पश्चिमाञ्चल गजल विशेषाङ्कका रूपमा प्रकाशन गरेको छ । यसमा सम्पूर्ण गजलकारहरूको परिचय खुल्ने गरी र उनीहरूका विचारमा जीवनप्रतिको दृष्टिकोण र गजल सम्बन्धी परिभाषा समेत प्रस्तुत गरिएको छ । सु.प.ग.म द्वारा प्रकाशित मुखपत्र (गजल प्रवाह) को बारेमा सामान्य परिचय यस प्रकार रहेको छ :-

### ४.३.१.१ गजल प्रवाह (अङ्क १)

गजल प्रवाह अङ्क १ को प्रकाशन सु.प.ग.म.ले २०६१ बैशाख असोजमा गरेको हो । यसका सम्पादक मण्डल निम्न अनुसार रहेका छन् :-

| | |
|---|---|
| **प्रधान सम्पादक** | श्रेष्ठ प्रिया 'पत्थर' |
| **कार्यकारी सम्पादक** | टोपेन्द्र शाह 'रसिक' |
| **सह सम्पादक** | धिरज ठकुरी 'त्रिवेणी' |
| " | ऋचा लुइटेल |
| " | लक्की चौधरी |
| **सल्लाहरूकारहरू** | |
| " | ज्ञानु वाकर पौडेल |
| " | घनश्याम न्यौपाने 'परिश्रमी' |
| " | श्रेष्ठ प्रिया 'पत्थर' |

गजल प्रवाह अङ्क १ मा प्रकाशित लेख रचनाहरू यस प्रकार रहेका छन् :-

**क) कार्यपत्र/लेख/समीक्षा**

| **क.सं.** | **शीर्षक** | **लेखक** |
|---|---|---|
| १) | गजलको स्वरूप र वहरको चिनारी तथा नेपाली गजल परम्परा को सङ्क्षिप्त अभिरेखाङ्कन | धनश्याम न्यौपाने 'परिश्रमी |
| २) | सु.प.ग.म.को स्थापना र हालसम्मका गतिविधिहरू | श्रेष्ठ प्रिया 'पत्थर' |
| ३) | के छन्दमा गजल लेख्न सकिन्छ ? | मेघनाथ खनाल 'बन्धु' |
| ४) | उही धर्ती उही आकाशलाई नियाल्दा | टोपेन्द्र शाह 'रसिक' |

**ख) गजलहरू**

| **क.सं.** | **विषय** | **गजलकार** |
|---|---|---|
| (१) | गजल | सुमित्रा वाङ्देल 'चेली' |
| (२) | " | कृष्ण सिंह पेला |
| (३) | " | महानन्द ढकाल |
| (४) | " | प्रेम प्रकाश मल्ल 'मधुकर' |
| (५) | " | ताराभट्ट 'पल्लवी' |
| (६) | " | अब्दुल लतिफ, 'सौक' |

| | | |
|---|---|---|
| (७) | " | कृष्ण राज 'सर्वहारी' |
| (८) | " | रमेश जमाल |
| (९) | " | प्रकाश राजपुरी |
| (१० | " | साधना 'प्रतिक्षा' |
| (११) | " | धन राज गिरी |
| (१२) | " | प्रकट पंगेनी 'शीव' |
| (१३) | " | प्रकाश गिरी 'निश्चल' |
| (१४) | " | ऋचा लुइटेल |
| (१५) | " | असोक बोहरा 'असीम पीडा' |
| (१६) | " | जनप्रिय खनाल |
| (१७) | " | भरत 'रोदन' साउँद |
| (१८) | " | लक्की चौधरी |
| (१९) | " | पुष्कर राज भट्ट |
| (२०) | " | रावल कृष्ण |
| (२१) | " | टी.एन. जोशी 'किशोर' |
| (२२) | " | बासुदेव पाण्डेय |
| (२३) | " | दीपा एर 'उदाशी' |
| (२४) | " | गीता पन्थ |
| (२५) | " | मीन बहादुर थापा 'मिलन' |
| (२६) | " | शिव राज योगी 'आँसु' |
| (२७) | " | कौशिक |
| (२८) | " | नादिर शर्मा |
| (२९) | " | गोपाल आचार्य |
| (३०) | " | अञ्जान विनाडी |
| (३१) | " | डि.वी. क्षेत्री |
| (३२) | " | जे.वी. क्षेत्री |
| (३३) | " | श्रेष्ठ रक्षा 'रोदन' |
| (३४) | " | गणेश पहराइ 'जिगम' |
| (३५) | " | वम वहादुर 'मितभाषी' |
| (३६) | " | तिलक बोहरा |
| (३७) | " | उदास हाउडे |
| (३८) | " | सन्तोष थापा |

| | | |
|---|---|---|
| (३९) | " | काशिराम ढुङ्गाना |
| (४०) | " | श्री हरि |
| (४१) | " | तपेन्द्र शाह 'भावातीत' |
| (४२) | " | जनक कडायत 'निर्दोष' |
| (४३ | " | पुष्प पसेली |
| (४४) | " | गोरख सागर यात्री प्रखर |
| (४५) | " | जयदेव जोशी 'दार्चुला' |
| (४६) | " | यज्ञ विक्रम शाही |
| (४७) | " | लाल जङ्ग भण्डारी |
| (४८) | " | बल वहादुर रावल |
| (४९) | " | कुमार मानु तृषित |
| (५०) | " | दीपक कुँवर 'पूर्णविराम' |
| (५१) | " | अनिता गिरी |
| (५२) | " | धर्मराज जोशी 'ताडित' |
| (५३) | " | सजल वाग्ले |
| (५४) | " | दीर्घराज अनुराग |
| (५५) | " | पुष्प कुमार शाही 'आकाश' |
| (५६) | " | रमेश अधिकारी 'अभागी' |
| (५७) | " | पार्वती ज्ञवाली |
| (५८) | " | सूर्य 'स्नेही' |
| (५९) | " | इन्द्रकुमार श्रेष्ठ |
| (६०) | " | निर्मल ढुङ्गाना |
| (६१) | " | क्षितिज भण्डारी |
| (६२) | " | खगेन्द्र गिरी 'कोपिला' |
| (६३) | " | धिरज ठकुरी 'त्रिवेणी' |
| (६४) | " | इद्रिस सायल |
| (६५) | " | नवीन 'सागर' उपाध्याय |
| (६६) | " | पुष्प अधिकारी 'अञ्जली' |
| (६७) | " | टेक बहादुर ठकुल्ला |

**ग) गजल सम्बन्धी केही तथ्याङ्कहरू**

- सु.प.ग.म.का आजीवन सदस्यहरूको नामावली
- सु.प.ग.म.द्वारा राष्ट्रकवि माधव घिमिरेलाई गरिएको अभिनन्दन पत्र

- गजल साधना सम्मानबारे विशेष जानकारी

- गजल प्रवाह अर्ध वार्षिकबारे विशेष जानकारी

**४.३.१.२ गजल प्रवाह (अङ्क २)**

गजल प्रवाह अङ्क २ को प्रकाशन २०६१ कार्तिक-चैत्रमा भएको थियो । यस गजल प्रवाह अङ्क २ का सम्पादक मण्डल निम्न अनुसार रहेका छन् :-

| | |
|---|---|
| **प्रधान सम्पादक** | अशोक वोहरा 'असीम पीडा' |
| **कार्यकारी सम्पादक** | धिराज 'त्रिवेणी' |
| **सल्लाहकारहरू** | |
| " | ज्ञानु वाकर पौडेल |
| " | घनश्याम न्यौपाने 'परिश्रमी' |
| " | श्रेष्ठ प्रिया 'पत्थर' |

गजल प्रवाह अङ्क २ मा प्रकाशित लेख रचनाहरू यस प्रकार रहेका छन् :-

| क.स. | **शीर्षक** | **नाम** |
|---|---|---|
| (१) | गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजल परम्पराको संक्षिप्त अभिरेखाङ्कन | घनश्याम न्यौपाने 'परिश्रमी' |
| (२) | हिजो र आजका गजलहरू | वियोगी बुढाथोकी |
| (३) | व्यग्र चाँदनी पढेपछि | यज्ञमूर्ति अर्याल |

**ख) गजलहरू**

| **क.स..** | **विधा** | **गजलकारहरू** |
|---|---|---|
| (१) | गजल | प्रकाश राजापुरी |
| (२) | " | धन राज गिरी |
| (३) | " | टोपेन्द्र शाह 'रसिक' |
| (४) | " | सुभाष गौतम |
| (५) | " | वम 'मितभाषी' |
| (६) | " | निर्दोष 'डेविट' |
| (७) | " | पुष्करराज भट्ट |
| (८) | " | दिनेश चौधरी 'संगम' |
| (९) | " | खड्क शाही |
| (१०) | " | आदर्श 'दीप' रावल |

| | | |
|---|---|---|
| (११) | " | नमराज उपाध्याय |
| (१२) | " | डिकेश लामा |
| (१३) | " | आनन्द विक्रम राणा |
| (१४) | " | कुवेर तिमिल्सिना |
| (१५) | " | रमेश जमाल |
| (१६) | " | महानन्द ढकाल |
| (१७) | " | भरत विष्ट 'भावुक' |
| (१८) | " | गोपाल आचार्य |
| (१९) | " | पुष्प शाही 'आकाश' |
| (२०) | " | लोक बहादुर चौधरी |
| (२१) | " | प्रशय प्रशान्त |
| (२२) | " | विनोद शाही 'उदाश हाउडे' |
| (२३) | " | साधना प्रतिक्षा |
| (२४) | " | भरत रोदन साउँद 'पाखे' |
| (२५) | " | रूपा लाओती |
| (२६) | " | दीप सागर पन्त |
| (२७) | " | कृष्ण राज धमला 'अपूर्ण'' |
| (२८) | " | काशीराम ढुङ्गाना |
| (२९) | " | रेणुका महत्तरा |
| (३०) | " | श्याम न्यौपाने |
| (३१) | " | राम प्रसाद शाह |
| (३२) | " | नबीन लोयेमे लाओती |
| (३३) | " | गणेश पहराइ 'जिगम' |
| (३४) | " | तपेन्द्र शाह 'भावातीत' |
| (३५) | " | अमृता ठकुरी |
| (३६) | " | लालजङ्ग भण्डारी |
| (३७) | " | ओवी राज आचार्य |
| (३८) | " | कृष्ण 'उफान' |
| (३९) | " | निरञ्जन बम |
| (४०) | " | दीपा ऐर 'उदाशी' |
| (४१) | " | सेतराज 'संगम' |
| (४२) | " | सीमा 'आभाष' |
| (४३) | " | महेश्वर 'भावुक' |
| (४४) | " | रमेश जोशी 'शिशिर' |
| (४५) | " | ज्योती प्रकाश जोशी |
| (४६) | " | नारायण पौडेल 'मौशम' |
| (४७) | " | निस्तेज |
| (४८) | " | नरेशलाल कुसुम्या |
| (४९) | " | गंगा मैनाली |
| (५०) | " | वी.पी वाग्ले 'सञ्जन' |
| (५१) | " | ओवीराज आचार्य |
| (५२) | " | दीपा ऐर 'उदाशी' |

| | | |
|---|---|---|
| (५३) | ” | धनकुटे कान्छा |
| (५४) | ” | सुरेन्द्र कठरिया |
| (५५) | ” | सोम श्री 'अनुरागी' |

**ग) सु.प.ग.म. सँग सम्बन्धित केही तथ्याङ्कहरू**

- सु.प.ग.म. आजीवन सदस्यहरूको नामावली
- २०६१ को गजल साधना सम्मान , गजल रत्न र गजल वीरको उपाधि पाउने व्यक्तिहरू
- गजल साधना सम्मानबारे विशेष जानकारी
- २०६१ सम्मका सु.प.ग.म.द्वारा प्रकाशित कृतिहरूको सूचि

**४.३.१.३ गजल प्रवाह (अङ्क ३)**

गजल प्रवाह (अङ्क ३) को प्रकाशन २०६२ मा भएको थियो । सु.प.ग.म. द्वारा प्रकाशित अङ्क ३ सुदूर पश्चिमाञ्चल गजल विशेषाङ्कको रूपमा रहेको छ । यसमा रहेका सम्पूर्ण गजलकारहरूको व्यक्तिगत विवरणका साथै जीवनप्रतिको दृष्टिकोण र गजल प्रतिको धारणाहरू प्रस्तुत गरिएको छ । यस गजल प्रवाह अङ्क ३ का सम्पादक मण्डलहरू निम्न अनुसार रहेका छन् :-

| | |
|---|---|
| **प्रधान सम्पादक** | श्रेष्ठ प्रिया 'पत्थर' |
| **कार्यकारी सम्पादक** | टोपेन्द्र शाह 'रसिक' |
| **सह सम्पादक** | धिरज ठकुरी 'त्रिवेणी' |
| ” | पुष्कर राज भट्ट |
| **सल्लाहकारहरू** | |
| ” | ज्ञानु वाकर पौडेल |
| ” | घनश्याम न्यौपाने 'परिश्रमी' |

**क) लेख/भेटवार्ता/ दृष्टिकोण/समीक्षा**

| **क.स.** | **शीर्षक** | **नाम** |
|---|---|---|
| (१) | गजल विधाको प्रवेश लेख्न तथा विकास क्रमः सु.प.को सन्दर्भमा | टोपेन्द्र शाह 'रसिक' |
| (२) | जीवनकै सुन्दरतम् अभिव्यक्ति हो साहित्य | टोपेन्द्र शाह 'रसिक' |
| (३) | गजल र सु.प. गजल मञ्च अन्य विधाका स्रष्टाका दृष्टिमा | प्रधान सम्पादक |
| (४ | गजलबारे आफ्नै कुरा | खनाल मेघनाथ 'बन्धु' |
| (५) | गजलका फूलहरूको भावभूमि खोतल्दा | अपरिचित मान्छे |

**खं) गजलहरू**

| क.सं. | विधा | गजलहरू |
|---|---|---|
| (१) | गजल | ललिजन रावल |
| (२) | " | खुस्बुराज शाही |
| (३) | " | रामलाल जोशी |
| (४) | " | कृष्ण सिंह 'पेला' |
| (५) | " | लक्की चौधरी |
| (६) | " | ऋचा लुइटेल |
| (७) | " | भुवन बोहरा |
| (८) | " | प्रजापति नेगी |
| (९) | " | रमेश जोशी 'शिशिर' |
| (१०) | " | अमृता ठकुरी |
| (११) | " | शिवराज योगी 'आँसु' |
| (१२) | " | लक्ष्मी ओझा |
| (१३) | " | एन. के. जोशी |
| (१४) | " | तपराज विनाडी 'अञ्जान' |
| (१५) | " | दीपा ऐर 'उदाशी' |
| (१६) | " | शुभाष चन्द्र भण्डारी |
| (१७) | " | खगेन्द्र गिरी 'कोपिला' |
| (१८) | " | टेक बहादुर ठकुल्ला |
| (१९) | " | निरञ्जन बम टी.एम. |
| (२०) | " | अशोक कुमार बोहरा 'असीम पीडा' |
| (२१) | " | टिकेन्द्र खड्का 'जलन' |
| (२२) | " | तपेन्द्र शाह 'भावतीत' |
| (२३) | " | दीपा ढकाल 'आँसु' |
| (२४) | " | पुष्कर राज भट्ट |
| (२५) | " | ज्योति प्रकास ज्योति 'निश्चल' |
| (२६) | " | बीर बहादुर चन्द |
| (२७) | " | रमेश जमाल |
| (२८) | " | दिनेश खत्री |
| (२९) | " | रक्षा श्रेष्ठ 'रोदन' |
| (३०) | " | पुष्प शाही 'आकाश' |
| (३१) | " | निर्दोष 'डेविट' |
| (३२) | " | अर्जुन वटाला 'आचल' |
| (३३) | " | रमेश पन्त 'मितबन्धु' |
| (३४) | " | धिरज ठकुरी 'त्रिवेणी' |
| (३५) | " | बल बहादर रावत |
| (३६) | " | कुसुम भट्ट 'अथाह तितिक्षु' |

| | | |
|---|---|---|
| (३७) | " | रावल कृष्ण |
| (३८) | " | आदर्श 'दीप' रावल |
| (३९) | " | मीन बहादुर थापा 'मिलन' |
| (४०) | " | गोविन्द 'शृङ्खला' |
| (४१) | " | बम बहादुर धामी 'मीतभाषी' |
| (४२) | " | रेणुका महतरा |
| (४३) | " | भक्त बहादुर विष्ट 'भावुक' |
| (४४) | " | तिलक बोहरा 'अर्पण' |
| (४५) | " | हेमराज खड्का |
| (४६) | " | बाल कुमारी पौडेल |
| (४७) | " | दीप सागर पन्त 'प्यासी' |
| (४८) | " | छविलाल चौधरी |
| (४९) | " | रोहित ढकाल |
| (५०) | " | प्रेम प्रसाद जैशी 'मायालु' |
| (५१) | " | तारा खनाल 'शुभेच्छु' |
| (५२) | " | लक्ष्मण गौतम |
| (५३) | " | काशी राम ढुङ्गाना 'कुर्लेढुकुर' |
| (५४) | " | सुरेन्द्र कठरिया |
| (५५) | " | शुभाष चन्द्र गौतम |
| (५६) | " | धिरज नाथ |
| (५७) | " | देवेन्द्र रावल |
| (५८) | " | हेम बाबु लेखक 'हेमु' |
| (५९) | " | जय सिंह 'ज्यामी' |
| (६०) | " | गणेश 'क्षितिज' |

**ग) सु.प.ग.म. सँग सम्बन्धित केही तथ्याङ्कहरू**

- सु.प. ग.म.का सल्लाहकार समितिको नामावली
- गजल साधना सम्मानबारे विशेष जानकारी
- रचना पठाउने गजलकारहरूका लागि गजल प्रवाहको विशेष अनुरोध

**४.३.१.४ गजल प्रवाह (अङ्क ४)**

गजल प्रवाह अङ्क ४ को प्रकाशन २०६४ असोज-कार्तिकमा भएको थियो । यस अङ्क ४ का सम्पादक मण्डलहरू निम्न प्रकार रहेका छन् :-

| | |
|---|---|
| **प्रधान सम्पादक** | टोपेन्द्र शाह 'रसिक' |
| **कार्यकारी सम्पादक** | पुष्कर राज भट्ट |
| **सह सम्पादक** | अमृता ठकुरी |

**सल्लाहकारहरू**

| | |
|---|---|
| " | ज्ञानु वाकर पौडेल |
| " | ललिजन रावल |
| " | घनश्याम न्यौपाने 'परिश्रमी' |
| " | श्रेष्ठ प्रिया 'पत्थर' |
| " | वियोगी बुढाथोकी |

यस गजल प्रवाह अङ्क ४ मा प्रकाशित लेख रचनाहरू यस प्रकार रहेका छन् :-

**क) कार्यपत्र/विचार/संकलन**

| **क.स.** | **शीर्षक** | **नाम** |
|---|---|---|
| १) | नेपाली गजल र यसको ऐतिहासिक विकासक्रम | पुष्कर राज भट्ट |
| २) | गजलकार श्रेष्ठ प्रिया 'पत्थर'का दृष्टिमा गजल | घनश्याम 'परिश्रमी' |

**ख) गजलहरू**

| **क.सं.** | **विधा** | **गजलहरू** |
|---|---|---|
| (१) | गजल | ज्ञानु वाकर पौडेल |
| (२) | " | ललिजन रावल |
| (३) | " | खुश्वु राज शाही |
| (४) | " | प्रेम विनोद नन्दन |
| (५) | " | प्रेम प्रकाश मल्ल 'महेन्द्र मधुकर' |
| (६) | " | प्रकाश 'राजापुरी' |
| (७) | " | केशवराज आमोदी |
| (८) | " | राजेन्द्र थापा |
| (९) | " | प्रकाश चन्द 'प्यासी' |
| (१०) | " | धन राज गिरी |
| (११) | " | कृष्ण पनेरु 'वञ्चित' |
| (१२) | " | खगेन्द्र गिरी 'कोपिला' |
| (१३) | " | गोर्खे साइलो |
| (१४) | " | कृष्ण सिंह 'पेला' |
| (१५) | " | शीतल कादम्बिनी |
| (१६) | " | रावल कृष्ण |
| (१७) | " | अशोक वोहरा 'असीम पीडा' |
| (१८) | " | पुष्प अधिकारी 'अञ्जली' |
| (१९) | " | सेतराज 'संगम' |

| | | |
|---|---|---|
| (२०) | ” | रामलाल जोशी |
| (२१) | ” | लक्की चौधरी |
| (२२) | ” | ऋचा लुइटेल |
| (२३) | ” | सरस्वती श्रेष्ठ 'सरु' |
| (२४) | ” | प्रकाश आङ्दम्बे |
| (२५) | ” | अन्जान बिनाडी |
| (२६) | ” | सरस्वती शर्मा |
| (२७) | ” | निस्तेज |
| (२८) | ” | टोपेन्द्र शाह 'रसिक' |
| (२९) | ” | शिवराज योगी 'आँसु' |
| (३०) | ” | दीपसागर पन्त 'प्यासी' |
| (३१) | ” | दीपा ऐर 'उदासी' |
| ३२) | ” | कमल 'विरही' थापा |
| ३३) | ” | खनाल मेघनाथ 'बन्धु' |
| ३४) | ” | अंकुर चन्द |
| ३५) | ” | हेमबाबु 'लेखक' |
| ३६) | ” | वाइ.पी. जोशी 'पथिक' |
| ३७) | ” | प्रेमीनन्दन 'प्यासी' |
| ३८) | ” | धिरज 'त्रिवेणी' |
| ३९) | ” | निरञ्जन वम टी.एम. |
| ४०) | ” | घनश्याम 'लेखक' |
| ४१) | ” | गोविन्द 'श्रृङ्खला' |
| ४२) | ” | रूपा 'कुसुम' |
| ४३) | ” | गोविन्द चौधरी |
| ४४) | ” | रमण पनेरु |
| ४५) | ” | केशवराज शाही |
| ४६) | ” | लक्ष्मी कान्त प्यारेलाल |
| (४७) | ” | वम 'मितभाषी' |
| (४८) | ” | पुष्पकुमार शाही 'आकाश' |
| (४९) | ” | गजल सुमी |
| (५०) | ” | ठाकुर रोदन 'आँसु' |
| (५१) | ” | जनक 'रसिक' |
| (५२) | ” | अमृता ठकुरी |
| (५३) | ” | लक्ष्मण गौतम |
| (५४) | ” | कपिल विवश भट्ट 'कञ्चन' |
| (५५) | ” | गुणाकर पनेरु |
| (५६) | ” | तेजविक्रम शाही 'स्वयात्री' |
| (५७) | ” | वीर बहादुर चन्द |
| (५८) | ” | मीन बहादुर थापा 'मिलन' |

| | | |
|---|---|---|
| (५९) | " | सिद्ध राज ओझा |
| (६०) | " | वेगम थापा 'निश्चल' |
| (६१) | " | दिलमाया गुर्मछान 'दिगु' |
| (६२) | " | हेमन्ती जोशी |
| (६३) | " | सीताराम भट्ट |
| (६४) | " | हरिशरण लामिछाने 'हार्दिक' |
| (६५) | " | कञ्चन 'प्रकृति' |
| (६६) | " | चित्र लेखक 'प्रशान्त' |
| (६७) | " | शंकर सुवेदी |
| (६८) | " | कृष्ण पहारी |
| (६९) | " | रमेश पन्थ 'मितबन्धु' |
| (७०) | " | हस्तनाथ योगी 'संघर्ष' |
| (७१) | " | सिद्धराज जोशी 'प्रभात' |
| (७२) | " | यश तिमिल्सेना |
| (७३) | " | धनराज वि.क. 'आविरल' |
| (७४) | " | प्रविण कुमार वि.सी |
| (७५) | " | सिन्धु चटौत |
| (७६) | " | नन्द बहादुर साउँद |
| (७७) | " | धन विवश कैदी पुनमगर |
| (७८) | " | ओम ओली 'विश्वास' |
| (७९) | " | मीना चन्द |
| (८०) | " | दुर्गा भट्ट |
| (८१) | " | विनोद बहादुर सिंह 'आनन्द' |
| (८२) | " | सागर कुश्मी 'संगत' |
| (८३) | " | एम.के सलेनी |
| (८४) | " | चन्द्र कला जोशी 'रोदन' |
| (८५) | " | भीम प्रसाद भट्टराई |
| (८६) | " | हरिकृष्ण कडायत |
| (८७) | " | ऋषिराज पाण्डेय |
| (८८) | " | शर्मिला पौडेल 'सपना' |
| (८९) | " | सरस्वती तिमिल्सिना 'आभास' |
| (९०) | " | राम विक्रम थापा |
| (९१) | " | गीतासिंह ठकुरी 'गंगा' |
| (९२) | " | सुस्मिता खनाल 'मुस्कान' |
| (९३) | " | सुन्दर भट्ट |
| (९४) | " | मिलन सम्राट |
| (९५) | " | अस्मिता ठकुरी |
| (९६) | " | इशाहक हुसेन |
| (९७) | " | विनित 'सानु' |
| (९८) | " | आ.जे. 'अविरल' |
| (९९) | " | श्रवण खनाल |

| | | |
|---|---|---|
| (१००) | " | जुनु भट्ट |
| (१०१) | " | हुसेन खाँ |
| (१०२) | " | अनिल उपाध्याय |
| (१०३) | " | विरेन्द्र प्रेमर्षी गिरी |
| (१०४) | " | राधा पाण्डे |
| (१०५) | " | वाशुदेब पाण्डेय 'प्रभाकर' |
| (१०६) | " | एम.टेर्रा 'वास्तविक' |
| (१०७) | " | गंगा 'अभिलाषी' |

**ग) सु.प.ग.म. सम्बन्धी केही तथ्याङ्कहरू**

- सु.प.ग.म. २०६४ का कार्यसमितिको नामावली
- सु.प. बाट निस्कने साहित्यिक पत्रिकाहरूको नामावली
- सु.प.ग.म.द्वारा स्थापना कालदेखि २०६४ सम्मका अभिनन्दन, गजल रत्न उपाधि गजल साधना सम्मानद्वारा सम्मानित गजल स्रष्टाहरूको नामावली
- भाषागत योगदानद्वारा सम्मानित स्रष्टाहरूको नामावली
- गजल साधना सम्मानबारे विशेष जानकारी
- सु.प.ग.म.का आजीवन सदस्यहरूको नामावली

### ४.३.२ गजल सङ्ग्रहहरू

### ४.३.२.१ परिचय

नेपाली साहित्यमा विभिन्न विधाहरू जस्तै गजल विधा पनि वर्तमान समयमा निकै नै लोकप्रिय बन्दै गएको छ । यस विधामा दिन प्रतिदिन नव सिकारूहरू बढी आकर्षित भएको पाइन्छ । परम्परादेखि नै प्रेम प्रसङ्गमा लेखिने गजलहरू हाल आएर समाजमा देखा पर्ने विभिन्न घटना क्रमहरूलाई आधार मानेर सन्देश मूलक भाव प्रस्तुत गरिएको हुन्छ । हाल आएर मूलकका अन्य भागहरूमा झैं. सु.प. क्षेत्रमा पनि गजल विधाको विकास र विस्तारले तीव्र रूप लिएको छ । यसको संरक्षण र संबर्द्धनमा विभिन्न सङ्घसंस्थाहरूमध्ये सु.प.ग.म. ले पनि २२ भन्दा बढी गजल सङ्ग्रहहरू  प्रकाशित गरेको छ । यसै मञ्चद्वारा प्रकाशित गजल सङ्ग्रहहरूको सूचि यस प्रकार रहेको छ [८७]:-

| **क.सं.** | **गजलकार** | **गजल सङ्ग्रह** | **मिति** |
|---|---|---|---|
| (१) | श्रेष्ठ प्रिया 'पत्थर' | आँसुको सौगात | २०६० |
| (२) | खगेन्द्र गिरी 'कोपिला' | व्यग्र चाँदनी | २०६१ |

[८७] सु.प.ग.म.का अध्यक्ष टोपेन्द्र शाहसँग भएको भेट वार्ता अनुसार ।

| | | | |
|---|---|---|---|
| (३) | लक्की चौधरी | सहीदान (थारु भाषामा) | २०६१ |
| (४) | बल ब. रावत 'सानु' | गजलका फूलहरू | २०६१ |
| (५) | मीन ब.थापा 'मिलन' | तिम्रो प्यार र छुटेका आँचल | २०६१ |
| (६) | ऋचा लुइटेल | भावनाको यात्रा | २०६१ |
| (७) | धिरज ठकुरी 'त्रिवेणी' | किनारदेखि किनारसम्म | २०६२ |
| (८) | पुष्कर राज भट्ट | सुनौलो विहानी | २०६३ |
| (९) | तपेन्द्र शाह 'भावतीत' | जून झरेर पातमा | २०६३ |
| (१०) | लक्की चौधरी | अन्तर्भाव | २०६३ |
| (११) | खनाल मेघनाथ 'बन्धु' | गजल यात्रा | २०६४ |
| (१२) | कृष्ण पनेरु 'वञ्चित' | बल्झेर घाउ फेरी | २०६५ |
| (१३) | हर्कमान घर्ती मगर | सद्भावका फूलहरू | २०६५ |
| (१४) | निरञ्जन वम टी.एम | मन बहलाउँदा | २०६५ |
| (१५) | हरिष किरण 'हृदयनुरागी' | विरही र विद्रोही आवाज | २०६६ |
| (१६) | हिक्मत सिंह प्रतीक+ भरत गिरी 'वियोगी' | लाली किरण | २०६६ |
| (१७) | हेमन्ती जोशी | मनहरू जित्न सके | २०६६ |
| (१८) | दीपा ऐर 'उदासी' | घाम छायाँ | २०६६ |
| (१९) | दीपक विरही 'सञ्ज्याल' | काँडामाथिको यात्रा | २०६६ |
| (२०) | जनक जैगार | त्यही आँसु त्यही सिरानी | २०६६ |
| (२१) | केशब महरा 'पवन' | वेदनाका रङ्गहरू | २०६७ |
| (२२) | गणेश 'स्मृति' रोकाया | स्मृतिका छालहरू | २०६७ |

नेपाली साहित्यमा गजल विधाको विकासमा निरन्तर लागि परेको सु.प.ग.म.ले विभिन्न दुई दर्जनसम्म गजल सङ्ग्रहहरू प्रकाशन गरेको छ । यी कृतिहरूको प्रकाशनले गर्दा सु.प.लाई राष्ट्रिय स्तरमा परिचित गराउन सफल भएको छ । सु.प.ग.म.बाट प्रकाशित गजल सङ्ग्रहहरूको बारेमा संक्षिप्त चर्चा तल प्रस्तुत गरिएको छ :-

### ४.३.२.२ **विशेषता**

#### १) **बहर**

कविताका लागि निर्धारित लयलाई छन्द भने जस्तै उर्दू फारसी साहित्यमा छन्दलाई बहर भनिन्छ । नेपाली गजल लेखन परम्पराका मोती राम कालीन गजलहरूमा बहरको राम्रो प्रयोग देखिए पनि वर्तमानका नेपाली गजलहरूले १२ अक्षरे १४ अक्षरे र १६ अक्षरे लय व्यवस्थालाई बढी अंगालेको पाइन्छ ।[८८] त्यसमा पनि नेपाली लोक परम्परामा प्रचलित १४ अक्षरे 'सवाई छन्द' ले अहिलेका गजलहरूलाई बढी प्रभाव पारेको देखिन्छ ।[८९] सु.प.ग.म.ले प्रकाशित गरेका विभिन्न गजल सङ्ग्रहरूलाई हेर्दा धेरैजसो गजलहरूमा बहरको प्रयोग भेटिदैन । यहाँ गजलको संरचना र तत्त्वहरूलाई मात्र समेट्ने प्रयास गरिएको छ । प्रकाशित गजल सङ्ग्रहहरू मध्ये खनाल मेघनाथ 'बन्धु' को **गजल यात्रा** नामक सङ्ग्रह भने शास्त्रीय छन्द र बहरमा लेखिएको सङ्ग्रह हो । उनको गजल सङ्ग्रहमा सबै गजलहरू उर्दू बहर र पिङ्गल छन्दमा लेखिएका छन् । बहरमा लेखिएका गजलहरमा विशेष गरी जन

[८८] देवी नेपाल, पूर्ववत्, पृ.१११ ।

[८९] ऐजन्, पृ.१११ ।

चेतना राष्ट्रियता, मान्छेमा हराउँदै गएको मानवीय प्रवृत्ति, नेताहरूको भ्रष्ट चरित्रका साथसाथै प्राकृतिक सुन्दरताको समेत वर्णन गरिएको छ । उनका बहरमा लेखिएका गजलहरू मध्ये १२ अक्षर सङ्ख्या भएको स्रग्विणी छन्दमा मुतदारिक मसुम्मन सालिम बहरको उदाहरण तल प्रस्तुत गरिएको छ :-

आजको मानव बैशमा मात्तियो
दर्दमा त्रासले अत्ति नै आत्तियो ।

यस **गजल यात्रा** नामक गजल सङ्ग्रहमा गजलकारले केही गजलहरूलाई दोहरीका रूपमा प्रयोग गरेका छन् । यहाँ गजलहरूमा विशेष गरी केटा, केटी र कवि र गजलकारका रूपमा गजलका सेरबाटै दोहरी खेलिएको छ । सु.प.मा गजल वाचन गर्दा दोहरीको प्रयोग यस अघि पनि हुने गरेको थियो । यो क्रम वाचनमै मात्र सीमित रहेको थियो । यस गजल सङ्ग्रहको प्रकाशन पछि गजल वाचन गर्दा दोहरीको प्रयोग गर्ने परम्परामा थप सहयोग पुगेको छ । यस गजल सङ्ग्रहमा केटा र केटीबिच दोहरीको प्रयोग भएका गजलका सेरहरूलाई उदाहरणका रूपमा यस प्रकारले हेर्न सकिन्छ :-

केटा : अंगालोमा हाल्थे सिरानी तिमी हौ
थिए लक्ष्य मेरा लडायौ तिमीले ।
केटी : विचारेँ कुरा यी बनौं युग्म जोडी
सही नै छ वाणी बतायौ तिमीले ।
- खनाल मेघनाथ 'बन्धु'

## २) विषय वस्तु

साहित्यको कुनै पनि विधामा कलम चलाउनु पर्दा विषय वस्तुबिना लेखन अगाडि बढ्न सक्दैन । सहित्यमा विभिन्न विधाहरू मध्ये गजल विधा पनि एक हो । सु.प.ग.म. ले प्रकाशित गरेका विभिन्न गजल सङ्ग्रहहरूमा विशेष गरी समाजमा देखा पर्ने हत्या, हिंसा, भ्रष्टाचार ,विकृति विसङ्गति जस्ता कुराहरूलाई समावेश गरिएको छ । यसैगरी देशमा बढ्दै गईरहेको महँगी, राष्ट्रको पीडा, मान्छे मान्छेबिचको घात अन्तर्घात, आर्थिक राजनैतिक वस्तु स्थिति, धर्म, संस्कृति परम्परा, जातीय उत्थानका लागि गरिने प्रयास र चेतनामूलक सन्देशहरूलाई समावेश गरेर गजलहरू लेखिएका छन् ।

केही गजलहरूमा वेरोजगारीको पीडा, जीवन प्रतिको दृष्टिकोण, राजनेताहरूलाई खबरदारी गर्दै दिइएका चेतावनी, मान्छेको बदलिदो व्यवहार, राजनैतिक बेइमानी का साथै विभिन्न माया प्रितिका अनुभूतिहरूलाई समेत विषय वस्तु बनाएर गजलहरू लेखिएका छन् ।

हिजोसम्म माया प्रेमका वार्तालापमा सीमित रहने गजलहरू वर्तमान समयमा एउटा सीमित घेराभित्र मात्र रहेको पाइदैन । संसरमा देखा पर्ने सत्य तथ्य कुराहरूलाई ढाक छोप नगरी समाजमा देखा परेको थिचोमिचो , वर्तमान परिवेश प्रतिको आशा निराशा प्रस्तुत गर्दै गजलहरू लेखिएका छन् । यससँग सम्बन्धित रहेर निडर, आत्मविश्वासी, लगनशील र इमान्दार व्यक्तिका रूपमा रहेका पुष्कर राज भट्टले आफ्नो गजल सङ्ग्रह **सुनौलो विहानी**मा वर्तमान समयलाई टपक्क टिपेर यस्तो लेखेका छन् :-

मान्छे मान्छेका पीडामा बोल्छ यो कलम
विथितिका अनेक रहस्य खोल्छ यो कलम ।

समयको परिवर्तन सँगसँगै गजलको विषय वस्तुमा समेत परिवर्तन आएको देखिन्छ । १८ औं र १९ औं शताब्दीका मान्छेहरू धर्म, संस्कृति परम्परालाई आ-आफ्नै परम्परा अनुसार मान्दै आउँथे । समाजमा हत्या, हिंसा, लुटपाट जस्ता अनैतिक क्रियाकलापहरू कमै मात्रा हुने गर्थे । वर्तमान समयमा ती मठ, मन्दिर र गुम्बाहरू केवल सजावटका लागि मात्र राखिएका छन् । त्यो धर्म संस्कृति परम्परा लोप हुने अवस्थामा देखिन्छ । जतातत‌ै विकृति विसङ्गति, छाडा प्रवृत्ति, अमानवीय र अभद्र व्यवहारहरू हुने गर्दछन् । ती मठ, मन्दिर र गुम्बाहरू बध सालामा परिणत हुँदैछन् । सु.प.ग.म. द्वारा प्रकाशित गजल सङ्ग्रहरूमा यस्ता विषय वस्तु भएका गजलहरू समेत लेखिएका छन् । विगत र वर्तमान समयको परिवेशलाई दाँजेर विभिन्न फरकहरू देखाउँदै केही गजलहरू लेखिएका छन् । जसको एउटा उदाहरण यस प्रकार रहेको छ :-

भगवानको शरणमा गइन्थ्यो उहिले उहिले
अचेल त मधुशालामा भ्रमण गर्ने जमाना आयो ।
- खगेन्द्र गिरी ‘कोपिला’

वर्तमान समयमा देखा परेको राजनीतिक वस्तु स्थिति हराउँदै गइरहेको राष्ट्रियता, बढ्दै गइरहेको भ्रष्टाचारी प्रवृत्ति, मान्छे मान्छेबिचको दानवीय प्रवृत्ति सत्तामा पुगेपछि रकम कुम्ल्याउने प्रवृत्ति, समयमा र चुनाव सकिए पछि नेताहरूले गर्ने व्यवहार, देशमा देखा पर्ने चाप्लुसी र चाकरी गर्ने प्रवृत्ति र अवसरवादी प्रवृत्ति जस्ता विषय वस्तुमा रहेर गजल सङ्ग्रहहरू प्रकाशित गरिएका छन् । मञ्चद्वारा प्रकाशित अधिकांश गजलहरूमा माथिमा विषय वस्तुलाई आधार मनेका छन् । देशमा भई रहेको राजनीतिक अस्थिरताले समाजमा देखा पर्ने प्रभाव नेता र जनताबिचको सम्बन्ध, चुनाव नजिकिँदै गर्दा नेतामा देखा पर्ने व्यवहार, चुनाव जिती सकेपछि नेतामा आउने परिवर्तन प्रति तिखो व्यङ्ग्य प्रहार गरिएका गजलहरू बढी मात्रामा लेखिएका छन् । यसै विषय वस्तुसँग सम्बन्धित एउटा सेरलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :-

जनता देखेपछि कति लुक्नु हुन्छ तपाई
सामुन्ने पर्दा अति झुक्नु हुन्छ तपाई ।
- पुष्कर राज भट्ट

समाजमा बस्ने मानिस सबै एकै प्रकारका हुदैनन् । कसैसँग अथाह सम्पत्ति रहेको हुन्छ भने कसैसँग साँझ विहान छाक टार्न पनि मुस्किल परेको हुन्छ । यो असमानताले गर्दा मानिसमा द्वन्द्व चर्किएको देखिन्छ । उच्च वर्गले निम्न वर्गलाई अति नै शोषण गरेको देखिन्छ । कसैको आँखाबाट आँसु झरिरहेको समयमा हाँस्नेहरू पनि यहाँ प्रसस्तै भेटिन्छन् । साउनको झरी पर्दा ओत लाग्ने ठाउँ समेत नपाएका निम्न वर्गको आर्थिक अवस्थाले उनीहरूमा मानवीय पीडा, व्यथा र शोषित हुनुपरेको स्थिति, अन्याय र अत्याचारमा पिल्सिनु परेको अवस्था जस्ता कुराहरू समाजमा प्रसस्त मात्रामा भेटिने गर्दछन् । यस्तै परिवेशलाई नै विषय वस्तु बनाएर सु.प.ग.म. द्वारा प्रकाशित गजल सङ्ग्रहहरू लेखिएका छन् । जहाँ सामाजिक जीवनका भोगाईहरू जस्ताको त्यस्तै गजलहरूमा प्रस्तुत गरिएको छ । यसैसँग सम्बन्धित एउटा सेरलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :-

जहाँ कमजोर त्यही मुड्की मान्छेको चाल कस्तो
बुझ्नै गाह्रो दल दलमा भाँसिएको खाल कस्तो ।
- हर्कमान घर्तीमगर

प्रेमिकासँग गरिने वार्तालापबाट देखा परेको गजल विधा आजसम्म आउँदा विभिन्न विषय वस्तुमा रहेर गजलहरू लेखिँदै आएका छन् । आजभोलिका युवा पिढी भने अन्य विषयवस्तुमा भन्दा पनि शृङ्गारिक भाव धारामा बढी कलम चलाएको देखिन्छ । गजलमा कोमल र भावुक शब्दहरू प्रयोग गरेर प्रियसीको रूप, रङ्गलाई अधिक मात्रामा वर्णन गरिएको पाइन्छ । सु.प.ग.म. द्वारा प्रकाशित विभिन्न गजल सङ्ग्रहहरूमा बढी गजलहरू शृङ्गारिक भावमा आधारित रहेका छन् । प्रेमलाई विषय वस्तु बनाएर स्त्रीका वाणीहरू, प्रेमिकासँगका क्रीडा र वार्तालापहरूलाई मध्ये नजर गरेर गजलहरू लेखिएका छन् । गजलहरूमा नजर जुध्दा, अङ्ग छुँदा, अधर चुम्दा अङ्कमाल हुँदा, मिलन र विछोड जस्ता क्षणहरूका भावनाहरू गजलमा लेखिएका छन् । आफ्नी प्रेमिकालाई सम्बोधन गरेर उसको रूप, रङ्ग, व्यवहार हाउभाउ र उसका प्रत्येक अङ्गहरूको सुन्दर वर्णन गरिएको पाइन्छ । केही मिलनका त केही विछोडका गजलहरू समेत भेटिन्छन् । विछोडको समयमा निराश भएर सम्पूर्ण खुसीहरू प्रेमी वा प्रेमिकालाई र सबै आँसु, दुःख आफैले लिने समेतका कुराहरू गजलहरूमा लेखिएका छन् । जसको उदाहरण यस प्रकार रहेको छ :-

आँसु रोदन मलाई नै थुपार, तिमीलाई बहार दिंदैछु
भावना समेटी गजल बनाई, तिमीलाई उपहार दिंदैछु ।
- धिरज ठकुरी त्रिवेणी

**(३) बिम्ब र प्रतीक**

साहित्यमा बिम्ब र प्रतीक भनेको मिठो भाषा हो । यसले भाषालाई परिष्कृत गर्ने गर्दछ । गजलमा बिम्ब र प्रतीकको प्रयोगले इसारा वा सङ्केत गरेर भावलाई अभिव्यक्त गर्ने गर्दछ । बिम्ब अभिधात्मक हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुने गर्दछ । यिनको प्रयोगले भाषामा जटिलता ल्याउने भएकाले सर्व साधारणलाई अर्थ बुझ्न कठिन हुने गर्दछ । सु.प.ग.म. द्वारा प्रकाशित गजल सङ्ग्रहहरूमा प्रतीकको भने अति नै कम मात्रामा प्रयोग भएको देखिन्छ । केही गजलहरूमा बिम्बको चाहिँ प्रयोग भएको पाइन्छ । स्वर्ग, हिमाल, परी, लेह वेशी, सगरमाथा, आकास, वर्षा, खडेरी जस्ता कुराहरूलाई बिम्बका रूपमा प्रयोग गरिएको पाईन्छ । बिम्बको एउटा उदाहरण यस प्रकार रहेको छ :-

चन्द्रमुखी मुहार तिम्रो लामो केशराशी
राखुँ लाग्छ सधैभरि हृदयमा यसरी ।
- निरञ्जन वम 'टी.एम'

गजलहरूका विशेष गरी गन्ध, स्पर्श, समसामयिक, यौन, लोक, परौणिक, वैदिक, ब्रहमाण्ड, प्राकृतिक, स्मृति, शिशु, ग्राम्य, साँस्कृतिक, आलङ्कारिक, क्रान्ति र प्रणय जस्ता विभिन्न बिम्बहरूको प्रयोग भएको पाइन्छ । बिम्बको प्रयोग भएको एउटा अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ :-

यहाँ कसाई नै सदाचारी ओ हो !
राम नाम जप्ने दुराचारी ओ हो !

- धिरज ठकुरी 'त्रिवेणी'

यस मञ्चद्वारा प्रकाशित गजलहरूमा बिम्बको अधिक मात्रामा प्रयोग भए पनि प्रतीकको खासै प्रयोग भएको पाइदैन । प्रकाशित यिनै गजल सङ्ग्रहहरूबाट प्रतीकको उदाहरण यस प्रकार रहेको छ :-

गर्मी चढ्दा शितल दिने पीपल पनि ढली गयो
साँचिएका आशाहरू डढेँलोमा जली गयो ।

- हर्कमान घर्ती मगर

यसैगरी तलको सेरमा पनि सयपत्री र मखमली फुलसँग मनलाई प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । फेरि सयपत्री र मखमली फुल झैं मन पनि फुल्नु पर्छ भन्ने प्रतीकात्मक प्रस्तुति रहेको छ । जस्तै :

सयपत्री र मखमली झैं मनहरू फुल्नु यहाँ
घर आँगनमा खुसीयाली सँधैभरि डुल्नु यहाँ ।

- दीपा ऐर 'उदासी'

**४) अलङ्कार**

अलङ्कार भन्नाले आभूषण, सजावट वा सजाउने प्रक्रिया भन्ने बुझिन्छ । यसको प्रयोग शब्द र अर्थ दुवैलाई सजाउने उपकरणका रूपमा हुने गर्दछ । साहित्यमा यसको अर्थ रसिला, रमाइला, चमत्कार र आकर्षक शब्द संयोजनद्वारा साहित्यलाई सजाउने पार्नु हो । यसको प्रयोगले भाषामा मिठास थप्ने काम गर्दछ । अलङ्कारले थोरै शब्दमा धेरै कुरा व्यक्त गर्न सहयोग गर्दछ । कुनै पनि विषय वस्तुलाई बढाइ चढाइ गर्नु, उपमा दिनु, तुलना गर्नु आदि काममा सहयोग गर्ने गर्दछ । सु.प.ग.म.द्वारा प्रकाशित गजल सङ्ग्रहहरूमा अलङ्कारको बढी प्रयोग भएको पाइन्छ । गजललाई बढी प्रभावकारी बनाउन उपमा, रूपक, अतिशयोक्ति सम्भावना र उत्प्रेक्षा जस्ता विभिन्न अलङ्कारहरूको प्रयोग भएको पाइन्छ । यहाँ गजलहरूमा प्रेमीको रूपलाई अप्सरा र चन्द्रमासँग तुलना गरिएको छ । सामान्यतया नारीको सुन्दरता, सामाजिक, आर्थिक राजनीतिक वस्तु स्थितिलाई समेत बढाइ चढाई गरेर गजलमा मिठास थप्ने गरेको पाइन्छ । सु.प.ग.म.द्वारा प्रकाशित गजल सङ्ग्रहहरूबाट नै उपमा अलङ्लकारको उदाहरण तल प्रस्तुत गरिएको छ :-

हिरा मोती सून जस्ती मेरी प्रिय थोपा
पूर्णिमाकी जून जस्ती मेरी प्रिय थोपा ।

- गणेश 'स्मृति' रोकाय

मञ्चद्वारा प्रकाशित केही गजहरूमा श्लेष अलङ्कारको समेत प्रयोग भएको पाइन्छ । गजलमा एउटा शब्दले अनेक अर्थ दिने शब्दहरू प्रयोग गरिएका सेरहरू समेत पाइन्छ । जहाँ सोझो रूपमा एउटा अर्थ दिए पनि त्यसभित्र अनेक अर्थहरू लुकेर बसेका हुने गर्दछन् । श्लेष अलङ्कारको उदाहरण यहाँ प्रस्तुत गरिएको छ :-

कोइलीले गाउने भाका फेरिएछ अचेल
कर सम्झी गाइदिन्छन् कण्ठ सेरिएछ अचेल
- हेमन्ती जोशी

यसैगरी मञ्चद्वारा प्रकाशित केही गजलहरूमा भने अतिशयोक्ति अलङ्कारको समेत प्रयोग भएको पाइन्छ । सामान्यतया गजलहरूमा सामान्य कुराहरूलाई बढाई चढाई गरेर पनि मिठास थपेको पाइन्छ । नारीको सुन्दरता मानवीय व्यवहार, जवानीको उन्माद, विछोडको पीडा, सुनसान रात, प्राकृतिक, आँसु , हाँसो, जस्ता कुराहरूलाई बढी नै बढाई चढाई गरिएका गजलहरू पाइन्छन् । अतिशयोक्ति अलङ्कारको एउटा उदाहरण निम्न प्रकारले तल प्रस्तुत गरिएको छ :-

निर्मोही कै सम्झनामा फेरि मुटु हलचल भयो
आँसु भऱ्यो परेलीमा बगेर फेरि भल भयो ।
- मीन बहादुर थापा 'मिलन'

**५) भाषा शैली**

भाषा भनेको गजलको संरचना हुने माध्यम हो भने शैली भनेको व्यक्त गर्ने तरिका हो । गजलले अभिव्यक्त गर्ने अर्थ पाठकहरूलाई भाषाकै माध्यमबाट सुनेर पत्ता लगाउने गर्दछन् । गजलमा मिठास ल्याउनका लागि प्रयोग गरिने बिम्ब, प्रतीक, अलङ्कार, भाव, कल्पनाहरू पनि भाषाकै माध्यमद्वारा व्यक्त गरिन्छन् । त्यस्तो व्यक्त गर्ने तरिका वा शैलीले झनै गजल वाचनमा सुन्दरता थप्ने काम गर्दछ । सु.प.ग.म.द्वारा प्रकाशित गजल सङ्ग्रहहरूमा विशेष गरी सामान्य र सरल भाषाशैलीको प्रयोग पाइन्छ । केही गजलहरूमा भने स्थानीय बोलचालको भाषा समेत प्रयोग गरिएको छ । गजलहरूमा तत्सम, तद्भव, आगन्तु र स्थानीय नेपाली शब्द कै बढी प्रयोग भएको छ । केही केही गजलहरूमा उखान र तुक्काको समेत प्रयोग पाइन्छ । गजलहरूमा तेरो, तिमी, ऊ, उनी, त्यो, तिनी जस्ता सर्वनामको समेत प्रयोग भएको देखिन्छ । कतै कतै गजलहरूमा भने भाषाशैली प्रौढ र माझिएको समेत रहेको छ । काला काला केश, साग र सिस्नु, नेपाल आमाका लाम्टा, पसिनाको खोली जस्ता झर्रा नेपाली जन जिब्रोमा बोलिने भाषा समेत पाइन्छ । आफ्नै गाउँ वेशी र घर आँगनीमा बारम्वार प्रयोग गरिने स्थानीय शब्दहरू जस्तै बाइजाउँ, सालिज्यू, क्या, डल्याको, मायाजाल, जुराई, किन्नु जस्ता शब्दहरू प्रयोग गरेर पनि गजलहरू लेखिएका छन् । स्थानीय शब्द र भाषामा नै लेखिएको गजलको एउटा उदाहरण तल प्रस्तुत गरिएको छ :-

फेरि फर्कि आउन्ना क्या, उही पुराना साल
आज भोलि दुर-दुरै भयाउँ, साइको  विग्रयो चाल ।
- बल ब. रावत 'सानु'

यस मञ्चद्वारा प्रकाशित विभिन्न गजलहरूमा विशेष गरी प्रयोग भएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूले पनि गजलहरूलाई रोचक बनाउने भएकोले यिनीहरूको बढी मात्रामा प्रयोग भएको पाइन्छ । यस्ता शब्दहरूले गजलहरूलाई सरल, सरस, सहज र सुबोधगम्य बनाएको छ । यसको उदाहरण तल प्रस्तुत गरिएको छ :-

मन्दिरमा जल दिन्छन् चोखो रहोस् मन भनि
कर्म गर्छन् मान्छेहरू मनमा पारि कालो छाप ।

- हरिष किरण 'हृदयानुरागी'

सामान्यतया गजलहरूमा उखान र तुक्काको प्रयोगले गजलको शाब्दिक अर्थ नभएर विशिष्ट, सुत्रात्मक र अभिव्यञ्जनात्मक अर्थ दिने गर्दछ । उखानले कुनै घटना, कथा वा मानवीय अनुभवसँग जोडेर साङ्केतिक अर्थ दिने गर्दछ । गजलहरूमा कतै कतै मुखमा राम राम बगलीमा छुरा, छेपारोले रङ्ग फेर्नु, काग कराउँदै गर्छ पिना सुक्दै छ, मन मिल्नु, बचन लगाउनु, आँखामा पार्नु, साथ छोड्नु जस्ता उखान र तुक्काहरू प्रयोग गरिएका छन् । उखानको प्रयोग गरिएको गजलको एउटा उदाहरण यस प्रकार रहेको छ :-

छेपारोको बनावटी रङ्ग फेर्न जान्या छैन
विश्वास गर पिरतीको रास दिन्छु प्रियसीलाई ।

- गणेश 'स्मृति' रोकाय

### ४.३.२.३ संरचना

सु.प.ग.म.द्वारा प्रकाशत विभिन्न गजल सङ्ग्रहहरूलाई हेर्दा गजलको संरचनाभित्र रहेर नै गजलहरू लेखिएका छन् । यसको सामान्य चर्चा तल प्रस्तुत गरिएको छ :-

#### १) सेर

निश्चित प्रकारको अनुप्रास, लय वा छन्दमा बाँधिएको दुई पङ्क्तिको भाग नै सेर हो । यसको शाब्दिक अर्थ केश वा कपाल तथा स्वास्नीमान्छे भन्ने हुन्छ ।[९०] गजलको सेर सङ्ख्या यत्ति नै हुनुपर्छ भन्ने अनिवार्यता भने छैन । यसको सङ्ख्याको बारेमा विभिन्न विद्वान्हरूमा एक मत भने देखिँदैन । सु.प.ग.म. द्वारा प्रकाशित गजल सङग्रहहरूमा चार देखि छ सेरसम्मका गजलहरू भेटिन्छन् । गजलकार खगेन्द्र गिरी 'कोपिला'को गजल सङ्ग्रह **ब्यग चादनी**मा भने चारदेखि एघार सेरसम्मका गजलहरू रहेका छन् । यसलाई मतला, मकता र गजलको मध्ये भाग गरेर तिन भागमा विभाजन गरिएको छ । यिनीहरूको मेलबाट नै गजलले पूर्ण आकार लिने गर्दछ । यसरी गजल लेखनका सन्दर्भमा सेर भन्नाले गजलका दुई हरफहरूलाई बुझिन्छ । एउटा सेरको उदाहरण तल प्रस्तुत गरिएको छ :-

के भो ? किन भो ? नसोध यो दुःखी परानीलाई
आगो कसरी निभ्यो ? के था खरानीलाई ।

- खगेन्द्र गिरी 'कोपिला'

#### २) काफिया

गजलको मतला र गजलको हरेक सेरको दोस्रो पङ्क्तिमा आउने तुकान्त शब्दलाई काफिया भनिन्छ । रदिफ भएका गजलहरूमा भने काफिया रदिफको अगाडि आउने गर्दछ । यो गजलको अनिवार्य तत्त्व हो । काफियाले गजलको विधागत पहिचान गराउँदै भाव र

[९०] कृष्णहरि बराल, पुर्ववत्, पृ.१० ।

शिल्प पक्षलाई समेत अत्यन्त रोचक बनाएको हुन्छ ।[९१] काफियाबिना गजलको निर्माण हुन सक्दैन् । काफिया पूर्ण र आंशिक गरी दुई प्रकारको हुने गर्दछ । स्वर र व्यञ्जनको एक रूपता भएका काफियाहरू पूर्ण काफिया हुन् । मऱ्यो तऱ्यो, सऱ्यो झऱ्यो, गऱ्यो पऱ्यो जस्ता शब्दहरू एक अर्कामा स्वर र व्यञ्जनको एक रूपता रहेको छ । जुन गजलमा स्वर र व्यञ्जन एउटालाई मात्र ख्याल गरिएको हुन्छ । त्यसलाई आंशिक काफिया भानिन्छ । बैशालु, मायालु, सिपालु, लजालु जस्ता शब्दहरूमा स्वर र व्यञ्जनमा एकरूपता छैन । सु.प.ग.म.द्वारा प्रकाशित विभिन्न गजल सङ्ग्रहहरूमा काफियाको सुन्दर प्रयोग भएको देखिन्छ । मञ्चद्वारा प्रकाशित अधिकांश गजलहरूमा पूर्ण काफियाको प्रयोग भेटिन्छ । पूर्ण काफियाको उदाहरण यस प्रकार रहेको छ :-

सजिलो छैन हाम्रो यो बाटो जिन्दगीको
लुकेको नै हुन्छ कुनै पाटो जिन्दगीको ।

- ऋचा लुइटेल

केही गजलहरूमा भने आशिक काफियाको पनि प्रयोग भएको पाइन्छ । जसको उदाहरण यस प्रकार रहेको छ :-

नयाँ देश नयाँ भेष, नयाँ नयाँ भाकाहरू
काम उस्तै चल्ती उस्तै, उस्तै हेर्ने आँखाहरू ।
- हरित किरण 'हृदयनुरागी'

माथिको काफियामा भने स्वर वा व्यञ्जनमा एक रूपता भएको पाईदैन । त्यसैले पनि यो आशिक काफिया भएको हो ।

**३) रदिफ**

गजलको पहिलो सेरको दुवै पङ्क्ति र अन्य सेरको दोस्रो पङ्क्तिको अन्तमा दोहोरिने शब्द वा पदावली नै रदिफ हो । रदिफको प्रयोग काफियाको पछाडि हुने गर्दछ । गजलमा रदिफ एक अक्षरको पनि हुने गर्दछ । केही गजलहरूमा भने आधा भन्दा बढी पङ्क्ति रदिफका रूपमा आउने गर्दछन् । रदिफलाई अनिवार्य तत्त्वका रूपमा लिइदैन् । जुन गजलमा रदिफको प्रयोग भएको हुन्छ त्यस्तो गजललाई मुरद्दफ गजल भनिन्छ । सु.प.ग.म.द्वारा प्रकाशित अधिकांश गजलहरूमा रदिफको प्रयोग पाइन्छ । यसै मञ्चद्वारा प्रकाशित गजलहरू मध्ये रदिफ प्रयोग भएको गजललाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :-

हाई हाई छ जीवन तिम्रो जवानी मस्त मस्त
छाती छ अटल तिम्रो आँखाको नानी मस्तमस्त ।
- मीन ब. थापा 'मिलन'

[९१] देवी नेपाल र अन्य, पुर्ववत्, पृ.१० ।

केही गजलहरूमा भने रदिफको प्रयोग भएको पाइदैन । गजलहरूमा सोझै काफियाले नै सेरलाई अन्त्य गरेको हुन्छ । यो विना पनि गजलको सिर्जना हुने गर्दछ । यस्ता गजलहरूलाई गैर मुरद्दफ गजल भनिन्छ । सु.प.ग.म.द्वारा प्रकाशित केही गजल सङ्ग्रहहरूमा भने रदिफको प्रयोग भएको पाइदैन । तल प्रस्तुत गरिएको उदाहरण भने रदिफको प्रयोग भएको देखिँदैन । जस्तै :-

जेहोर जाइता नजर मोर, ओहर देख्थु दुःखै दुःख
का जन्म देहल भगवान, कवु नै मिलन सुखै सुख ।
- लक्की चौधरी

गजलमा रदिफलाई पनि शब्द प्रयोगको अवस्थाका आधारमा पदमूलक, पदावलीमूलक र वाक्यात्मक गरी तिन प्रकारले प्रयोग गरिन्छ । जुन गजलहरूमा काफिया पछि एउटा मात्रै पद रदिफका रूपमा आएको हुन्छ । त्यसलाई पदमूलक रदिफ भनिन्छ । काफिया पछि दुई वा दुई भन्दा बढी शब्दहरू रदिफका रूपमा आएका छन् भने त्यसलाई पदावलीमूलक रदिफ भनिन्छ  तर गजलमा एउटा वाक्य नै रदिफको रूपमा प्रयोग भएको छ भने त्यसलाई वाक्यात्मक रदिफ भनिन्छ । सु.प.ग.म.द्वारा प्रकाशित गजलहरूमा पदमूलक, पदावलीमूलक र वाक्यात्मक गरी तिनै प्रकारका शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।  यसै मञ्चद्वारा प्रकाशित गजलहरू मध्येबाट एउटा वाक्य नै रदिफको रूपमा प्रयोग भएको सेरको उदाहरण तल प्रस्तुत गरिएको छ :-

आँखा बने पानी पानी तिमी छुटी जाँदाको दिन
दिल जलेर भो खरानी तिमी छुटी जाँदाको दिन ।
- तपेन्द्र शाह 'भावतीत'

**४) तखल्लुस**

गजलकारले मकतामा प्रयोग गरेको 'नाम' वा 'उपनाम' लाई तखल्लुस भनिन्छ । तखल्लुस गजलमा द्वयर्थक बनेर आएको हुनुपर्छ ।[९२] यदी गजलमा तखल्लुसले दोहोरा अर्थ दिदैन भने यसको प्रयोग व्यर्थ हुने गर्दछ । प्राचीन समयमा पहिलो सरेमा नै यसको प्रयोग भएको जानकारी पाइन्छ ।[९३] आजभोलिका गजलहरूमा मकतामा तखल्लुसको प्रयोग  पाइन्छ । सु.प.ग.म.द्वारा प्रकाशित गजल सङ्ग्रहहरूमा तखल्लुस विशेष गरी मकता मै प्रयोग भएको भेटिन्छन् । धेरै जसो गजलहरूमा तखल्लुसको प्रयोग पाइदैन । तखल्लुसले दोहोरो अर्थ दिने भए पनि केही गजलहरूमा दोहोरो अर्थ दिएको र केहीमा भने गजलकारको उपनाम मात्रै जोड्ने काम भएको देखिन्छ । यस मञ्चद्वारा नै प्रकाशित गजलहरूबाट मकताको अन्तिम पङ्क्तिमा तखल्लुस प्रयोग भएको उदाहरण यहाँ प्रस्तुत गरिएको छ :-

कहिले काँहि विगतलाई फर्केर हेरेपछि
'भरत' जस्तै त्यो मन रोला अलिकति
- भरत गिरी 'वियोगी'

---

[९२] देवी नेपाल, पूर्ववत्, पृ.११० ।

[९३] कृष्णहरि बराल, पूर्ववत्, पृ.४५ ।

केही गजलहरूमा भने तखल्लुसको प्रयोग अन्तिम सेरको पहिलो पङ्क्तिमा पनि प्रयोग गरिएको देखिन्छ । त्यस पङ्क्तिमा आफ्नो उपनाम वा नाम राख्नका लागि पनि मात्रै रहरले तखल्लुसको प्रयोग गरेका हुन्छन् । यसै मञ्चद्वारा प्रकाशित गजलबाट मकताको माथिल्लो पङ्क्तिमा प्रयोग गरिएको तखल्लुसको उदाहरण यस प्रकार रहेको छ :-

'प्रतीत' लाई रुँदा रुदै आँसुले पुगी सक्यो
आशाको त्यो मिठो फल खुवाउँछ्यौ किन ?
- हिकमत सिंह 'प्रतीत'

# पाँचौ परिच्छेद

## निष्कर्ष

### ५.१ सारांश

सु.प.ग.म. को स्थापना वि.स. २०५९ मा भए पनि यस मञ्चले वैधानिकता भने २०६० भाद्र १० गते प्राप्त गरेको हो । १३८ औं मोती जयन्तीको अवसरमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ देवी प्रसाद ओझाबाट यसको उद्‌घाटन भएको हो । यस मञ्चले स्थापना कालदेखि वर्तमान समयसम्म विभिन्न गजल सङ्‌ग्रहरू प्रकाशन र गजल सम्बन्धी कार्यक्रमहरू गर्दै आएको छ । सु.प.मा छरिएर रहेका गजलकारहरूलाई सबै वर्ग, धर्म, लिङ्‌ग जातजातिहरूलाई बिना भेदभाव मञ्चमा समावेश गर्दै आएको छ । गजल विधामा कलम चलाउने स्रष्टाहरूलाई सम्मान र लेखन कार्यमा प्रेरणा दिँदै गजल विधाको संवर्द्धन र विकासमा निरन्तर लागि परेको छ । **नेपाली गजलको विकासमा सुदूर पश्चिमाञ्चल गजल मञ्चको योगदान** शीर्षकको शोधपत्रमा सु.प.ग.म को विकास प्रक्रिया, वरिष्ठ गजलकारहरूको सम्मान र गजल सम्बन्धी विविध किसिमका साहित्यिक क्रियाकलापहरूको बारेमा अध्ययन गरिएको छ । यस शोधपत्रमा ५ परिच्छेदहरू रहेका छन् । ती प्रत्येक परिच्छेदहरूमा आवश्यकता अनुसार थप उपशीर्षक राखिएको छ ।

**नेपाली गजलको विकासमा सुदूर पश्चिमाञ्चल गजल मञ्चको योगदान** शीर्षकको प्रस्तुत शोधपत्रमा पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यस भित्र शोध परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्‌कन, शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा गजलको सैद्धान्तिक परिचय, गजलको व्युत्पत्ति र अर्थ, परिभाषा, गजलको संरचना, गजलका तत्त्वहरू, शास्त्रीय लय (बहर) र गजल परम्पराको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा सु.प.ग.म.को स्थापना र परिचय, मञ्चको कार्यालय र कार्यक्षेत्र, सङ्‌गठनात्मक स्वरूप, विकास प्रक्रिया, सु.प.ग.म.को स्थापनाका उद्देश्यहरू, आर्थिक अवस्था, सु.प.मा गजलको विकास प्रक्रिया प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा सु.प.ग.म.का साहित्यिक क्रियाकलापहरू, सम्मान कार्यक्रम, साहित्यिक प्रकाशन र सु.प.ग.म.बाट प्रकाशित गजलहरूको सामान्य विवेचनाको बारेमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेदको निष्कर्ष शीर्षकमा शोधकार्यको सम्पूर्ण निचोड प्रस्तुत गरिएको छ । यस नेपाली गजलको विकासमा सु.प.ग.म.को योगदान शीर्षकको शोधपत्रमा यस मञ्चले सु.प.का सम्पूर्ण गजलकारहरू लगायत देशका विभिन्न भु-भागमा रहेका गजलकारहरूलाई गरेको सम्मान र यसले दिएको योगदानको व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.२ प्राप्ति

यस मञ्चले गरेको समग्र योगदानलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ ।

### क) साझा मञ्च

यस मञ्चले सु.प.मा गजल विधाका जुनसुकै वर्ग, धर्म लिङ्गका स्रष्टाहरूलाई बिना भेदभाव मञ्चमा सहभागी गराउने गर्दछ । विभिन्न गजलकारहरूका भावनाहरूलाई आदान प्रदान गर्ने साझा मञ्चका रूपमा सु.प.ग.म.स्थापित हुन पुगेको छ । विभिन्न भाषामा लेखिएका गजल सङ्ग्रहहरूलाई प्रकाशित गर्ने गरेको देखिन्छ । यस मञ्चले गजलकारहरूमा लुकेर रहेको प्रतिभाहरूलाई प्रस्फुटन गर्ने अवसर प्रदान गरेको छ । यसले विभिन्न क्षेत्रमा रहेका गजलकार र तिनका रचनाहरूलाई एकत्रित गर्ने कार्य समेत गरेको हुँदा सु.प.ग.म. साझा मञ्चका रूपमा रहेको छ ।

### ख) गजल स्रष्टाको सम्मान

सु.प.ग.म.ले यस क्षेत्रका गजलकारहरूलाई गजल लेखन तर्फ प्रेरणा प्रदान गर्नुका साथै निरन्तर लागि पर्नमा हौसला प्रदान गर्न स्रष्टाको सम्मान गर्ने गर्दछ । यो सम्मान हरेक वर्ष एक एक जनालाई प्रदान गर्ने गर्दछ । यस मञ्चले स्थापना कालदेखि नै गजल रत्न उपाधि, गजल साधना, वरिष्ठ गजलकारलाई अभिनन्दन जस्ता कार्यहरू गर्दै आएको छ । यी सम्मानहरू विशेष गरी स्रष्टाको गजल सङ्ग्रहको मूल्याङ्कन, गजल विधामा निरन्तर योगदान गरे वापत सम्मान गर्ने गर्दछ ।

### ग) कृति प्रकाशन

सु.प.ग.म.ले विभिन्न गजलकारहरूलाई एकत्रित गरी तिनीहरूका गजलहरूलाई सङ्ग्रह मार्फत प्रकाशन गर्ने कार्य गरेको छ । यस मञ्चले गजल प्रवाह १ देखि ४ अङ्क र दुई दर्जनसम्म गजल सङ्ग्रहहरू प्रकाशन गरेको देखिन्छ । यस कार्यले नव स्रष्टाहरूलाई गजलप्रति आकर्षण र लेखन प्रति हौसला बढ्ने गरेको छ । यसको परिणाम स्वरूप गजलकारहरू गजल विधातर्फ थप जागरूप हुने देखिन्छन् । यसरी गजल सम्बन्धी विभिन्न गजल अङ्क र गजल सङ्ग्रहहरू प्रकाशन गरी नेपाली गजल विधामा ठुलो योगदान पुऱ्याएको छ ।

### घ) क्षेत्रीय भाषाको संरक्षण

सु.प.ग.म.ले नेपाली भाषामा मात्र नभएर थारू भाषामा गजलकार लोक बहादुर चौधरी 'लक्की' को गजल सङ्ग्रह प्रकाशित गरेको छ । गजलकार वीर बहादुर चन्दले डोटेली भाषामा गजल सङ्ग्रह समेत प्रकाशित गरेका छन् । क्षेत्रीय भाषामा गजल विधामा कलम चलाए वापत यिनी दुवै स्रष्टाहरूलाई भाषागत योगदान सम्मान प्रदान गरेको छ । यस मञ्चले प्रकाशित गजल प्रवाह अङ्क ४ मा चित्र लेखक प्रशान्तको राना थारू भाषाको गजल, एम के सलेनीको डोटेली भाषामा र प्रकाश राजापुरीको हिन्दी भाषामा समेत गजल प्रकाशित गरेको छ । यसले गर्दा पनि आ-आफ्नै क्षेत्रीय भाषा प्रति कलम चलाउने विभिन्न स्रष्टाहरूलाई हौसला मिलेको देखिन्छ । यस्ता सम्मान र प्रकाशित गजल सङ्ग्रहहरूले यस

क्षेत्रको क्षेत्रीय भाषाको संरक्षण र प्रचार हुने भएकोले नेपाली साहित्यमा ठुलो योगदान पुऱ्याएको छ ।

### ङ) साहित्यको माध्यमबाट सामाजिक सुधार

नेपालकै पिछडिएको क्षेत्रका रूपमा रहेको सु.प.को शिक्षा, सामाजिक, आर्थिक, भौगोलिक कारणले समेत पछाडि परेको छ । यसको प्रमुख कारण नै शिक्षा सामन्ती संस्कार, छुवाछुत, रुढीवादी, कुरिती, कुसंस्कार अन्धविश्वास जस्ता कुराहरू रहेका छन् । यसको असर विभिन्न जातजाति, बसोवास गरको समाज र नारीहरूमा पर्न गई समाजमा दविएर वा हेपिएर बस्नुपर्ने अवस्था रहेको छ । छुवाछुतका कारणले समाजमा दिन प्रतिदिन झैं झगडा बढ्दै गइरहेको देखिन्छ । यस मञ्चद्वारा प्रकाशित गजलकारहरूका गजल सङ्ग्रहहरू मार्फत यस्ता विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्दै आएको छ । गजलहरूमा विशेष गरी सामाजिक सुधार र चेतनामूलक सन्देशहरू समेत प्रस्तुत गर्दै वर्तमान समयसम्म निरन्तर रूपमा अगाडि बढी रहेको छ ।

### च) साहित्यिक क्रियाकलापहरू

यस मञ्चले स्थापना कालदेखि हालसम्म गजल सम्बन्धी विभिन्न साहित्यिक क्रियाकलापहरू गर्दै आएको छ । गजलसँग सम्बन्धित रहेर गजलकारहरूको सम्मान, गजल सङ्ग्रहको प्रकाशन र अन्य समयमा समेत विभिन्न क्रियाकलापहरू गर्दै आइरहेको छ । विशेष गरी मोती जयन्ती, मञ्चको वार्षिक उत्सव नव वर्ष र विभिन्न चाडपर्वका अवसरहरूमा गजल गोष्ठी, गजल वाचन, गजल प्रतियोगिता, गजल सम्बन्धी सामान्य जानकारी गराउँदै साहित्यिक क्रियाकलापहरू गर्दै आउने भएकोले यस मञ्चको महत्त्वपूर्ण स्थान रहेको छ ।

समग्रमा भन्दा सु.प.ग.म.ले सु.प.मा छरिएर रहेको समग्र गजलकारहरूलाई सङ्गठित गर्ने गरेको, सु.प.मा गजल विकास र विस्तारमा विभिन्न जात जाति, कला साहित्य, भाषा र संस्कृति अंगाल्दै आएका स्रष्टाहरूलाई एउटै मञ्चमा समाहित गरेको छ । उनीहरूका लेख, रचना र विचारहरूलाई समेट्ने कार्य समेत गरको छ । यसका साथै यस मञ्चले विभिन्न साहित्यिक क्रियाकलाप, कृति प्रकाशन, क्षेत्रीय भाषाको संरक्षण, साहित्यको माध्यमबाट सामाजिक सुधार, गजल स्रष्टाको सम्मान र साझा मञ्चका रूपमा रहेर सु.प. मा ठुलो योगदान पुऱ्याएको र निरन्तर गतिशील अवस्थामा नै अगाडि बढिरहेको छ ।

## ५.३ भावी अध्ययनका लागि शीर्षकहरू

सु.प.ग.म.का बारेमा शोधार्थीले अध्ययन गर्न चाहेको खण्डमा यी शीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन् ।

क) नेपाली गजलको विकासमा गजल प्रवाह पत्रिकाको योगदान

ख) सु.प.ग.म. द्वारा प्रकाशित गजल कृतिहरूको अध्ययन

ग) कैलाली जिल्लाका प्रतिनिधि गजलकार र गजल कृतिहरू

घ) कैलाली जिल्लाको गजल कृतिहरूमा युग चेतना